# सामाजिक तथ्याङ्क
# (Social Statistics)

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
**केन्द्रीय तथ्याङ्क विभाग**
थापाथली, काठमाडौं
साउन २०७९

# सामाजिक तथ्याङ्क
# (Social Statistics)

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
**केन्द्रीय तथ्याङ्क विभाग**
थापाथली, काठमाडौं
साउन २०७९

# हाम्रो भनाई

विगतमा केन्द्रीय तथ्याङ्क विभागको नियमित प्रकाशनहरूमध्ये चौमासिक तथ्याङ्क गतिविधिको तेस्रो अंकमा सामाजिक क्षेत्रसँग सम्बन्धित तथ्याङ्कहरू प्रकाशन हुँदै आइरहेको कुरा हाम्रा पाठकहरू समक्ष जानकारी गराउँदछु । सामाजिक तथ्याङ्कको बढ्दो मागलाई दृष्टिगत गरी २०७२ सालदेखि यहाँहरू समक्ष नयाँ स्वरुपको "सामाजिक तथ्याङ्क पुस्तिका" प्रत्येक आर्थिक वर्षको अन्त्यमा यस विभागको लैङ्गिक तथा सामाजिक तथ्याङ्क शाखाबाट छुट्टै प्रकाशन गर्दै आएको सहर्ष जानकारी गराउन चाहन्छु ।

यस पुस्तिकामा सामाजिक क्षेत्रका विविध विषयहरू जस्तै जनसंख्या, घर तथा घरपरिवारको सुविधामा पहुँच, शिक्षा, स्वास्थ्य, सूचना तथा सञ्चार, खेलकुद तथा मनोरञ्जन, सवारी दुर्घटना, अपराध, वातावरण तथा विपत, श्रम तथा वैदेशिक रोजगार, निजामती कर्मचारी आदि बारेका तथ्याङ्कहरू विभिन्न निकायबाट उपलब्ध भएसम्म प्रादेशिक तहमा संकलन गरी सोको संक्षिप्त विश्लेषण समेत गरेका छौं । प्रकाशन भएका तथ्याङ्कहरू यसका प्रयोगकर्ता तथा पाठकहरूका लागि उपयोगी हुने कुरामा मैले विश्वास लिएको छु ।

यस "सामाजिक तथ्याङ्क २०७९" पुस्तिकाको प्रकाशनको लागि तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने सबै संघसंस्था तथा निकायहरूलाई म धन्यवाद दिन चाहन्छु । यस पुस्तिकाको तयारीको लागि मार्गदर्शन प्रदान गरी सहयोग गर्नुहुने यस केन्द्रीय तथ्याङ्क विभागका उपमहानिर्देशक डा. हेमराज रेग्मीज्यू तथा पुस्तिकाको तयारीमा संलग्न लैङ्गिक तथा सामाजिक तथ्याङ्क शाखामा कार्यरत निर्देशकद्धय कृष्ण तुलाधर र सुरेश बस्न्यात, तथ्याङ्क अधिकृतद्धय ज्योति के.सी. र सुमन्त कुमार यादव तथा तथ्याङ्क सहायक कृष्ण प्रसाद चौलागाईलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, यस पुस्तिका प्रकाशनको सुधार र परिमार्जनको लागि सदाझैं पाठकहरूबाट रचनात्मक सुझाव र सहयोगको अपेक्षा गर्दछु ।

नेविन लाल श्रेष्ठ, महानिर्देशक
केन्द्रीय तथ्याङ्क विभाग
थापाथली, काठमाडौं
साउन, २०७९

# विषय सूचि


**परिच्छेद १: जनसंख्या** **१**

१.१ जनसंख्याको आकार १

१.२ जात/जाति अनुसारको जनसंख्या २

१.३ परिवारमा अनुपस्थित (विदेशमा अक्सर बसोबास गर्ने) जनसंख्या ३

१.४ सामाजिक सुरक्षा भत्ता ४

१.५ कार्यात्मक क्षमतामा कठिनाई ५

**परिच्छेद २: घर तथा घरपरिवारको सुविधामा पहुँच** **७**

२.१ घरपरिवारले बसोबास गर्दै आएको घरको स्वामित्व ७

२.२ घरपरिवारले प्रयोग गरेका घरको बनौटसम्बन्धी विवरण ७

२.३ घरपरिवारको खानेपानीको मुख्य स्रोत १०

२.४ घरपरिवारको खाना पकाउने इन्धनको मुख्य स्रोत १०

२.५ घरपरिवारले प्रयोग गर्ने बिजुली बत्तीको मुख्य स्रोत ११

२.६ घरपरिवारले प्रयोग गर्ने चर्पीको किसिम १२

२.७ घरपरिवारमा रहेका सूचना तथा सञ्चारका सुविधा १२

**परिच्छेद ३: शिक्षा** **१४**

३.१ साक्षरता १४

३.२ विद्यालय शिक्षा १४

३.३ विश्वविद्यालय शिक्षा २२

**परिच्छेद ४: स्वास्थ्य** **२६**

४.१ स्वास्थ्य संस्था २६

४.२ राष्ट्रिय खोप कार्यक्रम २७

४.३ परिवार नियोजनको साधन ३२

४.४ सुरक्षित गर्भपतन सेवा ३४
४.५ पोषण र बाल मृत्यु दर ३४
४.६ राष्ट्रिय स्वास्थ्य विमा ३५
४.७ कोभिड १९ प्रकोप ३६
४.८ रक्त संचार सेवा ३७
**परिच्छेद ५: सूचना तथा सञ्चार ३९**
५.१ दूरसञ्चार सेवा ३९
५.२ पत्र-पत्रिका ४०
५.३ हुलाक सेवा ४१
**परिच्छेद ६: खेलकुद तथा मनोरञ्जन ४३**
६.१ खेलकुद ४३
६.२ चलचित्र ४४
**परिच्छेद ७: सवारी दुर्घटना ४५**
**परिच्छेद ८: अपराध ४७**
**परिच्छेद ९: वातावरण तथा विपद ४९**
९.१ वातावरण ४९
९.२ विपद ५०
**परिच्छेद १०: श्रम तथा वैदेशिक रोजगार ५२**
१०.१ श्रमबजारका प्रमुख सुचक ५२
१०.२ वैदेशिक रोजगारका मुख्या गन्तब्य मुलुक ५३
१०.३ श्रम आप्रवासीहरूको पेशागत वर्गिकरण (महिला र पुरुषको आधारमा) ५४
१०.४ श्रम आप्रवासीको मृत्युको संख्या तथा कारण ५५
**परिच्छेद ११: निजामती कर्मचारी ५७**

# तालिका सूचि


तालिका १.१: भौगोलिक क्षेत्र र प्रदेश अनुसारको जनसंख्या, २०७८ १

तालिका १.२: जनसंख्याको आधारमा मुख्य दश जातजातिहरू (%), २०६८ ३

तालिका १.३: परिवारमा अनुपस्थित (विदेशमा अक्सर बसोबास गर्ने) जनसंख्या, २०७८ ४

तालिका १.४: सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको विवरण, २०७६/७७ ५

तालिका १.५: कार्यात्मक क्षमतामा भएको कठिनाई, २०७५/७६ ६

तालिका २.१: घरको स्वामित्व सम्बन्धी विवरण (%), २०७५/७६ ७

तालिका २.२: घरको भुईको किसिम सम्बन्धी विवरण (%), २०७५/७६ ८

तालिका २.३: घरको छानोको किसिम सम्बन्धी विवरण (%), २०७५/७६ ८

तालिका २.४: घरको गारोको किसिम सम्बन्धी विवरण (%), २०७५/७६ ९

तालिका २.५: घरपरिवारको खानेपानीको मुख्य स्रोत (%), २०७५/७६ १०

तालिका २.६: घरपरिवारको खाना पकाउने इन्धनको मुख्य स्रोत (%), २०७५/७६ ११

तालिका २.७: घरपरिवारले प्रयोग गर्ने विजुली वत्तिको मुख्य स्रोत (%), २०७५/७६ ११

तालिका २.८: घरपरिवारले प्रयोग गर्ने चर्पीको किसिम (%), २०७५/७६ १२

तालिका २.९: घरपरिवारको सूचना तथा सञ्चारका सुविधाहरूमा पहुँच (%), २०७५/७६ १३

तालिका ३.१: पुरुष तथा महिला (उमेर १५–२४ वर्ष) को साक्षरता दर (%), २०७५/७६ १४

तालिका ३.२: विद्यालय एकाइ अनुसार विद्यालय विवरण, २०७७ १५

तालिका ३.३: विद्यालयको तहगत विवरण, २०७७ १५

तालिका ३.४: विद्यालय तहको छात्र छात्राको विवरण, २०७७ १७

तालिका ३.५: विद्यालय तहको शिक्षकको विवरण, २०७७ १८

तालिका ३.६: विद्यालय तहको छात्र छात्राको कुल भर्नादर विवरण, २०७७ १९

तालिका ३.७: विद्यालय तहको छात्र छात्राको खुद भर्नादर विवरण, २०७७ २०

तालिका ३.८: विद्यार्थी विद्यालय अनुपात, २०७७ २१

तालिका ३.९: विधार्थी शिक्षक अनुपात, २०७७ २२

तालिका ३.१०: विश्वविद्यालय/स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूको लिङ्ग अनुसार विद्यार्थी भर्ना विवरण, २०७६/७७ २३

तालिका ३.११: विश्वविद्यालय/स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूको तहगत विद्यार्थी भर्ना विवरण, २०७६/७७ २४

तालिका ३.१२: विश्वविद्यालय/स्वास्थ्य प्रतिष्ठानहरूको संकाय अनुसार विद्यार्थी भर्ना विवरण, २०७६/७७ २५

तालिका ४.१: स्वास्थ्य संस्था, २०७६/७७ २६
तालिका ४.२: स्वास्थ्य संस्थाहरूको तुलनात्मक विवरण २७
तालिका ४.३: राष्ट्रिय खोप तालिका २८
तालिका ४.४: खोप सम्वन्धी विवरण (%), २०७५/७६ २९
तालिका ४.५: वी.सी.जी., पोलियो, डी.पी.टी. र दादुराको खोपसम्वन्धी तुलनात्मक विवरण ३०
तालिका ४.६: टी.डी. खोप सम्बन्धि तुलनात्मक विवरण ३१
तालिका ४.७: परिवार नियोजनका स्थायी र अस्थायी साधनको प्रयोग, २०७६/७७ ३२
तालिका ४.८: परिवार नियोजन साधन प्रयोगकर्ताको तुलनात्मक विवरण (%) ३३
तालिका ४.९: गर्भनिरोधक व्यापकता दर सम्बन्धि तुलनात्मक विवरण (%) ३३
तालिका ४.१०: किशोरीहरू (१०-१९ वर्ष) मा प्राप्त गरेका सुरक्षित गर्भपतनका सेवाहरूको तुलनात्मक विवरण ३४
तालिका ४.११: पाँच वर्ष मुनिका बालबालिकाको पोषणसम्वन्धी विवरण (%), २०७५/७६ ३५
तालिका ४.१२: पाँच वर्ष मुनिका बालबालिकाको बाल मृत्यु दर सम्वन्धी विवरण (प्रति हजारमा), २०७५/७६ ३५
तालिका ४.१३: राष्ट्रिय स्वास्थ्य विमा अर्न्तगत बीमितहरूको प्रदेशगत विवरण, २०७७/७८ ३६
तालिका ४.१४: राष्ट्रिय स्वास्थ्य विमा अर्न्तगत बीमितहरूको लिङ्गअनुसार तुलनात्मक विवरण ३६
तालिका ४.१५: कोभिड-१९ प्रकोप स्थिति विवरण ३७
तालिका ४.१६: रक्त संचार सेवाबाट रगत संकलन र वितरण ३७

तालिका ५.१: मुख्य सेवा प्रदायक कम्पनीहरूबाट प्रदान गरिएको दूर सञ्चार सेवा, फाल्गुन २०७८ ३९
तालिका ५.२: दर्ता भएका पत्रपत्रिकाहरूको स्थिति, २०७६/७७ ४०
तालिका ५.३: दर्ता भएका पत्रपत्रिका सम्बन्धी तुलनात्मक विवरण ४१
तालिका ५.४: हुलाक कार्यालय, धनादेश सेवा तथा वचत वैंकहरूको स्थिति, २०७६/७७ ४१
तालिका ५.५: हुलाक सेवा सम्बन्धी तुलनात्मक विवरण ४२

तालिका ६.१: खेलकुद, २०७६/७७ ४३
तालिका ६.२: चलचित्र हल सम्बन्धी तुलनात्मक विवरण ४४

तालिका ७.१: सवारी दुर्घटनाबाट मानवीय क्षतीको विवरण, २०७७/७८ ४५

तालिका ७.२: सवारी दुर्घटना सम्बन्धी तुलनात्मक विवरण ४५

तालिका ७.३: बिभिन्न ठाँउमा भएको सवारी साधन चोरी विवरण, २०७७/७८ ४६

तालिका ७.४: सवारी साधन चोरी सम्बन्धी तुलनात्मक विवरण ४६

तालिका ८.१: अपराध तथ्याङ्क, २०७७/७८ ४७

तालिका ८.२: बिभिन्न मुद्दामा अभियुक्त पक्राउ संख्या तथा आत्महत्या सम्बन्धी मृत्यु संख्या ४८

तालिका ९.१: फोहोरको प्रकार अनुसार नगरपालिकाको वार्षिक औषत फोहोर संकलन विवरण ४९

तालिका ९.२: बाढी पहिरो र डुवानबाट भएको क्षति विवरण ५०

तालिका ९.३: आगलागीबाट भएको क्षतिको तुलनात्मक विवरण ५१

तालिका १०.१: श्रमबजारका प्रमुख सुचकहरू (पुरुष महिला अनुसार) ५२

तालिका १०.२: श्रमबजारका प्रमुख सुचकहरू (प्रदेश अनुसार) ५३

तालिका १०.३: नेपालको श्रम आप्रवासनका प्रमुख गन्तब्य देशहरू (%) ५३

तालिका १०.४: श्रम आप्रवासीहरूको पेशागत वर्गिकरण (%), २०७५/७६ ५४

तालिका १०.५: श्रम आप्रवासीहरूको पेशागत वर्गिकरण (गन्तब्य मुलुकको आधारमा) (%), २०७५/७६ ५५

तालिका १०.६: आर्थिक वर्षको आधारमा श्रम आप्रवासीको मृत्युको कारण र संख्या, २०७५/७६ ५५

तालिका १०.७: देशगत आधारमा श्रम आप्रवासीका मृत्युको कारण, २०७५/७६ ५६

तालिका ११.१: सेवा अनुसार कार्यरत निजामती कर्मचारीको संख्या, २०७७ ५७

तालिका ११.२ : सेवा अनुसार कार्यरत अप्राविधिक निजामती कर्मचारीको संख्या, २०७७ ५८

तालिका ११.३: सेवा अनुसार कार्यरत प्राविधिक निजामती कर्मचारीको संख्या, २०७७ ५८

# परिच्छेद १: जनसंख्या

## १.१ जनसंख्याको आकार

कुनै पनि देशको निर्धारित भौगोलिक सीमानाभित्र निश्चित समयमा बसोबास गर्ने व्यक्तिहरूको संख्यालाई जनसंख्या भनिन्छ। जनसंख्याको आकार, बनावट र वितरणमा जन्म, मुत्यु र बसाईसराईले असर परिरहेको हुन्छ। वि.सं. २०७८ को राष्ट्रिय जनगणनामा अक्सर बसोबासको सिद्धान्त अवलम्वन गरिएको छ। राष्ट्रिय जनगणना २०७८ नेपालको बाह्रौं र वि.सं. २०७२ सालमा जारी भएको नेपालको संविधान बमोजिमको संघिय प्रणाली पश्चातको पहिलो जनगणना हो। भौगोलिक रुपमा जनसंख्याको असमान वितरण नेपालको जनसंख्याको मुख्य विशेषता मध्ये एक हो। जनसंख्याको व्यवस्थापन चुनौतीपूर्ण रहँदै आएको छ। जनसंख्या व्यवस्थापन सम्बन्धमा राष्ट्रिय जनसंख्या नीति २०७१ तर्जुमा भई कार्यान्वयनमा रहेको छ भने जनसंख्या व्यवस्थापनका विभिन्न कार्यक्रमहरू सञ्चालनमा आएका छन्। तालिका १.१ मा जनसंख्याको आकार सम्बन्धी विवरण प्रस्तुत गरिएको छ।

**तालिका १.१: भौगोलिक क्षेत्र र प्रदेश अनुसारको जनसंख्या, २०७८**

| क्षेत्र | प्रारम्भिक जनसंख्या २०७८ | | | लिङ्ग अनुपात | परिवारको औषत आकार | वार्षिक वृद्धिदर (%) | जनघनत्व (प्रति वर्ग कि.मि) |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | | | | |
| **नेपाल** | २९१९२४८० | १४२९१३११ | १४९०११६९ | ९५.९१ | ४.३२ | ०.९३ | १९८ |
| **भौगोलिक क्षेत्र** | | | | | | | |
| हिमाल | १७७८१०४ (६.१) | ८७७६६६ | ९००४३८ | ९७.४७ | ४.२७ | -०.०२ | ३४ |
| पहाड | ११७४८५४८(४०.२) | ५७२१३२९ | ६०२७२१९ | ९४.९२ | ३.९५ | ०.२९ | १९२ |
| तराई | १५६६५८२८ (५३.७) | ७६९२३१६ | ७९७३५१२ | ९६.४७ | ४.६५ | १.५६ | ४६१ |
| **प्रदेश** | | | | | | | |
| प्रदेश १ | ४९७२०२१ (१७) | २४२५२६६ | २५४६७५५ | ९५.२३ | ४.१३ | ०.८८ | १९२ |
| मधेश प्रदेश | ६१२६२८८ (२१) | ३०७८२२३ | ३०४८०६५ | १००.९९ | ५.१५ | १.२० | ६३६ |
| बागमती प्रदेश | ६०८४०४२ (२०.८) | ३०३३५७४ | ३०५०४६८ | ९९.४५ | ३.८६ | ०.९२ | ३०० |
| गण्डकी प्रदेश | २४७९७४५ (८.५) | ११८०४६० | १२९९२८५ | ९०.८५ | ३.६६ | ०.३० | ११६ |
| लुम्बिनी प्रदेश | ५१२४२२५ (१७.६) | २४५७४८४ | २६६६७४१ | ९२.१५ | ४.४३ | १.२५ | २३० |
| कर्णाली प्रदेश | १६९४८८९ (५.८) | ८२८३०७ | ८६६५८२ | ९५.५८ | ४.५७ | ०.७३ | ६१ |
| सुदूरपश्चिम प्रदेश | २७११२७० (९.३) | १२८७९९७ | १४२३२७३ | ९०.४९ | ४.६२ | ०.५८ | १३६ |

स्रोत: राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा, केन्द्रीय तथ्यांक विभाग।
नोट: कोष्ठमा दिईएको संख्याले % जनाउँछ।

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार नेपालको कूल जनसंख्या २९१९२४८० पुगेको छ, जसमध्ये महिला ५१.०४% र पुरुष ४८.९६% रहेको देखिन्छ। भौगोलिक क्षेत्रअनुसार कुल जनसंख्याको वितरणमा सबैभन्दा बढी तराई क्षेत्रको अंश ५३.७%, पहाडी क्षेत्रको ४०.२% र सबैभन्दा कम हिमाली क्षेत्रको अंश ६.१% रहेको देखिन्छ। प्रदेशगत रुपमा जनसंख्याको वितरण सबैभन्दा धेरै मधेश प्रदेशमा (२१.०%) र सबैभन्दा कम कर्णाली प्रदेशमा (५.८%)

रहेको छ । पुरुष तथा महिलाको जनसंख्याको प्रदेशगत विवरण हेर्दा मधेश प्रदेशमा बाहेक अरु प्रदेशमा पुरुषको भन्दा महिलाको प्रतिशत बढी रहेको देखिन्छ । सबैभन्दा बढी महिलाको प्रतिशत सुदूरपश्चिम प्रदेशमा ५२.५% र सबैभन्दा कम मधेश प्रदेशमा ४९.८% रहेको देखिन्छ ।

हालको राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार लैङ्गिक अनुपात (प्रति १०० महिलामा पुरुषको संख्या) ९५.९१ रहेको छ जुन गत २०६८ जनगणनामा ९४.१६ रहेको थियो । भौगोलिक क्षेत्रअनुसार लैङ्गिक अनुपातमा खासै तात्विक भिन्नता पाईदैन भने  प्रदेशगत रुपमा लैङ्गिक अनुपात सबैभन्दा धेरै मधेश प्रदेशमा (१००.९९) र सबैभन्दा कम सुदुरपश्चिम प्रदेशमा (९०.४९) रहेको छ ।

परिवारको आकार (प्रति परिवार सदस्य संख्या) ४.३२ जना सदस्य रहेको देखिन्छ जुन वि.सं. २०६८ मा ४.८८ थियो । भौगोलिक क्षेत्रअनुसार हेर्दा हिमाली क्षेत्रमा सालाखाला ४.२७, पहाडमा ३.९५ र तराई क्षेत्रमा ४.६५ जना प्रतिपरिवार रहेको देखिन्छ । प्रदेशगत आधारमा परिवारमा औषत सदस्य संख्या गण्डकी प्रदेशमा सबैभन्दा कम (३.६६ जना) र मधेश प्रदेशमा सबैभन्दा बढी (५.१५ जना) रहेको छ ।

नेपालमा वि.सं. २०६८ देखि वि.सं. २०७८ को अवधिमा वार्षिक औषत ०.९३% का दरले जनसंख्या वृद्धि भएको देखिन्छ । उक्त वृद्धिदर हेर्दा हिमाली क्षेत्रमा ऋणात्मक (-०.०२), पहाडी क्षेत्रमा न्यून मात्रामा धनात्मक (०.२९%) र तराई क्षेत्रमा अन्य क्षेत्रको तुलनामा उच्च धनात्मक (१.५६%) वृद्धि देखिन्छ । प्रदेशगत रुपमा वि.सं. २०६८ देखि वि.सं. २०७८ को एक दशकको वार्षिक जनसंख्या वृद्धिदर सबैभन्दा बढी लुम्बिनी प्रदेशमा १.२५% र सबैभन्दा कम गण्डकी प्रदेशमा ०.३०% भएको देखिन्छ । दोस्रो धेरै वार्षिक जनसंख्या वृद्धिदर मधेश प्रदेशमा रहेको छ जसको वृद्धिदर १.२०% छ । अन्य प्रदेशको वार्षिक जनसंख्या वृद्धिदर १.००% भन्दा कम नै रहेको देखिन्छ ।

हाल २०७८ को जनगणनाको प्रारम्भिक नतिजा अनुसार नेपालको जनघनत्व (प्रति वर्ग किलोमिटर क्षेत्रमा बसोबास गर्ने मानिसको संख्या) १९८ पुगेको छ  जुन सबैभन्दा धेरै तराई क्षेत्रमा ४६१ प्रति वर्ग किलोमिटर र सबैभन्दा कम हिमाली क्षेत्रमा ३४ प्रति वर्ग किलोमिटर रहेको छ । प्रदेशगत रुपमा विश्लेषण गर्दा मधेश प्रदेशमा सबैभन्दा बढी ६३६ जना प्रति वर्ग किलोमिटर तथा सबैभन्दा कम कर्णाली प्रदेशमा ६१ जना प्रति वर्ग किलोमिटर मा बसोबास गरेको देखिन्छ ।

## १.२ जात/जाति अनुसारको जनसंख्या

नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार कुल १२५ वटा जात/जातिहरू रहेका छन् । नेपालमा जनसंख्याको आधारमा मुख्य दश जात/जातिहरूमा- क्षेत्री, ब्राहमण (पहाड), मगर, थारु, तामाङ, नेवार, मुसलमान, कामी, यादव र राई रहेको देखिन्छ । नेपालको संविधानले आर्थिक, सामाजिक दृष्टिले पछाडि परेका जातजातिलाई समानुपातिक

समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता गराउने हकको व्यवस्थालाई मैलिक हकमा राखेको छ। ती दश जात/जातिहरूको प्रदेश अनुसारको प्रतिशत विवरण तालिका १.२ मा प्रस्तुत गरिएको छ।

**तालिका १.२: जनसंख्याको आधारमा मुख्य दश जातजातिहरू (%), २०६८**

| जात /जाति | नेपाल | प्रदेश १ | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|---|
| क्षेत्री | १६.६ | १४.८ | २.० | १७.३ | १३.४ | १३.८ | ४१.९ | ४१.५ |
| ब्राहमण(पहाड) | १२.२ | १२.१ | २.४ | १८.३ | २१.५ | १२.५ | ८.४ | १३.० |
| मगर | ७.१ | ४.२ | १.२ | ४.९ | १८.९ | १५.१ | १०.९ | २.२ |
| थारु | ६.६ | ४.१ | ५.३ | १.७ | १.७ | १५.२ | ०.५ | १७.२ |
| तामाङ | ५.८ | ४.७ | २.२ | २०.४ | २.१ | ०.२ | ०.९ | ०.४ |
| नेवार | ५.० | ३.७ | ०.७ | १६.९ | ४.३ | १.४ | ०.३ | ०.३ |
| मुसलमान | ४.४ | ३.६ | ११.६ | ०.७ | ०.७ | ६.९ | ०.२ | ०.२ |
| कामी | ४.८ | ३.३ | ०.६ | २.५ | ८.७ | ६.० | १५.८ | ८.३ |
| यादव | ४.० | १.३ | १४.८ | ०.२ | ०.० | ४.० | ०.० | ०.० |
| राई | २.३ | ११.३ | ०.२ | १.५ | ०.३ | ०.१ | ०.० | ०.० |

स्रोत: राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्यांक विभाग।

नेपालको कुल जनसंख्याको १६.६% क्षेत्री र क्रमश: ब्राहमण (पहाडी) १२.२%, मगर ७.१%, थारु ६.६%, तामाङ्ग ५.८%, नेवार ५.०%, कामी ४.८%, मुसलमान ४.४%, यादव ४.०% र राई २.३% रहेको छ। जातजातिहरूको दुई अंकको प्रादेशिक विवरण हेर्दा प्रदेश नं. १ मा सबैभन्दा बढी प्रतिशत क्षेत्रीको १४.८% र त्यसपछि ब्राहमण (पहाड) १२.१% र राई ११.३% रहेको देखिन्छ। मधेश प्रदेशमा सबैभन्दा बढी यादव १४.८% र त्यसपछि मुसलमान ११.६% रहेको देखिन्छ। बागमती प्रदेशमा सबैभन्दा बढी तामाङ २०.४%, ब्राहमण (पहाड) १८.३%, क्षेत्री १७.३% र नेवार १६.९% रहेको देखिन्छ। गण्डकी प्रदेशमा ब्राहमण (पहाड) २१.५%, त्यसपछि मगर १८.९%, क्षेत्री १३.४% र गुरुङ्ग ११.४% रहेको देखिन्छ। लुम्बिनी प्रदेशमा सबैभन्दा बढी प्रतिशत थारुको १५.२% रहेको छ र मगर १५.१%, क्षेत्री १३.८% र ब्राहमण (पहाड) १२.५% रहेको देखिन्छ। कर्णाली प्रदेशमा क्षेत्री ४१.९%, कामी १५.८%, मगर १०.९% र ठकुरी १०.३% रहेको देखिन्छ। सुदूरपश्चिम प्रदेशमा क्षेत्रीको ४१.५% रहेको छ भने त्यसपछि थारुको १७.२% र ब्राहमण (पहाड) को १३.०% रहेको देखिन्छ।

## १.३ परिवारमा अनुपस्थित (विदेशमा अक्सर बसोबास गर्ने) जनसंख्या

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार जम्मा २१६९४७८ व्यक्तिहरू नेपालको परिवारबाट अनुपस्थित भई अक्सर विदेशमा बसोबास गरेका देखिन्छन् जसमध्ये १७६३३१५ पुरुष (८१.३%) र ४०६१६३ महिला (१८.७%) रहेका छन्।

**तालिका १.३: परिवारमा अनुपस्थित (विदेशमा अक्सर बसोबास गर्ने) जनसंख्या, २०७८**

| क्षेत्र | अनुपस्थित जनसंख्या (प्रारम्भिक) | | | | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | पुरुष (%) | महिला | महिला (%) | जम्मा % |
| नेपाल | २१६९४७८ | १७६३३१५ | ८१.३ | ४०६१६३ | १८.७ | १००.० |
| शहरी | १४५०५६३ | ११६०६७८ | ८०.० | २८९८८५ | २०.० | ६६.९ |
| ग्रामिण | ७१८९१५ | ६०२६३७ | ८३.८ | ११६२७८ | १६.२ | ३३.१ |
| **भौगोलिक क्षेत्र** | | | | | | |
| हिमाल | ११८६१३ | ८१३३७ | ६८.६ | ३७२७६ | ३१.४ | ५.५ |
| पहाड | ९८४८९६ | ७७५२११ | ७८.७ | २०९६८५ | २१.३ | ४५.४ |
| तराई | १०६५९६९ | ९०६७६७ | ८५.१ | १५९२०२ | १४.९ | ४९.१ |
| **प्रदेश** | | | | | | |
| प्रदेश १ | ३३७९०५ | २७९९५३ | ८२.८ | ५७९५२ | १७.२ | १५.६ |
| मधेश प्रदेश | २९५९२३ | २८३४४३ | ९५.८ | १२४८० | ४.२ | १३.६ |
| बागमती प्रदेश | ३९०७४१ | २७२६३६ | ६९.८ | ११८१०५ | ३०.२ | १८.० |
| गण्डकी प्रदेश | २८७४५० | २३८२३० | ८२.९ | ४९२२० | १७.१ | १३.३ |
| लुम्बिनी प्रदेश | ४१५५८८ | ३५९८१२ | ८६.६ | ५५७७६ | १३.४ | १९.२ |
| कर्णाली प्रदेश | ९५०३५ | ७६०७२ | ८०.० | १८९६३ | २०.० | ४.४ |
| सुदूरपश्चिम प्रदेश | ३४६८३६ | २५३१६९ | ७३.० | ९३६६७ | २७.० | १६.० |

स्रोत: राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा, केन्द्रीय तथ्यांक विभाग ।

परिवारमा अनुपस्थित (विदेशमा अक्सर बसोबास गर्ने) कुल संख्यामा शहरी क्षेत्रबाट विदेश जानेहरू ६६.९% छन् भने ग्रामिण क्षेत्रबाट विदेश जानेहरू ३३.1% रहेको छ ।

भौगोलिक क्षेत्र अनुसार परिवारमा अनुपस्थित (विदेशमा अक्सर बसोबास गर्ने) जनसंख्या विश्लेषण गर्दा तराई, पहाड र हिमालबाट क्रमशः ४९.1%, ४५.४% र ५.५% रहेको छ ।

प्रदेशगत आधारमा परिवारमा अनुपस्थित (विदेशमा अक्सर बसोबास गर्ने) व्यक्तिहरू मध्ये सबैभन्दा धेरै लुम्बिनी प्रदेशबाट १९.२% र सबैभन्दा कम कर्णाली प्रदेशबाट ४.४% रहेका छन् । पुरुष र महिलाको अनुपस्थित जनसंख्या हेर्दा पुरुषको अनुपस्थित प्रतिशत सबैभन्दा बढी मधेश प्रदेशमा ९५.८% रहेको छ जसमा महिलको अनुपस्थित प्रतिशत ४.२ रहेको छ । त्यस्तै सबैभन्दा कम प्रतिशत बागमती प्रदेशमा ६९.८% रहेको छ । उक्त प्रदेशमा महिलाको अनुपस्थित प्रतिशत ३०.२ रहेको छ ।

## १.४ सामाजिक सुरक्षा भत्ता

सरकारले निश्चित उमेर समूहसम्मका बालबालिका, जेष्ठ नागरिक, महिला, लोपोन्मुख जात जाति तथा अपाङ्गता भएका नागरिकको सम्भावित जोखिमको न्यूनीकरण गर्न आर्थिक, सामाजिक तथा मनोवैज्ञानिक सहयोगका निम्ति सामाजिक सुरक्षा कार्यक्रम संचालनमा ल्याएको हो । यो सामाजिक सुरक्षा सम्बन्धी हकको संरक्षण गर्न राज्यको

आन्तरिक स्रोतबाट व्यवस्था गरिएको गैर योगदान मुलक कार्यक्रम हो । आ.व. २०७६/७७ को सामाजिक सुरक्षा भत्ताको विवरण तालिका १.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका १.४: सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको विवरण, २०७६/७७**

| लक्षित समुह | प्रदेश १ | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| जेष्ठ नागरिक (७० वर्षमाथि) | २०७६६९ | १८१६१३ | २२८२७५ | १४०९६२ | १७२३९८ | ४०११७ | ८६३४२ | १०५७३७६ |
| जेष्ठ नागरिक दलित ( दलित/क्षेत्र तोकिएका) | ३४०९७ | ५९०१७ | २२९७९ | ३८३४४ | ५२२९९ | ५१०२८ | ४२६३० | ३००३९४ |
| एकल महिला | २७२२० | १४८६४ | ११९९८ | १३२२२ | १०३६३ | ५२०० | १२०१३ | ९४८८० |
| बिधवा महिला | ११६५८६ | १०६६६६ | १३१२०३ | ६८७९७ | १२६३७८ | ३४६३९ | ७४४६७ | ६५८७३६ |
| अल्पसंख्यक/आदिवासी | ११५६० | ६३२ | ३८९९ | ४१ | ३३०० | १८६३ | ३१८३ | २४४७८ |
| पूर्ण अशक्त अपाङ्गता | १००७१ | ८३६१ | ९२१८ | ५९६५ | ७७३० | ३२५२ | ३७९० | ४८३८७ |
| अति अशक्त अपाङ्गता | १७९४१ | १०२९८ | १३४८५ | ११४८६ | १५८९२ | ६४०२ | ८२५१ | ८३७५५ |
| दलित बालबालिका | ४०७८९ | ९७४८१ | २६५३३ | ४१६९१ | ६०४८९ | ४३९१३ | ७३०३० | ३८३९२६ |
| बाल पोषण | ० | २३४५९२ | ० | ० | ० | ८९९४२ | ८५७६१ | ४१०२९५ |
| जम्मा | ४६५९३३ | ७१३५२४ | ४४७५९० | ३२०५०८ | ४४८८४९ | २७६३५६ | ३८९४६७ | ३०६२२२७ |

स्रोत: राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग / Compilation of social statistics Nepal, MoWCSC।

## १.५ कार्यात्मक क्षमतामा कठिनाई

नेपाल वहुसुचक सर्वेक्षण २०७६ ले कार्यात्मक क्षमतामा भएको कठिनाई मापन गर्न अपाङ्गता मापनको वाशिङ्गटन समुह (Washington group on disability statistics) ले अवलम्वन गरेको कार्यात्मक क्षमतामा हुने कठिनाईका छ वटा कार्यक्षेत्र (Domain) हरू समेटेको छ । वयस्क कार्यात्मक क्षमता कठिनाई (Adult functional disability) का छ वटा कार्यक्षेत्र (Domain) हरू देख्ने (Seeing), सुन्ने (Hearing), हिंड्ने (Walking), बुझाई (Cognition) आत्म हेरचाह गर्ने (Self care) र बोल्ने (Communication) छन् । त्यसैगरि बालबालिकाको कार्यात्मक क्षमता कठिनाइ (Child functional disability) का छ वटा कार्यक्षेत्र (Domain) हरू देख्ने (Seeing), सुन्ने (Hearing), हिंड्ने (Mobility), बोलाई/बुझाई (Communication/comprehension), सिक्ने (Learning) र संवेगा (Emotion) रहेका छन् । कार्यात्मक क्षमता कठिनाइ सम्बन्धी प्रश्नहरू वयस्कको हकमा १८ देखि ४९ वर्ष उमेरहरूलाई प्रत्यक्ष रुपमा तथा बालबालिका (२ देखि १७ वर्ष उमेर) को हकमा तिनिहरूका आमा वा स्याहारसुसार गर्ने व्यक्तिसँग सोधिएको थियो ।

**तालिका १.५: कार्यात्मक क्षमतामा भएको कठिनाई, २०७५/७६**

| क्षेत्र | कम्तिमा कुनै एक क्षेत्र (domain) मा कार्यात्मक क्षमतामा भएको कठिनाई (%) | | |
|---|---|---|---|
| | **बालबालिका** (२–१७ वर्ष) | **महिला** (१८–४९ वर्ष) | **पुरुष** (१८–४९ वर्ष) |
| नेपाल | १०.६ | २.१ | १.४ |
| प्रदेश १ | ११.८ | १.७ | १.० |
| मधेश प्रदेश | १०.१ | १.४ | १.३ |
| बागमती प्रदेश | ९.३ | २.४ | १.३ |
| गण्डकी प्रदेश | ११.९ | ४.१ | १.५ |
| लुम्बिनी प्रदेश | १०.४ | १.६ | २.२ |
| कर्णाली प्रदेश | १०.२ | ४.७ | १.४ |
| सुदूरपश्चिम प्रदेश | १२.० | १.२ | ०.६ |

स्रोत: नेपाल वहुसुचक सर्वेक्षण २०७६, केन्द्रीय तथ्यांक विभाग ।

समग्रमा नेपालमा १०.६% बालबालिकामा (२ देखि १७ वर्ष) कार्यात्मक क्षमतामा कठिनाइ रहेको देखिन्छ । प्रदेशगत रुपमा हेर्दा बागमती प्रदेशमा सबैभन्दा कम (९.३%) तथा सुदूरपश्चिममा सबैभन्दा बढी (१२%) कार्यात्मक क्षमतामा कठिनाइ रहेको पाईन्छ । कार्यात्मक क्षमतामा हुने कठीनाई बालबालिकाको तुलनामा वयस्क (१८ देखि ४९ वर्ष) मा थोरै देखिएको छ । तुलनात्मक रुपमा लुम्बिनी प्रदेश बाहेक अरु सबै प्रदेशहरूमा वयस्क पुरुषमा भन्दा वयस्क महिलामा कार्यात्मक क्षमतामा हुने कठीनाई बढी देखिएको छ ।

# परिच्छेद २: घर तथा घरपरिवारको सुविधामा पहुँच

## २.१ घरपरिवारले बसोबास गर्दै आएको घरको स्वामित्व

नेपाल वहुसुचक सर्वेक्षण २०७६ अनुसार घरको स्वामित्वलाई तीन भागमा विभाजन गरि विवरण संकलन गरिएको थियो - आफ्नै, भाडा र अन्य। जससंग सम्बन्धीत विवरण तालिका २.१ मा प्रस्तुत गरिएको छ।

**तालिका २.१: घरको स्वामित्व सम्बन्धी विवरण (%), २०७५/७६**

| क्षेत्र | आफ्नै | भाडा | अन्य |
|---|---|---|---|
| नेपाल | ८५.३ | १३.७ | १.० |
| प्रदेश १ | ९२.१ | ६.४ | १.३ |
| मधेश प्रदेश | ९५.१ | ४.६ | ०.३ |
| बागमती प्रदेश | ६४.७ | ३४.३ | १.० |
| गण्डकी प्रदेश | ८३.५ | १४.० | २.५ |
| लुम्बिनी प्रदेश | ९३.७ | ५.७ | ०.६ |
| कर्णाली प्रदेश | ९४.८ | ४.१ | १.० |
| सुदूरपश्चिम प्रदेश | ९५.० | ४.३ | ०.७ |

स्रोतः नेपाल वहुसुचक सर्वेक्षण २०७६, केन्द्रीय तथ्यांक विभाग।

घरपरिवारले बसोबास गर्दै आएको घरको स्वामित्वमा सबैभन्दा बढी आफ्नै स्वामित्वमा रहेको देखिन्छ। नेपाल वहुसुचक सर्वेक्षण २०७६को तथ्यांक हेर्दा आफ्नै स्वामित्वको घर ८५.३% रहेको छ भने भाडामा बस्ने १३.७% र अन्यमा १% रहेको देखिन्छ। आफ्नै स्वामित्वको घर सबैभन्दा बढी मधेश प्रदेशमा (९५.१%) र सबैभन्दा कम बागमती प्रदेशमा (६४.७%) रहेको देखिन्छ। त्यस्तै गरी भाडामा बस्ने सबैभन्दा बढी बागमती प्रदेशमा (३४.३%) र सबैभन्दा कम कर्णाली प्रदेशमा (४.१%) रहेको पाईन्छ।

## २.२ घरपरिवारले प्रयोग गरेका घरको बनौटसम्बन्धी विवरण

### २.२.१ घरको भुईको किसिम

नेपाल वहुसुचक सर्वेक्षण २०७६ अनुसार घरको भुईलाई चार किसिममा विभाजन गरिएको थियो - प्राकृतिक भुई (जस्तैः माटो वा बालुवाको भुई), अपरिष्कृत भुई (जस्तैः काठको फलेक वा बाँस/ताडी, परिष्कृत भुई (जस्तैः पार्केट वा पोलिस फलेक वा भिनाइल वा स्ट्रीप्स वा सेरामिक टाइल वा सिमेन्ट वा कार्पेट ले ढाकेको) र अन्य जस संग सम्बन्धीत विवरण तालिका २.२ मा प्रस्तुत गरिएको छ।

**तालिका २.२: घरको भुईको किसिम सम्बन्धी विवरण (%), २०७५/७६**

| क्षेत्र | प्राकृतिक भुई (माटो/बालुवा) | अपरिष्कृत भुई (काठ/बाँस/ताडी) | परिष्कृत भुई (पार्केट/भिनाइल स्ट्रीप्स/सेरामिक टाइल/सिमेन्ट/कार्पेट) | अन्य |
|---|---|---|---|---|
| नेपाल | ४८.७ | १.१ | ५०.१ | ०.१ |
| प्रदेश १ | ५८.३ | २.४ | ३९.३ | ०.० |
| मधेश प्रदेश | ५९.८ | ०.६ | ३९.६ | ०.० |
| बागमती प्रदेश | १७.९ | ०.६ | ८१.३ | ०.२ |
| गण्डकी प्रदेश | ३८.९ | १.४ | ५९.४ | ०.३ |
| लुम्बिनी प्रदेश | ५७.९ | ०.२ | ४१.९ | ०.० |
| कर्णाली प्रदेश | ८२.१ | ४.२ | १३.५ | ०.२ |
| सुदूरपश्चिम प्रदेश | ७५.८ | ०.१ | २४.१ | ०.० |

स्रोत: नेपाल वहुसुचक सर्वेक्षण २०७६, केन्द्रीय तथ्यांक विभाग ।

नेपालमा लगभग परिष्कृत भुई (५०%) र प्राकृतिक भुई (४९%) भएका घरहरू बराबर छन् । कर्णाली प्रदेशमा सबैभन्दा बढी प्राकृतिक भुई (८२%) भएका घरहरू रहेको छ भने उक्त प्रदेशमा परिष्कृत भुई १३.५% मात्रै रहेको छ जुन अन्य प्रदेशहरूको तुलनामा अत्यधिक कम हो । बागमती प्रदेशमा सबैभन्दा बढी परिष्कृत भुई (८१.३%) भएका घरहरू रहेको छ भने यस प्रदेशमा प्राकृतिक भुई (१७.९%) भएका घरहरू अन्य प्रदेशमा भन्दा कम रहेको देखिन्छ ।

## २.२.२ घरको छाना किसिम

नेपाल वहुसुचक सर्वेक्षण २०७६ अनुसार घरको छानालाई चार प्रकारमा विभाजन गरि विवरण संकलन गरिएको थियो - प्राकृतिक छाना (जस्तैः खर वा पराल वा माटोको चपरी), अपरिष्कृत छाना (जस्तैः मान्द्रो वा बाँस वा ताडी काठको फलेक वा कार्डबोर्ड), परिष्कृत छाना (जस्तैः जस्ता वा टिन वा काठ वा क्लामाइन वा सेरामिक टाइल वा सिमेन्ट ढलान वा ढुङ्गाको स्लेट) र अन्य जस संग सम्बन्धीत विवरण तालिका २.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.३: घरको छानोको किसिम सम्बन्धी विवरण (%), २०७५/७६**

| क्षेत्र | प्राकृतिक छानो (खर/पराल/माटोको चपरी) | अपरिष्कृत छानो (मान्द्रो/बाँस/ताडी काठको फलेक/कार्डबोर्ड) | परिष्कृत छानो (जस्ता/टिन/काठ/क्लामाइन/सेरामिक टाइल/सिमेन्ट ढलान/ढुङ्गाको स्लेट) | अन्य |
|---|---|---|---|---|
| नेपाल | ६.४ | ०.७ | ९२.८ | ०.२ |
| प्रदेश १ | ११.२ | ०.७ | ८८.० | ०.१ |
| मधेश प्रदेश | ७.३ | १.३ | ९१.२ | ०.२ |
| बागमती प्रदेश | ०.६ | ०.३ | ९८.९ | ०.२ |
| गण्डकी प्रदेश | ३.६ | ०.२ | ९६.१ | ०.१ |
| लुम्बिनी प्रदेश | ७.० | ०.३ | ९२.५ | ०.२ |
| कर्णाली प्रदेश | २४.७ | १.४ | ७३.२ | ०.५ |
| सुदूरपश्चिम प्रदेश | ३.२ | १.० | ९५.८ | ०.१ |

स्रोत: नेपाल वहुसुचक सर्वेक्षण २०७६, केन्द्रीय तथ्यांक विभाग ।

नेपालमा घरपरिवारले बसोबास गर्दै आएको अधिकतम घरको छानो परिष्कृत प्रकारको (९२.८%) रहेको छ । प्रदेशगत रुपमा हेर्दा बागमती प्रदेशमा सबैभन्दा बढी परिष्कृत छानो (९८.९%) भएका घरहरू रहेको छ भने प्राकृतिक छानो भएका घरहरू एकदमै न्युन (०.६%) रहेको पाईन्छ । त्यसैगरी कर्णाली प्रदेशमा सबैभन्दा बढी प्राकृतिक छानो (२४.७%) भएका घरहरू रहेको छ भने अन्य प्रदेशको तुलनामा उक्त प्रदेशमा परिष्कृत छानो भएको घर सबैभन्दा कम (७३.२%) रहेको देखिन्छ ।

### २.२.३ घरको गारोको किसिम

नेपाल वहुसुचक सर्वेक्षण २०७६ अनुसार घरको गारोको किसिमलाई - प्राकृतिक गारो (जस्तैः माटोको वा वेत/सन्टी/सिर्कना /हाँगाविगा), अपरिष्कृत/कच्ची गारो (जस्तैः बाँस र माटो वा ढुङ्गा र माटोको जडान वा नढाकिएको काँचो इँटा वा प्लाइउड/कार्डबोर्ड/पुरानो काठको गारो), परिष्कृत गारो (जस्तैः सिमेन्ट वा सिमेन्ट जोडाइ भएको ढुङ्गा वा पाको इँटा वा सिमेन्ट ब्लक वा ढाकिएको काँचो इँटा वा काठको फ्लयाक/स्लेट) र अन्य गरी विवरण संकलन गरिएको थियो । सुरक्षा र आर्थिक दृष्टिकोण दुवैबाट हेर्दा सिमेन्टले जडान ईटा/ढुङ्गालाई राम्रो मानिन्छ । तालिका २.४ मा घरको बाहिरी गारोको किसिमको विवरण प्रस्तुत गरिएको छ ।

**तालिका २.४: घरको गारोको किसिम सम्बन्धी विवरण (%), २०७५/७६**

| क्षेत्र | प्राकृतिक गारो (वेत/सन्टी/सिर्कना /हाँगाविगा/माटो/धुलो) | अपरिष्कृत /कच्ची गारो (बाँस र माटो/ढुङ्गा र माटो/नढाकिएको काँचो %ईंटा/प्लाइउड/कार्डबोर्ड/पुरानो काठ) | परिष्कृत गारो (सिमेन्ट /सिमेन्ट जोडाइ भएको ढुङ्गा/पाको ईंटा/सिमेन्ट ब्लक/ढाकिएको काँचो ईंटा/काठको फ्लयाक/ स्लेट) | अन्य |
|---|---|---|---|---|
| नेपाल | ५.१ | ३९.० | ५४.२ | १.७ |
| प्रदेश १ | ४.३ | ५५.९ | ३६.६ | ३.२ |
| मधेश प्रदेश | ८.८ | ३९.३ | ५१.३ | ०.७ |
| बागमती प्रदेश | ०.४ | १९.० | ७७.९ | २.६ |
| गण्डकी प्रदेश | १.४ | ३७.५ | ६०.१ | १.० |
| लुम्बिनी प्रदेश | १०.५ | ३०.४ | ५८.७ | ०.४ |
| कर्णाली प्रदेश | ७.१ | ७५.२ | १७.६ | ०.१ |
| सुदूरपश्चिम प्रदेश | ६.८ | ६२.१ | २९.३ | १.८ |

स्रोतः नेपाल वहुसुचक सर्वेक्षण २०७६, केन्द्रीय तथ्यांक विभाग ।

नेपाल वहुसुचक सर्वेक्षण २०७६ अनुसार नेपालको अधिकतम (५४.२%) घरको बाहिरी गारो सिमेन्टले जडान ईट्टा/ढुङ्गाबाट बनेको छ अर्थात परिष्कृत गारो छ । प्रादेशिक विवरण अनुसार बागमती प्रदेशमा (७७.९%) अत्यधिक परिष्कृत गारो भएको घरहरू छन भने कर्णाली प्रदेशमा सबैभन्दा बढी ७५.२% घरहरू अपरिष्कृत /कच्ची गारो भएका घरहरू छन् । त्यसतै लुम्बिनी प्रदेशमा सबैभन्दा बढी (१०.५%) र बागमती प्रदेशमा अत्यन्तै न्युन (०.४%) प्राकृतिक गारो भएका घरहरू छन् ।

## २.३ घरपरिवारको खानेपानीको मुख्य स्रोत

नेपालमा खानेपानीका लागि विभिन्न स्रोतहरू उपयोग गरिन्छ। नेपाल वहुसुचक सर्वेक्षण २०७६ मा खानेपानीको मुख्य स्रोतहरू भनी धारा/पाइप, टियूबव्येल/हाते पम्प, ढाँकिएको ईनार/कुवा, नढाँकिएको ईनार/कुवा, मुलको पानी, ट्यान्करको पानी, जार वा बोतलको पानी, सतहका पानी र अन्य गरी विभिन्न वगिकरण गरिएको पाइन्छ । खानेपानीको स्रोतलाई स्वास्थ्य र सुविधाको दृष्टिकोणबाट हेर्न सकिन्छ। खोनपानीको पहुँचलाई नेपालको संविधानमा मैलिक हकको रुपमा व्याख्या गरिएको छ भने सबै जनसंख्यालाई आधारभूत खानेपानी सेवा उपलब्ध गराउने सरकारको प्रमुख दायित्वभित्र पर्छ । तर अझै पनि माग अनुरुपको आपूर्ति हुन नसक्नु प्रमुख चुनौती रहेको छ । घरपरिवारले प्रयोग गर्ने खानेपानीको विस्तृत विवरण तालिका २.५ मा प्रस्तुत गरिएको छ।

**तालिका २.५: घरपरिवारको खानेपानीको मुख्य स्रोत (%), २०७५/७६**

| क्षेत्र | धारा/ पाइप | टियूबव्येल/ हाते पम्प | ढाँकिएका ईनार/कुवो | नढाँकिएका ईनार/ कुवो | मुलको पानी | ट्यान्कर | जार/ बोतल | सतहको पानी | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| नेपाल | ५१.६ | ३५.५ | १.३ | ०.७ | ३.५ | ०.२ | ६.३ | ०.२ | ०.६ |
| प्रदेश १ | ५४.८ | ३८.८ | १.० | ०.६ | ४.२ | ०.० | ०.३ | ०.१ | ०.१ |
| मधेश प्रदेश | १३.४ | ८३.६ | ०.५ | १.३ | ०.० | ०.० | ०.२ | ०.१ | ०.९ |
| बागमती प्रदेश | ६३.३ | ३.३ | २.३ | ०.१ | ४.७ | १.१ | २४.० | ०.४ | १.० |
| गण्डकी प्रदेश | ८५.९ | ३.० | ०.९ | ०.६ | २.८ | ०.० | ५.० | ०.२ | १.५ |
| लुम्बिनी प्रदेश | ४२.७ | ५०.८ | २.० | ०.६ | २.६ | ०.० | १.१ | ०.० | ०.३ |
| कर्णाली प्रदेश | ८७.९ | ०.० | ०.७ | ०.४ | ९.८ | ०.० | ०.० | ०.७ | ०.४ |
| सुदूरपश्चिम प्रदेश | ६०.३ | ३२.३ | ०.७ | १.३ | ४.९ | ०.० | ०.० | ०.४ | ०.० |

स्रोत: नेपाल वहुसुचक सर्वेक्षण २०७६, केन्द्रीय तथ्यांक विभाग।

नेपाल वहुसुचक सर्वेक्षण २०७६ को तथ्यांक अनुसार नेपालमा आधा जति घरपरिवारमा (५१.६%) खानेपानीको मुख्य स्रोत धारा/पाइप रहेको छ। प्रदेशगत रुपमा हेर्दा सबैभन्दा बढी कर्णाली प्रदेशका (८७.९%) र गण्डकी प्रदेशका (८५.९%) घरपरिवारले धारा/पाइपलाई खानेपानीको मुख्य स्रोतको रुपमा प्रयोग गरेको देखिन्छ भने मधेश प्रदेशमा खानेपानीको मुख्य स्रोतको रुपमा टियुबव्येल (८३.६%) रहेको देखिन्छ। बागमती प्रदेशमा आधाभन्दा बढी (६३.३%) घरपरिवारको खानेपानीको मुख्य स्रोत धारा/पाइप रहेको छ भने लगभग एक चौथाई (२४%) घरपरिवारले जार/बोतलको पानीलाई खानेपानीको मुख्य स्रोतको रुप प्रयोग गरेको पाईन्छ।

## २.४ घरपरिवारको खाना पकाउने इन्धनको मुख्य स्रोत

खाना पकाउन प्रयोग गरिने इन्धन स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित रहेको हुन्छ। विशेष गरी काठ/दाउरा आदि को प्रयोगबाट निस्किने धुवाको कारणले स्वास्थ्यमा प्रत्यक्ष असर पुगेको हुन्छ। नेपाल वहुसुचक सर्वेक्षण २०७६ मा घरपरिवारले खाना पकाउनको लागि प्रयोग गर्ने मुख्य इन्धनको बारेमा प्रश्न सोधिएको थियो जस सँग सम्बन्धीत विस्तृत विवरण तालिका २.६ मा उल्लेख गरिएको छ।

**तालिका २.६: घरपरिवारको खाना पकाउने इन्धनको मुख्य स्रोत (%), २०७५/७६**

| क्षेत्र | बिजुली | सोलार | ग्याँस (LPG) | बायो ग्याँस | काठ/दाउरा/गुईठा |
|---|---|---|---|---|---|
| नेपाल | ०.७ | ०.२ | ३९.८ | २.४ | ५६.८ |
| प्रदेश १ | ०.२ | ०.३ | २९.७ | २.६ | ६७.१ |
| मधेश प्रदेश | १.२ | ०.० | ३२.८ | १.१ | ६४.९ |
| बागमती प्रदेश | ०.८ | ०.१ | ७३.० | १.२ | ७७.४ |
| गण्डकी प्रदेश | ०.३ | ०.० | ४६.१ | ३.६ | ४९.९ |
| लुम्बिनी प्रदेश | ०.७ | ०.२ | ३२.७ | ४.७ | ६१.७ |
| कर्णाली प्रदेश | ०.२ | ०.५ | ९.६ | ०.२ | ८९.५ |
| सुदूरपश्चिम प्रदेश | १.४ | ०.७ | १४.७ | ३.५ | ७९.६ |

स्रोत: नेपाल वहुसुचक सर्वेक्षण २०७६, केन्द्रीय तथ्यांक विभाग ।

नेपालमा खाना पकाउनको लागि काठ वा दाउराको प्रयोग गर्ने घरपरिवार ५६.८% रहेको छ भने खाना पकाउने इन्धनको दोस्रो प्रमुख स्रोत LPG रहेको छ । प्रदेशगत विवरण हेर्दा कर्णाली प्रदेशमा सबैभन्दा बढी (८९.५%) घरपरिवारले खाना पकाउनको लागि काठ वा दाउराको प्रयोग गरेको देखिन्छ भने सोको प्रतिशत क्रमशः सुदूरपश्चिम प्रदेशमा ७९.६%, बागमती प्रदेशमा ७७.४%, प्रदेश १ मा ६७.१%, मधेश प्रदेशमा ६४.९%, लुम्बिनी प्रदेशमा ६१.१% रहेको देखिन्छ भने गण्डकी प्रदेशमा सबैभन्दा कम (४९.९%) घरपरिवारले खाना पकाउनको लागि काठ वा दाउराको प्रयोग गरेको देखिन्छ । खाना पकाउने इन्धनको रुपमा LPG लाई मुख्य इन्धनको रुपमा सबैभन्दा बढी (७३%) बागमती प्रदेशमा  प्रयोग गर्ने गरेको पाइन्छ भने यसको न्युन प्रयोग (९.६%) कर्णाली प्रदेशमा पाइन्छ ।

## २.५ घरपरिवारले प्रयोग गर्ने बिजुली बत्तीको मुख्य स्रोत

नेपाल वहुसुचक सर्वेक्षण २०७६ मा घरपरिवारले प्रयोग गर्ने बिजुली बत्ती सम्बन्धी विवरण संकलन गरिएको थियो जसको विवरण तालिका २.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.७: घरपरिवारले प्रयोग गर्ने विजुली वत्तिको मुख्य स्रोत (%), २०७५/७६**

| क्षेत्र | विजुली | सोलार | अन्य |
|---|---|---|---|
| नेपाल | ८६.७ | ९.३ | ४.० |
| प्रदेश १ | ८५.९ | १०.३ | ३.८ |
| मधेश प्रदेश | ९४.५ | ०.८ | ४.७ |
| बागमती प्रदेश | ९४.९ | ३.७ | १.४ |
| गण्डकी प्रदेश | ९७.० | १.४ | १.६ |
| लुम्बिनी प्रदेश | ८८.१ | ६.८ | ५.१ |
| कर्णाली प्रदेश | २८.० | ६३.२ | ८.८ |
| सुदूरपश्चिम प्रदेश | ७४.८ | १९.० | ६.२ |

स्रोत: नेपाल वहुसुचक सर्वेक्षण २०७६, केन्द्रीय तथ्यांक विभाग ।

नेपालमा अधिकतम घरपरिवारको बिजुलीबत्तीको मुख्य स्रोत बिजुली (८६.७%) रहेको छ । घरपरिवारले प्रयोग गर्ने बिजुलीबत्तीको स्रोतमा बिजुलीको खपत सबैभन्दा बढी गण्डकी प्रदेशमा (९७%) त्यसपछि क्रमशः बागमती प्रदेश (९४.९%), मधेश प्रदेश (९४.५%), लुम्बिनी प्रदेश (८८.१%), प्रदेश नं. १ (८५.९%), सुदूरपश्चिम प्रदेश (७४.८%), र सबैभन्दा कम बिजुलीको खपत कर्णाली प्रदेशमा (२८.०%) भएको देखिन्छ । कर्णाली प्रदेशको घरपरिवारको बिजुलीबत्तीको मुख्य स्रोत सोलार (६३.२%) रहेको पाईन्छ भने सोलारको दोस्रो धेरै प्रयोग सुदूरपश्चिम प्रदेशमा (१९%) भएको पाईन्छ ।

## २.६ घरपरिवारले प्रयोग गर्ने चर्पीको किसिम

चर्पी मानिसको दैनिक प्रयोगमा आउने विभिन्न सुविधाहरूमध्ये एक सुविधा हो जसलाई सरसफाइ तथा स्वास्थ्यको दृष्टिकोणले हेर्न सकिन्छ । तालिका २.८ मा घरपरिवारले प्रयोग गर्ने विभिन्न प्रकारको चर्पीसम्बन्धी विवरण प्रस्तुत गरिएको छ ।

**तालिका २.८ः घरपरिवारले प्रयोग गर्ने चर्पीको किसिम (%), २०७५/७६**

| क्षेत्र | सुधारिएको चर्पी | नसुधारिएको चर्पी | चर्पीको सुबिधा नभएको |
|---|---|---|---|
| नेपाल | ९३.८ | १.२ | ५.० |
| प्रदेश १ | ९५.२ | २.२ | २.६ |
| मधेश प्रदेश | ८३.६ | ०.६ | १५.८ |
| बागमती प्रदेश | ९७.८ | १.१ | १.१ |
| गण्डकी प्रदेश | ९८.७ | ०.५ | ०.८ |
| लुम्बिनी प्रदेश | ९४.९ | १.१ | ४.० |
| कर्णाली प्रदेश | ९४.० | १.१ | ४.९ |
| सुदूरपश्चिम प्रदेश | ९५.७ | १.७ | २.६ |

स्रोतः नेपाल वहुसुचक सर्वेक्षण २०७६, केन्द्रीय तथ्यांक विभाग ।

नेपाल वहुसुचक सर्वेक्षण २०७६ को तथ्यांक हेर्दा मात्रै ५% घरपरिवारसँग चर्पीको सुविधा नभएको देखिन्छ । चपी नभएको सबैभन्दा बढी हिस्सा (१५.८%) मधेश प्रदेशमा र क्रमशः कर्णाली प्रदेशमा ४.९%, लुम्बिनी प्रदेशमा ४.०% रहेको देखिन्छ ।

## २.७ घरपरिवारमा रहेका सूचना तथा सञ्चारका सुविधा

एकाईसौं शताब्दी सूचना तथा सञ्चारको युग हो । सूचना तथा सञ्चारको मध्यमबाट मानिसहरूले देश विदेशमा भइरहेका सूचना तथा खबरहरूको जानकारी हुने मात्र नभई राज्यबाट दिइने सेवा सुविधाहरूको पनि जानकारी पाउन सकिन्छ । सूचना तथा सञ्चारलाई सशक्तिकरणको एउटा मध्यमको रुपमा पनि लिन सकिन्छ । तालिका २.९ मा घरपरिवारमा रहेका केही सूचना तथा सञ्चारका सुविधाहरू सम्बन्धी विवरण प्रस्तुत गरिएको छ ।

तालिका २.९: घरपरिवारको सूचना तथा सञ्चारका सुविधाहरूमा पहुँच (%), २०७५/७६

| क्षेत्र | रेडियो | टेलिभिजन | ल्यान्डलाईन टेलिफोन | मोबाइल फोन | कम्प्युटर | इन्टरनेट |
|---|---|---|---|---|---|---|
| नेपाल | २३.४ | ५५.८ | ५.९ | ९६.२ | १५.४ | ५१.१ |
| प्रदेश १ | २६.८ | ५४.१ | ४.० | ९४.५ | ११.६ | ५१.३ |
| मधेश प्रदेश | १६.१ | ५२.३ | २.२ | ९५.५ | ८.९ | ४४.६ |
| बागमती प्रदेश | २३.८ | ७१.३ | १२.६ | ९७.९ | ३०.० | ६८.७ |
| गण्डकी प्रदेश | २६.३ | ६७.० | ७.० | ९७.६ | १८.० | ५७.४ |
| लुम्बिनी प्रदेश | २०.४ | ५५.२ | २.६ | ९६.१ | ९.३ | ४६.९ |
| कर्णाली प्रदेश | १९.५ | १२.५ | ०.७ | ९३.६ | ४.४ | २५.८ |
| सुदूरपश्चिम प्रदेश | ३५.२ | ३२.१ | ५.२ | ९५.७ | ७.० | २४.३ |

स्रोत: नेपाल वहुसुचक सर्वेक्षण २०७६, केन्द्रीय तथ्यांक विभाग।

नेपाल वहुसुचक सर्वेक्षण २०७६ अनुसार कुल घरपरिवारको लगभग आधाभन्दा बढी (५५.८%) घरपरिवारसँग टेलिभिजनको सुविधा र इन्टरनेटको सुविधा (५१.१%) रहेको देखिन्छ। मोबाइल फोनको सुविधा अधिकतम घरपरिवार (९६.२%) संग रहेको पाइन्छ।

प्रादेशिक विवरण हेर्दा रेडियो सुविधा हुने घरपरिवार सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा (३५.२%) र सबैभन्दा कम मधेश प्रदेशमा (१६.१%) रहेको देखिन्छ। त्यस्तै टेलिभिजनको सुविधा सबैभन्दा बढी बागमती प्रदेशमा (७१.३%) र सबैभन्दा कम कर्णाली प्रदेशमा (१२.५%) रहेको देखिन्छ। इन्टरनेट सुविधा सबैभन्दा बढी बागमती प्रदेशमा (६८.७%) र सबैभन्दा कम कर्णाली प्रदेशमा (२५.८%) र सुदूरपश्चिम प्रदेशमा (२४.३%) रहेको देखिन्छ। टेलिफोनको सुविधा सबैभन्दा बढी बागमती प्रदेशमा (१२.६%) र एकदमै न्युन (०.७%) कर्णाली प्रदेशमा रहेको देखिन्छ। मोवाइल फोनको सुविधा सबै प्रदेशमा ९०% भन्दा बढी घरपरिवारमा रहेको देखिन्छ।

# परिच्छेद ३: शिक्षा

## ३.१ साक्षरता

शिक्षा मानवको आधारभूत आवश्यकता मध्येको एक हो । शिक्षाले स्वास्थ्य र सशक्तिकरणमा प्रत्यक्ष असर पारेको हुन्छ । नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रुपमा प्रत्याभूत गरिनुका साथै अवसरको सिर्जना गर्नुलाई राज्यको दायित्वमा राखेको छ । तालिका ३.१ मा युवा साक्षरता (१५ देखि २४ वर्ष) सम्बन्धी विस्तृत विवरण प्रस्तुत गरिएको छ ।

**तालिका ३.१: पुरुष तथा महिला (उमेर १५–२४ वर्ष) को साक्षरता दर (%), २०७५/७६**

| क्षेत्र | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| नेपाल | ९२.७ | ८८.२ | ९०.२ |
| प्रदेश १ | ९४.९ | ९१.४ | ९२.९ |
| मधेश प्रदेश | ८४.८ | ७०.६ | ७७.१ |
| बागमती प्रदेश | ९७.५ | ९४.६ | ९६.१ |
| गण्डकी प्रदेश | ९७.२ | ९७.१ | ९७.१ |
| लुम्बिनी प्रदेश | ८७.९ | ८७.३ | ८७.६ |
| कर्णाली प्रदेश | ९५.४ | ९२.८ | ९४.३ |
| सुदूरपश्चिम प्रदेश | ९६.१ | ९२.३ | ९३.९ |

स्रोत: नेपाल वहुसुचक सर्वेक्षण २०७६, केन्द्रीय तथ्यांक विभाग ।

नेपाल वहुसुचक सर्वेक्षण २०७६ अनुसार नेपालको युवा साक्षरता दर ९०.२% रहेको छ । महिलाको साक्षरता दर ८८.२% रहेको छ भने पुरुषको ९२.७% रहेको छ । प्रादेशिक विवरण अनुसार नेपालको युवा साक्षरता दर सबैभन्दा बढी गण्डकी प्रदेशमा (९७.१%) र सबैभन्दा कम मधेश प्रदेशमा (७७.१%) रहेको देखिन्छ । लिङ्ग अनुसारको प्रदेशिक विवरण हेर्ने हो भने सबैभन्दा बढी युवा साक्षरता दर महिलाको ९७.१% गण्डकी प्रदेशमा र पुरुषको ९७.५% बागमती प्रदेशमा रहेको देखिन्छ भने महिला (७०.६%) र पुरुष (८४.८%) दुवैको युवा साक्षरता दर सबैभन्दा कम मधेश प्रदेश रहेको छ ।

## ३.२ विद्यालय शिक्षा

नेपालमा विद्यालय शिक्षालाई आधारभुत र माध्यमिक गरी दुई तहमा विभाजन गरिएको छ । आधारभूत तहको शिक्षामा एक वर्ष ECED (Early childhood education and development)/PPE (Pre lower basic education) र कक्षा १-८ समावेश रहेको छ भने माध्यमिक तहमा कक्षा ९-१२ समावेश रहेको छ । तालिका ३.२ मा

विद्यालय एकाइ (School Unit) का हिसाबले विद्यालयहरू गणना गरेको छ । एउटा विद्यालयमा अनेक तह हुन सक्छन् जस्तै माध्यमिक तह (१–१२) सम्मको पढाइ हुने विद्यालयमा चारवटै तह भएतापनि यो एउटा माध्यमिक विद्यालयको रूपमा गणना हुन्छ ।

**तालिका ३.२: विद्यालय एकाइ अनुसार विद्यालय विवरण, २०७७**

| क्षेत्र | विद्यालय युनिट (School Unit) | | |
|---|---|---|---|
| | जम्मा | आधारभूत तह (कक्षा १–८) | माध्यमिक तह (कक्षा ९–१२) |
| नेपाल | ३५६७४ | २४४४३ | ११२३१ |
| प्रदेश १ | ६९६७ | ४८८१ | २०८६ |
| मधेश प्रदेश | ४१७४ | ३११० | १०६४ |
| बागमती प्रदेश | ७०५९ | ३९२२ | ३१३७ |
| गण्डकी प्रदेश | ४३०९ | २९०७ | १४०२ |
| लुम्बिनी प्रदेश | ५७६८ | ४०३७ | १७३१ |
| कर्णाली प्रदेश | ३१८४ | २४८० | ७०४ |
| सुदूरपश्चिम प्रदेश | ४२१३ | ३१०६ | ११०७ |

स्रोत: Flash I Report २०७७ (२०२०/२१) शिक्षा बिभाग, सानोठिमी, भक्तपुर ।

तालिका ३.२ ले शैक्षिक वर्ष २०७७ मा सञ्चालित सबै प्रकारका विद्यालयहरूको (सामुदायिक, धार्मिक, संस्थागत) विद्यालय एकाइहरू प्रस्तुत गर्दछ । नेपालमा जम्मा ३५,६७४ विद्यालय एकाईहरू (आधारभूत: ६८.५%, माध्यमिक: ३१.५%) रहेका छन् । विद्यालय एकाई सबैभन्दा बढी बागमती प्रदेशमा (७०५९) र सबैभन्दा कम कर्णाली प्रदेशमा ( ३१८४) रहेको देखिन्छ । आधारभूत तहको विद्यालय एकाई सबैभन्दा बढी मधेश प्रदेश (४,८८१) मा रहेको छ भने माध्यमिकको हकमा बाग्मती प्रदेश (३१३७) मा रहेको छ । कर्णाली प्रदेशमा भने आधारभूत तह (२४८०) र माध्यमिक तह (७०४) दुवैमा विद्यालय एकाई सबैभन्दा कम रहेको छ ।

**तालिका ३.३: विद्यालयको तहगत विवरण, २०७७**

| क्षेत्र | पूर्व प्राथमिक | आधारभुत | | | माध्यमिक | | |
|---|---|---|---|---|---|---|---|
| | | कक्षा १–५ | कक्षा ६–८ | कक्षा १–८ | कक्षा ९–१० | कक्षा ११ – १२ | कक्षा ९ – १२ |
| नेपाल | ३७१३० | ३५१८७ | १७१८३ | ३५४०८ | १०९८४ | ४३६६ | ११२३१ |
| प्रदेश १ | ६९४२ | ६८९२ | ३३५० | ६९१९ | २०४० | ७६६ | २०८६ |
| मधेश प्रदेश | ५०५६ | ४१३९ | १७८५ | ४१४७ | १०४० | ४५२ | १०६४ |
| बागमती प्रदेश | ७०७४ | ६८९२ | ४०४६ | ६९३४ | ३०१९ | १०८० | ३१३७ |
| गण्डकी प्रदेश | ४१९६ | ४२३४ | २०१० | ४२८६ | १३८१ | ६३४ | १४०२ |
| लुम्बिनी प्रदेश | ६६४० | ५७१५ | २७३८ | ५७४१ | १७०४ | ६८४ | १७३१ |
| कर्णाली प्रदेश | २९३५ | ३१३८ | १२५९ | ३१८० | ७०४ | ३०० | ७०४ |
| सुदूरपश्चिम प्रदेश | ४२८७ | ४१७७ | १९९५ | ४२०१ | १०९६ | ४५० | ११०७ |

स्रोत: Flash I Report २०७७ (२०२०/२१) शिक्षा बिभाग, सानोठिमी, भक्तपुर ।

तालिका ३.३ ले शैक्षिक वर्ष २०७७ मा संचालित सबै प्रकारका विद्यालयहरूको तहगत विद्यालय संख्या प्रस्तुत गर्दछ। नेपालमा शैक्षिक वर्ष २०७७ मा कुल ३७,१३० पूर्वप्राथमिक विद्यालय रहेको देखिन्छ जसमध्ये सबैभन्दा बढी बागमती प्रदेशमा र सबैभन्दा कम कर्णाली प्रदेशमा रहेको पाईन्छ। समग्रमा नेपालमा जम्मा ३५४०८ वटा (गत वर्ष ३५२६२) आधारभुत विद्यालय रहेको पाईन्छ जसमध्ये ३७१८७ वटा (गत वर्ष ३५०६३) तल्लो आधारभुत विद्यालय तथा १७१८३ वटा (गत वर्ष १६७७०) माथिल्लो आधारभुत विद्यालय रहेको छ। त्यस्तै कुल विद्यालयमध्ये माध्यमिक तह विद्यालय (कक्षा ९-१२) मा ११२३१ वटा विद्यालय (गत वर्ष १०८८९) रहेको पाइन्छ जसमध्ये माध्यमिक तह (कक्षा ९-१०) को विद्यालय १०९८४ वटा (गत वर्ष १०६४४) र माध्यमिक तह (कक्षा ११-१२) मा ४३६६ वटा विद्यालय (गत वर्ष ४१८७) रहेको छ।

सबै तहमा अघिल्लो वर्षको तुलनामा तहगत विद्यालयको संख्या बढी रहेको विश्लेषणले देखाएको छ। अर्थात हाल (२०७७ सालमा) को विद्यालय वर्षमा १२४ वटा नयाँ विद्यालयहरू स्थापना भएका छन् र ४१३ वटा तल्लो आधारभूत विद्यालयहरूलाई उच्च आधारभूत तहमा स्तरोन्नति गरिएको छ। त्यसैगरी ३४० माथिल्लो आधारभूत विद्यालयलाई माध्यमिक तह (कक्षा ९-१०) र १७९ माध्यमिक तह (कक्षा ९-१०) बाट स्तरोन्नति गरी माध्यमिक तह (कक्षा ११-१२) मा स्तरोन्नति गरिएको छ। यहाँ माध्यमिक तह विद्यालय (कक्षा ९-१२) सञ्चालन हुने विद्यालयको संख्या कक्षा ९-१० सञ्चालन हुने माध्यमिक तह विद्यालय भन्दा बढी छ। अर्थात कक्षा ११-१२ मात्र सञ्चालन गर्ने उच्च माध्यमिक विद्यालयहरूको संख्या २४७ वटा छन्।

त्यसैगरी, तल्लो आधारभूत देखि माथिल्लो आधारभूत तहको विद्यालयको औसत अनुपात २:१ रहेको छ, अर्थात माथिल्लो आधारभूत शिक्षाका लागि १ वटा माथिल्लो आधारभूत तह विद्यालयले २ भन्दा बढी तल्लो आधारभूत विद्यालयका बालबालिकालाई सेवा प्रदान गरेको छ। यो अनुपात सबैभन्दा बढी कर्णाली प्रदेश त्यसपछिको बढी मधेश प्रदेशमा रहेको छ भने सबैभन्दा कम बगमती प्रदेशमा रहेको छ।

त्यस्तै, माथिल्लो आधारभूत तहदेखि माध्यमिक तह (कक्षा ९-१०) सम्मको औसत अनुपात १.६ जुन सबैभन्दा बढी कर्णाली प्रदेशमा पाईन्छ। माध्यमिक तह (कक्षा ९-१०) देखि माध्यमिक तह (कक्षा ११-१२) सम्मको औसत अनुपात २.५ रहेको छ जुन सबैभन्दा बढी बागमती प्रदेशमा पाईन्छ।

तालिका ३.४ मा छात्रछात्रा सम्बन्धि विस्तृत विवरण दिइएको छ। शैक्षिक सत्र २०७७ मा पूर्व प्राथमिक, आधारभूत र माध्यामिक गरी जम्मा ८२१४५१० विद्यार्थीहरू (छात्रा: ४९.६%, छात्र: ५०.४%) रहेको देखिन्छ। पूर्व प्राथमिक तहमा ११३०५२१ विद्यार्थी (छात्रा: ४६.०%, छात्र: ५४.०%), आधारभूत तहमा ५३३८९५३ विद्यार्थी (छात्रा: ४९.८%, छात्र: ५०.२%) र माध्यामिक तहमा १७४५०३६ विद्यार्थी (छात्रा: ५१.३%, छात्र: ४८.७%) रहेको देखिन्छ।

**तालिका ३.४: विद्यालय तहको छात्र छात्राको विवरण, २०७७**

| शिक्षा तह | | | नेपाल | प्रदेश १ | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पूर्व प्राथमिक | | छात्रा | ५१९६६० | ९६०९३ | ७९५२७ | १०२८७६ | ४४०७१ | १०४३१९ | ३६२८२ | ५६४९२ |
| | | छात्र | ६१०८६१ | १०९९११ | ९४२५० | १२३९७२ | ५२८५९ | १२५९६४ | ३८७६३ | ६५१४२ |
| | | जम्मा | ११३०५२१ | २०६००४ | १७३७७७ | २२६८४८ | ९६९३० | २३०२८३ | ७५०४५ | १२१६३४ |
| आधारभूत | कक्षा १–५ | छात्रा | १७५००६५ | २७६६०८ | ३९३३४९ | २९४९५० | ११८४०० | ३०९४३४ | १५३०२७ | २०४२९७ |
| | | छात्र | १७७२११२ | २८१२२९ | ३६७५४९ | ३२५४८४ | १२९६७६ | ३२६४८७ | १४५७०८ | १९५९७९ |
| | | जम्मा | ३५२२१७७ | ५५७८३७ | ७६०८९८ | ६२०४३४ | २४८०७६ | ६३५९२१ | २९८७३५ | ४००२७६ |
| | कक्षा ६–८ | छात्रा | ९०६२५९ | १५३४५७ | १५४७०३ | १७४८४९ | ७५६६२ | १५८९८६ | ७८२५४ | ११०३४८ |
| | | छात्र | ९१०५१७ | १५३०११ | १५४६३३ | १८४७१२ | ७७३२५ | १६२३४८ | ७३८०३ | १०४६८५ |
| | | जम्मा | १८१६७७६ | ३०६४६८ | ३०९३३६ | ३५९५६१ | १५२९८७ | ३२१३३४ | १५२०५७ | २१५०३३ |
| | **कक्षा १–८** | छात्रा | २६५६३२४ | ४३००६५ | ५४८०५२ | ४६९७९९ | १९४०६२ | ४६८४२० | २३१२८१ | ३१४६४५ |
| | | छात्र | २६८२६२९ | ४३४२४० | ५२२१८२ | ५१०१९६ | २०७००१ | ४८८८३५ | २१९५११ | ३००६६४ |
| | | जम्मा | ५३३८९५३ | ८६४३०५ | १०७०२३४ | ९७९९९५ | ४०१०६३ | ९५७२५५ | ४५०७९२ | ६१५३०९ |
| माध्यमिक | कक्षा ९–१० | छात्रा | ५३२२४९ | ९४८९३ | ८०८७९ | ११०६४२ | ४९१९७ | ९००६० | ४४२१४ | ६२३६४ |
| | | छात्र | ५३२५६६ | ९०९९२ | ९१७८९ | ११२७१५ | ४८५०४ | ८९२०२ | ४१३४१ | ५८०२३ |
| | | जम्मा | १०६४८१५ | १८५८८५ | १७२६६८ | २२३३५७ | ९७७०१ | १७९२६२ | ८५५५५ | १२०३८७ |
| | कक्षा ११–१२ | छात्रा | ३६३०१९ | ८२६१४ | ३७५७७ | ७१५९२ | ३७८०४ | ६१६१९ | २८६५३ | ४३१६० |
| | | छात्र | ३१७२०२ | ६८८४५ | ३६७५५ | ६३४३६ | ३३४२३ | ५६२६४ | २४९१७ | ३३५६२ |
| | | जम्मा | ६८०२२१ | १५१४५९ | ७४३३२ | १३५०२८ | ७१२२७ | ११७८८३ | ५३५७० | ७६७२२ |
| | **कक्षा ९–१२** | छात्रा | ८९५२६८ | १७७५०७ | ११८४५६ | १८२२३४ | ८७००१ | १५१६७९ | ७२८६७ | १०५५२४ |
| | | छात्र | ८४९७६८ | १५९८३७ | १२८५४४ | १७६१५१ | ८१९२७ | १४५४६६ | ६६२५८ | ९१५८५ |
| | | जम्मा | १७४५०३६ | ३३७३४४ | २४७००० | ३५८३८५ | १६८९२८ | २९७१४५ | १३९१२५ | १९७१०९ |

स्रोत: Flash I Report २०७७ (२०२०/२१) शिक्षा बिभाग, सानोठिमी, भक्तपुर ।

शैक्षिक सत्र २०७७ मा विद्यालय तहको शिक्षक शिक्षिकाको विस्तृत संख्यात्मक विवरण र शिक्षिका शिक्षकको जि.पि.आइ (gender parity index) पनि तालिका ३.५ मा प्रस्तुत गरिएको छ । शिक्षक शिक्षकको संख्या हेर्ने हो भने शिक्षकको भन्दा शिक्षिकाको संख्या आधारभूत (४४.२%) तथा माध्यामिक (२०.८%) दुवै तहमा कम देखिएको छ । नेपालमा शिक्षिका शिक्षकको जि.पि.आइ हेर्दा आधारभुत तहदेखि क्रमश: माथि अंक घट्दो गएको देखिन्छ । आधारभुत तहमा जि.पि.आइ ०.७९ रहेकोमा माध्यमिक तहमा ०.२६ रहेको देखिन्छ । आधारभुत तहमा जि.पि.आइ. बागमती प्रदेशमा सबैभन्दा बढी १.२९ (प्रति १०० शिक्षक बराबर १२९ शिक्षिका) रहेको देखिन्छ भने मधेश प्रदेशमा सबैभन्दा कम ०.४३ रहेको देखिन्छ । माध्यमिक तहमा सबैभन्दा बढी जि.पि.आइ बागमती प्रदेशमा (०.३६) र सबैभन्दा कम मधेश प्रदेशमा (०.१७) रहेको देखिन्छ ।

**तालिका ३.५: विद्यालय तहको शिक्षकको विवरण, २०७७**

| शिक्षा तह | | | नेपाल | प्रदेश १ | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|---|---|---|
| आधारभूत | कक्षा १–५ | महिला | ९५४५० | १७७३२ | ६६१३ | २७४२५ | १४६५९ | १६९८० | ४१११ | ७९३० |
| | | पुरुष | १०५८४६ | २०३३९ | १४८५९ | १८३९३ | ११७२७ | १८८९९ | ७८८२ | १३७४७ |
| | | जम्मा | २०१२९६ | ३८०७१ | २१४७२ | ४५८१८ | २६३८६ | ३५८७९ | ११९९३ | २१६७७ |
| | | GPI* | ०.९० | ०.८७ | ०.४५ | १.४९ | १.२५ | ०.९० | ०.५२ | ०.५८ |
| | कक्षा ६–८ | महिला | १८१०४ | २९३६ | १३१३ | ६६४३ | २२६५ | २७२० | ७९५ | १४३२ |
| | | पुरुष | ३७७७७ | ७५२७ | ३४५९ | ८०९७ | ४७३९ | ६१९९ | २६८३ | ५०७३ |
| | | जम्मा | ५५८८१ | १०४६३ | ४७७२ | १४७४० | ७००४ | ८९१९ | ३४७८ | ६५०५ |
| | | GPI | ०.४८ | ०.३९ | ०.३८ | ०.८२ | ०.४८ | ०.४४ | ०.३० | ०.२८ |
| | **कक्षा १–८** | महिला | ११३५५४ | २०६६८ | ७९२६ | ३४०६८ | १६९२४ | १९७०० | ४९०६ | ९३६२ |
| | | पुरुष | १४३६२३ | २७८६६ | १८३१८ | २६४९० | १६४६६ | २५०९८ | १०५६५ | १८८२० |
| | | जम्मा | २५७१७७ | ४८५३४ | २६२४४ | ६०५५८ | ३३३९० | ४४७९८ | १५४७१ | २८१८२ |
| | | GPI | ०.७९ | ०.७४ | ०.४३ | १.२९ | १.०३ | ०.७८ | ०.४६ | ०.५० |
| माध्यमिक | कक्षा ९–१० | महिला | ९६६२ | १४७९ | ५४९ | ४००१ | १३९४ | १३२७ | २५९ | ६५३ |
| | | पुरुष | ३४७८४ | ६३३६ | ३१०६ | १०९५९ | ४५०४ | ५००० | १५९२ | ३२८७ |
| | | जम्मा | ४४४४६ | ७८१५ | ३६५५ | १४९६० | ५८९८ | ६३२७ | १८५१ | ३९४० |
| | | GPI | ०.२८ | ०.२३ | ०.१८ | ०.३७ | ०.३१ | ०.२७ | ०.१६ | ०.२० |
| | कक्षा ११–१२ | महिला | ३५४९ | ५३७ | १४५ | १२३६ | ६०९ | ४८३ | १७५ | ३६४ |
| | | पुरुष | १५४०४ | २५१४ | ९७५ | ३५८२ | २९४७ | २६३४ | ८९६ | १८५६ |
| | | जम्मा | १८९५३ | ३०५१ | ११२० | ४८१८ | ३५५६ | ३११७ | १०७१ | २२२० |
| | | GPI | ०.२३ | ०.२१ | ०.१५ | ०.३५ | ०.२१ | ०.१८ | ०.२० | ०.२० |
| | **कक्षा ९–१२** | महिला | १३२११ | २०१६ | ६९४ | ५२३७ | २००३ | १८१० | ४३४ | १०१७ |
| | | पुरुष | ५०१८८ | ८८५० | ४०८१ | १४५४१ | ७४५१ | ७६३४ | २४८८ | ५१४३ |
| | | जम्मा | ६३३९९ | १०८६६ | ४७७५ | १९७७८ | ९४५४ | ९४४४ | २९२२ | ६१६० |
| | | GPI | ०.२६ | ०.२३ | ०.१७ | ०.३६ | ०.२७ | ०.२४ | ०.१७ | ०.२० |

स्रोत: Flash I Report २०७७ (२०२०/२१) शिक्षा बिभाग, सानोठिमी, भक्तपुर ।

*GPI: Gender Parity Index

## ३.२.१ कूल भर्ना दर र खूद भर्ना दर

कुनै पनि तहको कूल भर्ना दर भन्नाले उक्त तहमा अध्ययनरत जुन सुकै उमेर समूहको विधार्थी भर्ना संख्यालाई जनाउँछ । तर खूद भर्ना दरमा उमेर समूहको पनि हेक्का राखिन्छ । त्यसैले कूल भर्ना दर १०० भन्दा पनि बढी हुन सक्दछ । शैक्षिक सत्र २०७७ मा विद्यालय शिक्षामा विद्यार्थीहरूको कूल भर्ना दर तथा खूद भर्ना दर तालिका ३.६ र ३.७ मा प्रस्तुत गरिएका छ ।

**तालिका ३.६: विद्यालय तहको छात्र छात्राको कुल भर्नादर विवरण, २०७७**

| शिक्षा तह | | | नेपाल | प्रदेश १ | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पूर्व प्राथमिक | | छात्रा | ८६.४ | १०१.० | ५३.९ | १०६.२ | ९७.० | ९९.६ | ७९.९ | ८५.० |
| | | छात्र | ८८.७ | १०३.४ | ५६.६ | १०९.६ | ९७.६ | १०३.३ | ७८.२ | ८४.८ |
| | | जम्मा | ८७.६ | १०२.२ | ५५.३ | १०८.० | ९७.३ | १०१.६ | ७९.० | ८४.९ |
| आधारभुत | कक्षा १–५ | छात्रा | ११८.९ | ११९.७ | ११७.५ | ११७.६ | १०८.३ | ११७.३ | १३१.० | १२३.२ |
| | | छात्र | ११७.६ | ११८.२ | ११३.४ | ११७.९ | ११३.१ | ११८.७ | १२७.० | ११९.५ |
| | | जम्मा | ११८.२ | ११८.९ | ११५.५ | ११७.८ | ११०.७ | ११८.० | १२९.० | १२१.४ |
| | कक्षा ६–८ | छात्रा | १०५.८ | ११०.२ | ९४.४ | १०८.९ | १०६.७ | १०३.९ | ११४.३ | ११०.३ |
| | | छात्र | १०३.४ | १०७.२ | ९२.९ | १०६.१ | १०४.३ | १०३.० | १०८.८ | १०७.२ |
| | | जम्मा | १०४.६ | १०८.७ | ९३.७ | १०७.५ | १०५.५ | १०३.४ | १११.५ | १०८.७ |
| | **कक्षा १–८** | छात्रा | ११४.१ | ११६.१ | १०९.९ | ११४.२ | १०७.७ | ११२.४ | १२४.८ | ११८.३ |
| | | छात्र | ११२.४ | ११४.१ | १०६.५ | ११३.४ | १०९.६ | ११२.९ | १२०.२ | ११४.९ |
| | | जम्मा | ११३.२ | ११५.१ | १०८.२ | ११३.८ | १०८.७ | ११२.७ | १२२.५ | ११६.६ |
| माध्यमिक | कक्षा ९–१० | छात्रा | ९७.६ | १०१.९ | ८७.६ | ९०.६ | ९८.५ | ९३.२ | १२३.८ | ११२.५ |
| | | छात्र | ९६.२ | ९५.० | ९०.१ | ९४.२ | ९७.८ | ८९.४ | १२१.३ | १०९.७ |
| | | जम्मा | ९६.९ | ९८.४ | ८८.९ | ९२.४ | ९८.२ | ९१.२ | १२२.६ | १११.१ |
| | कक्षा ११–१२ | छात्रा | ५८.६ | ६७.९ | ६३.७ | ४३.० | ५६.७ | ६२.४ | ७०.६ | ६५.१ |
| | | छात्र | ५४.० | ६४.० | ५८.७ | ४१.६ | ५०.९ | ५६.२ | ६२.० | ५७.० |
| | | जम्मा | ५६.३ | ६६.० | ६१.१ | ४२.३ | ५३.९ | ५९.३ | ६६.३ | ६१.३ |
| | **कक्षा ९–१२** | छात्रा | ७६.९ | ८२.६ | ७८.३ | ६३.१ | ७४.६ | ७७.६ | ९५.५ | ८६.७ |
| | | छात्र | ७४.४ | ७८.६ | ७८.१ | ६४.७ | ७१.१ | ७२.७ | ८९.२ | ८१.९ |
| | | जम्मा | ७५.७ | ८०.७ | ७८.२ | ६३.९ | ७२.९ | ७५.१ | ९२.४ | ८४.४ |

स्रोत: Flash I Report २०७७ (२०२०/२१) शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

नेपालमा शैक्षिक वर्ष २०७७ को कूल भर्ना दर पूर्वप्राथमिक तहमा ८७.६, आधारभुत तहमा ११३.२ र माध्यमिक तहमा ७५.७ रहेको देखिन्छ । कूल भर्ना दर प्रदेशिक तहमा हेर्दा पूर्वप्राथमिक तहमा बाहेक अरु तहमा कूल भर्ना दर सबैभन्दा बढी कर्णाली प्रदेशमा रहेको देखिन्छ भने पूर्वप्राथमिक तहमा बागमती प्रदेशमा रहेको देखिन्छ भने सबैभन्दा कम मधेश प्रदेशमा रहेको देखिन्छ । आधारभुत तहमा सबैभन्दा कम कूल भर्ना दर मधेश प्रदेशमा रहेको देखिन्छ भने माध्यमिक तहमा सबैभन्दा कम कूल भर्ना दर बागमती प्रदेशमा देखिन्छ ।

**तालिका ३.७: विद्यालय तहको छात्र छात्राको खुद भर्नादर विवरण, २०७७**

| शिक्षा तह | | | नेपाल | प्रदेश १ | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पूर्व प्राथमिक | | छात्रा | ६९.७ | ७८.२ | ५०.८ | ७५.९ | ७७.९ | ७७.७ | ६७.८ | ७३.३ |
| | | छात्र | ६६.८ | ७३.३ | ४९.४ | ७३.५ | ७४.८ | ७५.१ | ६४.१ | ६८.९ |
| | | जम्मा | ६८.२ | ७५.६ | ५०.० | ७४.६ | ७६.२ | ७६.३ | ६५.९ | ७१.० |
| आधारभुत | कक्षा १–५ | छात्रा | ९६.९ | ९६.९ | ९६.७ | ९६.८ | ९६.९ | ९६.९ | ९७.० | ९७.१ |
| | | छात्र | ९७.९ | ९८.० | ९७.५ | ९७.७ | ९७.९ | ९८.० | ९८.१ | ९८.३ |
| | | जम्मा | ९७.४ | ९७.४ | ९७.१ | ९७.२ | ९७.४ | ९७.४ | ९७.५ | ९७.७ |
| | कक्षा ६–८ | छात्रा | ९१.८ | ९४.० | ८०.३ | ९५.० | ९५.७ | ९०.० | ९३.० | ९४.७ |
| | | छात्र | ९३.१ | ९४.९ | ८४.३ | ९४.९ | ९५.९ | ९१.७ | ९४.६ | ९५.३ |
| | | जम्मा | ९२.४ | ९४.४ | ८२.३ | ९५.० | ९५.८ | ९०.८ | ९३.८ | ९५.० |
| | **कक्षा १–८** | छात्रा | ९४.३ | ९५.५ | ८८.५ | ९५.९ | ९६.३ | ९३.४ | ९५.० | ९५.९ |
| | | छात्र | ९५.५ | ९६.४ | ९०.९ | ९६.३ | ९६.९ | ९४.८ | ९६.३ | ९६.८ |
| | | जम्मा | ९४.९ | ९५.९ | ८९.७ | ९६.१ | ९६.६ | ९४.१ | ९५.७ | ९६.३ |
| माध्यमिक | कक्षा ९–१० | छात्रा | ७१.२ | ७७.४ | ६०.१ | ७७.२ | ७४.८ | ६८.९ | ६७.९ | ७२.१ |
| | | छात्र | ७०.४ | ७४.७ | ६६.० | ७३.९ | ७४.६ | ६६.४ | ६५.१ | ७२.३ |
| | | जम्मा | ७०.८ | ७६.० | ६३.० | ७५.५ | ७४.७ | ६७.७ | ६६.५ | ७२.२ |
| | कक्षा ११–१२ | छात्रा | ३१.६ | ३३.९ | २८.५ | ३५.७ | ३२.० | २९.९ | २८.० | ३३.२ |
| | | छात्र | ३१.५ | ३२.५ | २८.१ | ३२.३ | ३०.४ | २९.७ | ३०.९ | ३६.४ |
| | | जम्मा | ३१.५ | ३३.२ | २८.३ | ३४.० | ३१.२ | २९.८ | २९.५ | ३४.८ |
| | **कक्षा ९–१२** | छात्रा | ५१.४ | ५५.७ | ४४.३ | ५६.४ | ५३.४ | ४९.४ | ४८.० | ५२.६ |
| | | छात्र | ५०.९ | ५३.६ | ४७.० | ५३.१ | ५२.५ | ४८.० | ४८.० | ५४.३ |
| | | जम्मा | ५१.२ | ५४.६ | ४५.७ | ५४.८ | ५२.९ | ४८.७ | ४८.० | ५३.५ |

स्रोत: Flash I Report २०७७ (२०२०/२१) शिक्षा बिभाग, सानोठिमी, भक्तपुर ।

नेपालमा शैक्षिक वर्ष २०७७ को खुद भर्ना दर पूर्वप्राथमिक तहमा ६८.२, आधारभुत तहमा ९४.९ र माध्यमिक तहमा ५१.२ रहेको देखिन्छ । खुद भर्ना दर प्रदेशिक तहमा हेर्दा पूर्वप्राथमिक तहदेखि माध्यमिक तहसम्म सबैभन्दा कम खुद भर्ना दर मधेश प्रदेशमा रहेको देखिन्छ । पूर्वप्राथमिक तहमा खुद भर्ना दर सबैभन्दा बढी लुम्बिनी प्रदेशमा रहेको देखिन्छ भने आधारभुत तहमा र माध्यमिक तहमा क्रमश: गणडकी प्रदेश र बागमती प्रदेश रहेको देखिन्छ ।

## ३.२.२ विधार्थी विद्यालय अनुपात

विद्यार्थी विद्यालय अनुपातले हरेक एक विद्यालयमा कति विद्याथी छन् भन्ने जनाउछ । विद्यालय स्तरमा विद्यार्थी विद्यालय अनुपातको वास्तविक स्थिति थाहा पाउनु उत्तिकै महत्वपूर्ण हुन्छ । यो अनुपातले विद्यार्थीहरूलाई समायोजन गर्न स्कूलको क्षमताको सीमा प्रस्तुत गर्दछ । योजना तर्जुमाको दृष्टिकोणबाट यो सूचकले शिक्षण सिकाई क्रियाकलापका लागि विद्यार्थीहरूलाई समायोजन गर्न विद्यमान विद्यालयहरूको औसत क्षमता थाहा पाउन मद्दत गर्दछ ।

तालिका ३.८: विद्यार्थी विद्यालय अनुपात, २०७७

| क्षेत्र | जम्मा | आधारभुत | | | माध्यमिक | | |
|---|---|---|---|---|---|---|---|
| | | कक्षा १–५ | कक्षा ६–८ | कक्षा १–८ | कक्षा ९–१० | कक्षा ११ – १२ | कक्षा ९ – १२ |
| नेपाल | १९९ | १०० | १०६ | १५१ | ९७ | १५६ | १५५ |
| प्रदेश १ | १७२ | ८१ | ९१ | १२५ | ९१ | १९८ | १६२ |
| मधेश प्रदेश | ३१६ | १८४ | १७३ | २५८ | १६६ | १६४ | २३२ |
| बागमती प्रदेश | १९० | ९० | ८९ | १४१ | ७४ | १२५ | ११४ |
| गण्डकी प्रदेश | १३२ | ५९ | ७६ | ९४ | ७१ | ११२ | १२० |
| लुम्बिनी प्रदेश | २१७ | १११ | ११७ | १६७ | १०५ | १७२ | १७२ |
| कर्णाली प्रदेश | १८५ | ९५ | १२१ | १४२ | १२२ | १७९ | १९८ |
| सुदूरपश्चिम प्रदेश | १९३ | ९६ | १०८ | १४६ | ११० | १७० | १७८ |

स्रोत: Flash I Report २०७७ (२०२०/२१) शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

तल्लो आधारभूत तह (कक्षा १–५) मा विद्यार्थी विद्यालय अनुपातको राष्ट्रिय औसत १:१०० रहेको छ । यसले औसतमा आधारभूत तहको तल्लो तहको एक विद्यालयले १०० बालबालिकालाई सेवा दिने गरेको जनाइएको छ । त्यसैगरी, माथिल्लो आधारभूत तह (कक्षा ६–८) को विद्यार्थी विद्यालय अनुपात १:१०६ र आधारभूत तह (१–८) मा १:१५१ रहेको छ ।

त्यस्तै, माध्यमिक तहमा विद्यार्थी विद्यालयको राष्ट्रिय औसत अनुपात (कक्षा ९-१०) मा १:९७, माध्यमिक तह (कक्षा ११-१२) मा १:१५६ र माध्यमिक तह (कक्षा ९-१२) मा १:१५५ रहेकोले औसतमा माध्यमिक तह (कक्षा ९-१०) ले ९७ विद्यार्थी र माध्यमिक तह (कक्षा ११-१२) ले १५६ विद्यार्थीलाई सेवा दिने रहेको छ ।

माध्यमिक तह (कक्षा ११-१२) बाहेक सबै तहमा सबैभन्दा बढी विद्यार्थी विद्यालयको औषत अनुपात मधेश प्रदेशमा रहेको छ भने सबै तहमा सबैभन्दा कम विद्यार्थी विद्यालयको औषत अनुपात गण्डकी प्रदेशमा पाईन्छ । यसले के संकेत गर्छ भने मधेश प्रदेशमा कक्षाकोठामा विधार्थीको चाप बढी हुन्छ भने गण्डकी प्रदेशमा कम हुन्छ । त्यसैले सबै बालबालिकालाई समान अवसर सिकाईका लागि मधेश प्रदेशमा उचित योजना को आवश्यकता छ ।

### ३.२.३ विद्यार्थी शिक्षक अनुपात

विद्यार्थी शिक्षक अनुपातले विद्यालयमा प्रत्येक शिक्षकले कति विद्याथीहरूलाई शिक्षण सेवा दिइरहेको संख्यालाई जनाउँदछ । विद्यार्थी शिक्षक अनुपातलाई शिक्षाको गुणस्तरको मापनमा पनि हेर्न सकिन्छ । यसबाट अध्ययन तथा सिकाईमा प्रत्यक्ष असर पर्दछ । विद्यार्थी शिक्षक अनुपात सम्बन्धी विवरण तालिका ३.९ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.९: विद्यार्थी शिक्षक अनुपात, २०७७**

| क्षेत्र | आधारभुत | | | माध्यमिक | | |
|---|---|---|---|---|---|---|
| | कक्षा १–५ | कक्षा ६–८ | कक्षा १–८ | कक्षा ९–१० | कक्षा ११ – १२ | कक्षा ९ – १२ |
| नेपाल | १७ | ३३ | २१ | २४ | ३६ | २८ |
| प्रदेश १ | १५ | २९ | १८ | २४ | ५० | ३१ |
| मधेश प्रदेश | ३५ | ६५ | ४१ | ४७ | ६६ | ५२ |
| बागमती प्रदेश | १४ | २४ | १६ | १५ | २८ | १८ |
| गण्डकी प्रदेश | ९ | २२ | १२ | १७ | २० | १८ |
| लुम्बिनी प्रदेश | १८ | ३६ | २१ | २८ | ३८ | ३१ |
| कर्णाली प्रदेश | २५ | ४४ | २९ | ४६ | ५० | ४८ |
| सुदूरपश्चिम प्रदेश | १८ | ३३ | २२ | ३१ | ३५ | ३२ |

स्रोत: Flash I Report २०७७ (२०२०/२१) शिक्षा बिभाग, सानोठिमी, भक्तपुर ।

नेपालमा आधारभुत तहमा एक शिक्षक/शिीक्षका बराबर २१ जना विद्यार्थी रहेको देखिन्छ । माध्यमिक तहमा एक शिक्षक/शिक्षिका बराबर २८ जना विद्यार्थी रहेको देखिन्छ । प्रदेशगत विवरण हेर्ने हो भने आधारभुत तथा माध्यमिक दुबै तहमा सबैभन्दा बढी विद्यार्थी शिक्षक अनुपात मधेश प्रदेशमा क्रमश: ४१ र ५२ रहेको छ भने आधारभुत तथा माध्यमिक दुबै तहमा सबैभन्दा कम विद्यार्थी शिक्षक अनुपात गण्डकी प्रदेशमा क्रमश: १२ र १८ रहेको देखिन्छ ।

## ३.३ विश्वविद्यालय शिक्षा

नेपालमा हालसम्म खोलिएका विश्वविद्यालयहरूमध्ये त्रिभुवन विश्वविद्यालय नेपालको ज्येष्ठ विश्वविद्यालय हो । नेपालमा उच्च शिक्षाको विकास गर्ने उद्देश्यले २०१६ सालमा यसको स्थापना गरिएको हो । नेपाल संस्कृत विश्वविद्यालय दोस्रो विश्वविद्यालय हो । संस्कृत भाषाको सम्बर्धन तथा विकासको लागि मुलुकभित्रै संस्कृत भाषामा उच्च शिक्षा प्रदान गर्ने उद्देश्य राखी यस विश्वविद्यालयको स्थापना भएको हो । यस विश्वविद्यालयको केन्द्रीय कार्यालय नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको बेलभ्रुन्डी, दाङमा रहेको छ । वि.सं. २०४८ मा तेस्रो विश्वविद्यालयको रूपमा काठमाडौं विश्वविद्यालयको स्थापना भएको  हो । देशलाई विभिन्न विषयमा ज्ञान तथा सीप भएका दक्ष जनशक्ति आवश्यक पर्ने र एउटै विश्वविद्यालयले उक्त कार्य सम्पन्न गर्न व्यवस्थापकीय लगायतका विभिन्न कठिनाईहरूका कारणले सम्भव नहुने भएकोले नेपाल सरकारले क्षेत्रीय स्तरमा निजी स्रोत र साधनबाट विश्वविद्यालयहरू स्थापना गर्ने नीति लिए अनुरुप २०५१ सालमा पूर्वाञ्चल विश्वविद्यालयको स्थापना भएको हो । यस विश्वविद्यालयले उच्च शिक्षा क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । पोखरा विश्वविद्यालय वि.सं. २०५४ मा स्थापित भएको हो । भारत सरकारको प्राविधिक तथा आर्थिक सहयोगमा वि.सं. २०५५ मा सुनसरी जिल्लाको धरानमा स्थापित यस प्रतिष्ठान विश्वविद्यालय सरहको उच्च शैक्षिक संस्था हो । यस प्रतिष्ठानले चिकित्सक र नर्स उत्पादन गर्ने गर्दछ । यसरी नेपालमा भएका ११ वटा विश्वविद्यालय र ४ वटा स्वास्थ्य प्रतिष्ठान सम्बन्धी विवरण तालिका ३.१०, ३.११ र ३.१२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१०: विश्वविद्यालय/स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूको लिङ्ग अनुसार विद्यार्थी भर्ना विवरण, २०७६/७७**

| सि.न. | विश्वविघालय/संकाय | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| विश्वविद्यालय | | | | |
| १ | त्रिभुवन विश्वविद्यालय. | १६१७२० | १९४९३४ | ३५६६५४ |
| २ | नेपाल संस्कृत विश्वविद्यालय | २११७ | ७११ | २८२८ |
| ३ | काठमाडौं विश्वविद्यालय | ९९६१ | ८६८२ | १८६४३ |
| ४ | पूर्वाञ्चल विश्वविद्यालय | १३१०८ | १४४१९ | २७५२७ |
| ५ | पोखरा विश्वविद्यालय | १८३१७ | १४२६७ | ३२५८४ |
| ६ | लुम्बिनी बौद्ध विश्वविद्यालय | ४७८ | २१७ | ६९५ |
| ७ | कृषि तथा वन विश्वविद्यालय | २५२८ | १९०० | ४४२८ |
| ८ | सुदूर पश्चिमाञ्चल विश्वविद्यालय | ३८७२ | ६२२५ | १००९७ |
| ९ | मध्य पश्चिमाञ्चल विश्वविद्यालय | ५१७५ | ४५७९ | ९७५४ |
| १० | नेपाल खुला विश्वविद्यालय | १०३२ | १३२ | ११६४ |
| ११ | राजर्श्री जनक विश्वविद्यालय | १०८ | ७८ | १८६ |
| स्वास्थ्य विज्ञान प्रतिष्ठान | | | | |
| १२ | वि.पी. स्वास्थ्य विज्ञान प्रतिष्ठान | ७४६ | ६०२ | १३४८ |
| १३ | राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठान | २०१ | ४४१ | ६४२ |
| १४ | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान | ६० | १५९ | २१९ |
| १५ | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान | ३५ | २४ | ५९ |
| जम्मा | | २१९४५८ | २४७३७० | ४६६८२८ |

स्रोतः विश्वविद्यालय अनुदान आयोग , EMIS Report २०७६/७७ (२०१९/२०) सानोठिमी, भक्तपुर, नेपाल ।

विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त विवरण अनुसार शैक्षिक शत्र २०७६/७७ मा कुल ४६६८२८ विद्यार्थीहरू विश्वविद्यालय र स्वास्थ्य प्रतिष्ठानमा अध्ययनरत देखिन्छ । विश्वविद्यालयमा अध्ययनरत कुल विद्यार्थीको सबैभन्दा बढी ७६.४% विद्यार्थी त्रिभुवन विश्वविद्यालय अन्तरगत अध्ययनरत देखिन्छन् भने त्यसपछि क्रमशः पोखरा विश्वविद्यालयमा ६.९८%, पुर्वाञ्चल विश्वविद्यालयमा ५.९% र काठमांडौ विश्वविद्यालयमा ३.९९% विधार्थी अध्ययनरत देखिन्छ। बाँकी विश्वविद्यालय तथा स्वास्थ्य प्रतिष्ठानमा ३% भन्दा कम विधार्थी रहेका छन् ।

**तालिका ३.११: विश्वविद्यालय/स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूको तहगत विद्यार्थी भर्ना विवरण, २०७६/७७**

| सि.न. | विश्वविघालय/तह | स्नातक | पोस्ट ग्रेजुएट डिप्लोमा | स्नात्तकोत्तर | एम.फिल. | पि.एच.डि. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| विश्वविद्यालय | | | | | | | |
| १ | त्रिभुवन विश्वविद्यालय | ३२२५४० | – | ३२९९८ | – | १११६ | ३५६६५४ |
| २ | नेपाल संस्कृत विश्वविद्यालय | २४४१ | – | १५२ | – | २३५ | २८२८ |
| ३ | काठमाडौं विश्वविद्यालय | १६०१६ | २०० | १७३१ | ५७८ | ११८ | १८६४३ |
| ४ | पूर्वाञ्चल विश्वविद्यालय | २४३७० | – | ३१४१ | – | १६ | २७५२७ |
| ५ | पोखरा विश्वविद्यालय | २८८१३ | – | ३६९३ | ६३ | १५ | ३२५८४ |
| ६ | लुम्बिनी बौद्ध विश्वविद्यालय | २८४ | १४ | ३९७ | – | – | ६९५ |
| ७ | कृषि तथा वन विश्वविद्यालय | ३६२९ | – | ६८७ | – | ११२ | ४४२८ |
| ८ | सुदूर पश्चिमाञ्चल विश्वविद्यालय | ९०३९ | – | १०५८ | – | – | १००९७ |
| ९ | मध्य पश्चिमाञ्चल विश्वविद्यालय | ७२५८ | – | २४५६ | ४० | – | ९७५४ |
| १० | नेपाल खुला विश्वविद्यालय | ३०२ | – | २१० | ६५२ | – | ११६४ |
| ११ | राजर्श्री जनक विश्वविद्यालय | १६८ | – | १८ | – | – | १८६ |
| स्वास्थ्य विज्ञान प्रतिष्ठान | | | | | | | |
| १२ | वि.पी. स्वास्थ्य विज्ञान प्रतिष्ठान | १०१८ | – | ३२९ | – | १ | १३४८ |
| १३ | राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठान | ३४९ | – | २९३ | – | – | ६४२ |
| १४ | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान | १४५ | – | ७४ | – | – | २१९ |
| १५ | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान | ५४ | – | ५ | – | – | ५९ |
| **जम्मा** | | ४१६४२६ | २१४ | ४७२४२ | १३३३ | १६१३ | ४६६८२८ |

स्रोत: विश्वविद्यालय अनुदान आयोग , EMIS Report २०७६/७७ (२०१९/२०) सानोठिमी, भक्तपुर, नेपाल।

तालिका ३.११ लाई हेर्दा कुल ४६६८२८ विद्यार्थीहरूमध्ये ८९.२% ले स्नातक गरेको देखिन्छ भने १०.२% ले स्नात्तकोत्तर, ०.३५% ले पि.एच.डि, ०.२८% ले एम.फिल., ०.०५% ले पोस्ट ग्रेजुएट डिप्लोमा गरेको देखिन्छ। भर्नाको अनुपात अरु विश्वविद्यालयको तुलनामा त्रिभुवन विश्वविद्यालयमा बढी देखिन्छ।

तालिका ३.१२ को तथ्यांकलाई विश्लेषण गर्दा शैक्षिक शत्र २०७६/७७ मा भर्ना भएका कुल ४६६८२८ अध्ययनरत विद्यार्थीमध्ये सबैभन्दा बढी विधार्थी व्यवस्थापन संकायमा ४३.४३% त्यसपछि क्रमश: शिक्षा संकायमा १९.१%, मानविकी तथा समाजशास्त्र संकायमा १२.६१%, विज्ञान संकायमा ८%, इन्जिनियरीङ्गमा ६.३८% र चिकित्सा विज्ञान पढ्ने ५.९५% रहेका छन्  भने अन्य संकायमा तुलनात्मक रुपमा न्युन विधार्थी भर्ना भएका रहेछन्।

**तालिका ३.१२: विश्वविद्यालय/स्वास्थ्य प्रतिष्ठानहरूको संकाय अनुसार विद्यार्थी भर्ना विवरण, २०७६/७७**

| सि.नं. | विश्वविद्यालय/संकाय | विज्ञान तथा प्रविधि | व्यवस्थापन | मानविकी तथा समाज शास्त्र | शिक्षा | आयुर्वेद | चिकित्सा | इन्जिनियरिङ्ग | कानून | संस्कृत | ए.मि.एफ | कृषि | वन विज्ञान | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | त्रिभुवन वि. | ३१२३९ | १६५६५२ | ५२७१४ | ७७८५३ | ११९ | ४९४४ | १२४३९ | ८२७१ | – | – | २३०८ | १११५ | ३५६६५४ |
| २ | नेपाल संस्कृत वि. | – | – | – | – | ३७९ | – | – | – | २४४९ | – | – | – | २८२८ |
| ३ | काठमाडौं वि. | १३५४ | २४८१ | १६६७ | १०७८ | – | १०१६७ | १८९६ | – | – | – | – | – | १८६४३ |
| ४ | पूर्वाञ्चल वि. | २९३९ | ८२७१ | ५३४ | २१९३ | – | ७६७४ | ४६३१ | १२८५ | – | – | – | – | २७५२७ |
| ५ | पोखरा वि. | ५८७ | १८९७६ | ३७२ | – | – | २७२१ | ९९२८ | – | – | – | – | – | ३२५८४ |
| ६ | लुम्बिनी बौद्ध वि. | १९३ | ९५ | २१ | – | ३५ | – | – | ८२ | – | – | – | – | ६९५ |
| ७ | कृषि तथा वन वि. | – | – | – | – | – | – | – | – | – | ६४४ | २९७८ | ८०६ | ४४२८ |
| ८ | सुदूर पश्चिमाञ्चल वि. | २८३ | ४१७२ | १३७२ | ३८८३ | – | – | १९० | – | – | – | १९७ | | १००९७ |
| ९ | मध्य पश्चिमाञ्चल वि. | ४५२ | २५९१ | २१०० | ३७७८ | – | – | ७१६ | ११७ | – | – | – | – | ९७५४ |
| १० | नेपाल खुला वि. | २०६ | ४४८ | ८२ | ३६४ | – | – | – | ६४ | – | – | – | – | ११६४ |
| ११ | राजर्श्री जनक वि. | ८९ | ७० | २७ | – | – | – | – | – | – | – | – | – | १८६ |
| | | | | | | | स्वास्थ्य विज्ञान प्रतिष्ठान | | | | | | | |
| १२ | वि.पी. स्वास्थ्य वि.प्र. | – | – | – | – | – | १३४८ | – | – | – | – | – | – | १३४८ |
| १३ | राष्ट्रिय चिकित्सा वि.प्र. | – | – | – | – | – | ६४२ | – | – | – | – | – | – | ६४२ |
| १४ | पाटन स्वास्थ्य वि.प्र. | – | – | – | – | – | २१९ | – | – | – | – | – | – | २१९ |
| १५ | कर्णाली स्वास्थ्य वि.प्र. | – | – | – | – | – | ५९ | – | – | – | – | – | – | ५९ |
| **जम्मा** | | ३७३४२ | २०२७५६ | ५८८८९ | ८९१४९ | ५३३ | २७७७४ | २९८०० | ९८१९ | २४४९ | ६४४ | ५४८३ | १९२१ | ४६६८२८ |

स्रोतः विश्वविद्यालय अनुदान आयोग , EMIS Report २०७६/७७ (२०१९/२०) सानोठिमी, भक्तपुर, नेपाल ।

# परिच्छेद ४: स्वास्थ्य

## ४.१ स्वास्थ्य संस्था

सरकारको प्राथमिकताको क्षेत्रहरूमध्ये स्वास्थ्य सेवा पनि एक प्रमुख क्षेत्रको रुपमा रहँदै आएको छ । स्वास्थ्य सेवा सम्वन्धी अधिकारलाई मानव अधिकारको रुपमा समेत स्वीकार गरिएको छ । नेपालको संविधानले स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा राखेको छ । कमजोर आर्थिक स्थिति, शिक्षाको कमी, भौगोलिक विकटता, भौतिक पूर्वाधार तथा तालिम प्राप्त जनशक्तिको अभावले गर्दा अझै पनि केही जनता आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित छन् । स्वास्थ्य सेवालाई अझ वढी सेवामुलक वनाउन स्वास्थ्य सेवाको विकास र विस्तार गरी स्वास्थ्य जनशक्ति उपलव्ध गराउन ग्रामिण स्तरसम्म एकिकृत स्वास्थ्य सेवा पुऱ्याउन सरकार प्रयत्नरत छ । तालिका ४.१ र ४.२ मा स्वास्थ्य संस्थाहरूको विवरण प्रस्तुत गरिएको छ ।

**तालिका ४.१: स्वास्थ्य संस्था, २०७६/७७**

| क्षेत्र | अस्पताल संख्या | प्राथमिक स्वास्थ्य केन्द्र | स्वास्थ्य चौकी | महिला स्वास्थ्य स्वयं सेविका |
|---|---|---|---|---|
| नेपाल | १३२ | १९४ | ३७३७ | ५१४२३ |
| प्रदेश १ | २० | ३८ | ६१३ | - |
| मधेश प्रदेश | १२ | ३२ | ७४४ | - |
| बागमती प्रदेश | ३४ | ४१ | ६१३ | - |
| गण्डकी प्रदेश | १६ | २३ | ४९२ | - |
| लुम्बिनी प्रदेश | २२ | ३० | ५६९ | - |
| कर्णाली प्रदेश | १४ | १४ | ३२८ | - |
| सुदूरपश्चिम प्रदेश | १४ | १६ | ३७८ | - |

स्रोत: स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, टेकु, काठमाडौं ।

आ.व. २०७६/७७ मा नेपालमा कुल १३२ अस्पताल संख्या रहेको देखिन्छ । प्रदेश तहमा हेर्दा कुल अस्पतालको सबैभन्दा बढी लगभग एक चौथाई हिस्सा बागमती प्रदेशमा (२५.८%) रहेको देखिन्छ र क्रमशः लुम्बिनी प्रदेशमा १६.७%, प्रदेश नं. १ मा १५.२%, गण्डकी प्रदेशमा १२.१%, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशमा बराबर १०.६% छ भने सबैभन्दा कम मधेश प्रदेशमा मात्रै ९.१% रहेको देखिन्छ ।

त्यस्तै नेपालमा कुल १९४ प्राथमिक स्वास्थ्य केन्द्र रहेको देखिन्छ । कुल प्राथमिक स्वास्थ्य केन्द्रको करिब २१.१% बागमती प्रदेशमा रहेको देखिन्छ भने त्यसपछि क्रमशः प्रदेश नं. १ मा १९.६%, मधेश प्रदेशमा १६.५%, लुम्बिनी प्रदेशमा १५.५%, गण्डकी प्रदेशमा ११.९%, सुदूरपश्चिम प्रदेशमा ८.२% र सबैभन्दा कम कर्णाली प्रदेशमा ७.२% रहेको छ ।

नेपालमा आ.व. २०७६/७७ मा ३७३७ स्वास्थ्य चौकी रहेको देखिन्छ । कुल स्वास्थ्य चौकीको १९.९% हिस्सा मधेश प्रदेशमा रहेको देखिन्छ भने सो पछि क्रमशः प्रदेश नं. १ र बागमती प्रदेशमा बराबर १६.४%, लुम्बिनी प्रदेशमा १५.२%, गण्डकी प्रदेशमा १३.२%, सुदूरपश्चिम प्रदेशमा १०.१% र सबैभन्दा कम कर्णाली प्रदेशमा ८.८% रहेको छ । यसै गरी नेपालमा जम्मा महिला स्वास्थ्य स्वयं सेविका ५१४२३ रहेको देखिन्छ ।

**तालिका ४.२: स्वास्थ्य संस्थाहरूको तुलनात्मक विवरण**

| आ.व | अस्पताल | प्राथमिक स्वास्थ्य केन्द्र/ स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी | उप-स्वास्थ्य चौकी | महिला स्वास्थ्य स्वयं सेविका |
|---|---|---|---|---|
| २०७६/७७ | १३२ | ३९३१ | - | ५१४२३ |
| २०७५/७६ | १२५ | ४००४ | - | ५१४२३ |
| २०७४/७५ | १२५ | ४००६ | - | ५१४२३ |
| २०७३/७४ | १२२ | ४००९ | - | ४९००१ |
| २०७१/७२ | ११६ | ४००६ | - | ४९६७७ |
| २०७०/७१ | १०२ | १७६७ | २२४७ | ५१४७२ |
| २०६९/७० | १०४ | १५१६ | २५११ | ५०००७ |
| २०६८/६९ | १०२ | १०२७ | २९८७ | ४८८९७ |
| २०६७/६८ | ९५ | ८८५ | ३१२९ | ४८६८० |

स्रोतः स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, टेकु, काठमाडौं ।

## ४.२ राष्ट्रिय खोप कार्यक्रम

राष्ट्रिय खोप कार्यक्रम (National Immunization Programme, NIP) नेपालको प्राथमिकता प्राप्त १ (P1) कार्यक्रम हो । राष्ट्रिय खोप कार्यक्रम वि.स. २०३४ सालमा खोपको विस्तारित कार्यक्रमको रुपमा आरम्भ गरिएको हो । राष्ट्रिय खोप कार्यक्रम अर्न्तगत ११ किसिमका Antigen हरू दिइन्छ । विस्तारित खोप कार्यक्रम अर्न्तगत वी.सी.जी., डी.पी.टी., पोलियो र दादुराको खोप ९ देखि २३ महिना सम्मका वालवालिकालाई दिने व्यवस्था गरिएको छ । विश्वबाटै पोलियो उन्मूलन गर्ने अभियान अनुरुप नेपालमा पनि आ.व.०५३/५४ देखि राष्ट्रिय अभियानको रुपमा ०-५ वर्ष सम्मका वालवालिकाहरूलाई पोलियो थोपा खुवाउने गरिएको छ । नवजात शिशुमा हुने धनुषटंकार रोगलाई पनि निर्मूल पार्न पहिचान गरिसकेका स्थानहरूमा विशेष टी.डी. खोपको अभियान नै सञ्चालन गरिएको छ । ५ वर्षमुनिका बालबालिकाले तालिका ४.३ बमोजिमको खोप तालिका अनुसार उल्लेखित खोपबाट लाभ लिन सक्छन् ।

**तालिका ४.३: राष्ट्रिय खोप तालिका**

| पटक/भेट | उमेर | खोप |
|---|---|---|
| १ | जन्मने बित्तिकै | बि.सि.जि. |
| २ | ६ हप्तामा | डि.पि.टि.- हेप बि-हिब (डोज १) |
| | | पोलियो (डोज १) |
| | | एफ.आइ.पि.भि. (डोज १) |
| | | पि.सि.भि.(डोज १) |
| ३ | १० हप्तामा | डि.पि.टि.- हेप बि-हिब (डोज २) |
| | | पोलियो (डोज २) |
| | | पि.सि.भि.(डोज २) |
| ४ | १४ हप्तामा | डि.पि.टि.- हेप बि-हिब (डोज ३) |
| | | पोलियो (डोज ३) |
| | | एफ.आइ.पि.भि. (डोज २) |
| ५ | ९ महिना | दादुरा- रुबेला (डोज १) |
| | | पि.सि.भि.(डोज ३) |
| ६ | १२ महिना | जापनिज इन्सेफलाइटिस-१ |
| ७ | १५ महिना | दादुरा- रुबेला (डोज २) |

स्रोत: नेपाल वहुसुचक सर्वेक्षण २०७६, केन्द्रीय तथ्यांक विभाग।

### ४.२.१ बालबालिकालाई दिईने खोप

नेपाल वहुसुचक सर्वेक्षण २०७६ मा तीन वर्ष भन्दा कम उमेरका सबै बालबालिकाका लागि खोप सम्बन्धी जानकारी संकलन गरिएको थियो। तालिका ४.४ ले १२-३५ महिनाको बालबालिकाहरूले १ बर्षभित्र खोप लगाएको विवरण को दायराको अनुमान प्रस्तुत गर्दछ। उक्त विवरण खोप कार्ड र आमा वा रेखदेख गर्ने व्यक्तिबाट प्राप्त जानकारीमा आधारित छ।

तालिका ४.४: खोप सम्वन्धी विवरण (%), २०७५/७६

| खोप | १२-३५ महिनाको बालबालिकाहरूले १ बर्षभित्र खोप लगाएको विवरण | |
|---|---|---|
| | १२–२३ महिनाको वच्चा | २४–३५ महिनाको वच्चा |
| **बि.सि.जि.** | ९५.३ | ९०.६ |
| **पोलियो** | | |
| डोज १ | ९३.४ | ९०.२ |
| डोज २ | ८६.६ | ८१.५ |
| डोज ३ | ७९.९ | ७० |
| **एफ.आइ.पि.भि.** | | |
| डोज १ | ३८.२ | ३६.७ |
| डोज २ | – | – |
| **डि.पि.टि.- हेप बि-हिब** | | |
| डोज १ | ८८.३ | ७९.६ |
| डोज २ | ८४.६ | ७४.३ |
| डोज ३ | ८०.१ | ६९.२ |
| **पि.सि.भि** | | |
| डोज १ | ८०.८ | ६८.३ |
| डोज २ | ७५.५ | ६१.१ |
| डोज ३ | ६८.५ | ५२.७ |
| **दादुरा- रुबेला** | | |
| डोज १ | ८३.४ | ७८ |
| **पूर्ण खोप** | | |
| [1]आधारभुत एनटिजेन | ६५.७ | ५१.९ |
| [2]सम्पूर्ण एनटिजेन | – | ३३.४ |
| **खोप नलगाएको** | २.३ | ४.९ |

स्रोत: नेपाल वहुसुचक सर्वेक्षण २०७६, केन्द्रीय तथ्यांक विभाग ।

एक वर्षभित्रै आधारभुत antigen को पूर्ण खोप लगाउने १२-२३ महिनाको बालबालिकाहरू ६५.७% रहेका छन् जुन २४-३५ महिनाको बालबालिकाको हकमा ५१.९% मात्रै रहेको छ । सम्पूर्ण antigen भएको पूर्ण खोप लगाउने २४-३५ महिनाको बालबालिका एक तिहाई (३३.४%) मात्रै रहेको देखिन्छ । एक वर्षभित्र खोप नलगाएको बालबालिकाको हिस्सा एकदमै न्युन रहेको छ ।

[1] आधारभुत antigen मा BCG, Polio3, DPT3, Measles समावेश हुन्छ ।

[2] सम्पूर्ण antigen मा BCG, Polio3, DPT3, HepB3, HipB3, Rubella र Measles2 समावेश हुन्छ ।

तालिका ४.५: वी.सी.जी., पोलियो, डी.पी.टी. र दादुराको खोपसम्वन्धी तुलनात्मक विवरण

| आ.व. | खोप/क्षेत्र | प्रदेश १ | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश | नेपाल |
|---|---|---|---|---|---|---|---|---|---|
| २०७६/७७ | बि.सि.जि.-१ | ८५७३९ | १२१८६६ | १०५८७५ | ३६७५५ | ९९२७८ | ३४२८६ | ४९९३५ | ५३३७३४ |
| | पोलियो | | | | | | | | |
| | डोज १ | ८२९९२ | १२७१५० | ९३३२० | ३९६३७ | ९५४६२ | ३५०८४ | ४९६३७ | ५२३२८२ |
| | डोज २ | ७९९२३ | १२०१३१ | ९०५३३ | ३९०६३ | ९०९६३ | ३३७११ | ४८०५६ | ५०२३८० |
| | डोज ३ | ७७२४३ | १०९३९७ | ८७८४९ | ३८१९९ | ८६६४१ | ३१८१८ | ४६२२९ | ४७७३७६ |
| | डि.पि.टि.- हेप बि-हिब | | | | | | | | |
| | डोज १ | ८३२७८ | १३२२६७ | ९३९६१ | ३९६६७ | ९५९९० | ३५७३० | ४९८८४ | ५३०७७७ |
| | डोज २ | ८०२६७ | १२४३३३ | ९०७६० | ३९०४८ | ९११९४ | ३४४६१ | ४८१४४ | ५०८२०७ |
| | डोज ३ | ७७५११ | ११३१७१ | ६८४४८ | ३८२०६ | ८६८७५ | ३२७०२ | ४६५१३ | ४६३४२६ |
| | दादुरा- रुबेला | | | | | | | | |
| | डोज १ | ८०२५६ | १११२२१ | ९०७८४ | ३८९७१ | ९१११९ | ३३२६६ | ४८३४१ | ४९३९५८ |
| | | | | | | | | | |
| २०७५/७६ | बि.सि.जि.-१ | ९११६४ | १३३३३५ | १०४८३४ | ४०३५६ | १०५६६६ | ३७५०१ | ५२१७७ | ५६५०३३ |
| | पोलियो | | | | | | | | |
| | डोज १ | ८८८०६ | १३१८०६ | ९४६५८ | ४२५६३ | ९८७७० | ३७१०८ | ५२०७३ | ५४५७८४ |
| | डोज २ | ८६१४८ | १२६१७० | ९२३६० | ४२२१७ | ९५५१३ | ३६४१८ | ५१३१८ | ५३०१४४ |
| | डोज ३ | ८५२८६ | १२०७५८ | ९१३१६ | ४१६६७ | ९३६५० | ३५९०२ | ५०६६० | ५१९२३९ |
| | डि.पि.टि.- हेप बि-हिब | | | | | | | | |
| | डोज १ | ८९८१५ | १४२३२७ | ९५३४८ | ४२५५८ | १०१४४८ | ३७६१९ | ५२२२७ | ५६१३४२ |
| | डोज २ | ८८०९१ | १३७७६० | ९३२०१ | ४२२६१ | ९८५९९ | ३७०६५ | ५१४६२ | ५४८४३९ |
| | डोज ३ | ८७१६८ | १३१०६७ | ९२३०८ | ४१६९७ | ९७३९५ | ३६६९५ | ५०८३० | ५३७१६० |
| | दादुरा- रुबेला | | | | | | | | |
| | डोज १ | ८५३८६ | ११७८९६ | ९३७०७ | ४१५१६ | ९४६९५ | ३४६०३ | ५१८६३ | ५१९६६६ |
| | | | | | | | | | |
| २०७४/७५ | बि.सि.जि.-१ | ९५२१५ | १२८९७४ | १०९०९५ | ४१६४६ | १०५७०३ | ३९२०२ | ५३९६१ | ५७३७९६ |
| | पोलियो | | | | | | | | |
| | डोज १ | ९१४४५ | १२८०७१ | ९८०५६ | ४२५१४ | ९९३६१ | ३९१२० | ५३७७० | ५५२३३७ |
| | डोज २ | ९०५५० | १२०२१९ | ९७२२६ | ४२२३२ | ९७२६७ | ३७१०६ | ५२६३४ | ५३७२३४ |
| | डोज ३ | ८७१२३ | १११३३४ | ९३८६४ | ४०९४७ | ९४१७६ | ३४५८६ | ५१०८१ | ५१३१११ |
| | डि.पि.टि.- हेप बि-हिब | | | | | | | | |
| | डोज १ | ९१२४७ | १२५९७३ | ९९४११ | ४२५५८ | ९९२३७ | ३८४०१ | ५३७९२ | ५५०६१९ |
| | डोज २ | ८९८०८ | ११६९९९ | ९६८१३ | ४२३१४ | ९७०७७ | ३६६२९ | ५२५२८ | ५३२१६८ |
| | डोज ३ | ८७०६६ | १०८२५३ | ९४१९८ | ४०९४८ | ९४०४४ | ३४३७० | ५११०० | ५०९९७९ |
| | दादुरा- रुबेला | | | | | | | | |
| | डोज १ | ८६९७६ | १०५७९२ | ९५२६४ | ४०५९३ | ९२३८५ | ३५१९० | ५०५६४ | ५०६७६४ |

स्रोतः स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, टेकु, काठमाडौं ।

आ.व. २०७६/७७ मा कुल ५३३७३४ बालबालिकाले वी.सी.जी. खोप लगाएको देखिन्छ भने पोलियो तेश्रो डोज ४७७३७ बालबालिकाले, डी.पी.टी. को तेश्रो डोज ४६३४२६ बालबालिकाले र दादुरा ४९३९५८ बालबलिकाले लगाएको देखिन्छ ।

गत आ.व. को तुलनामा आ.व. २०७६/७७ मा वच्चामा लाग्ने सबै खालको खोपमा कमी आएको देखिएको छ। वी.सी.जी खोपको मात्रामा ५.५% ले कमी आएको देखिन्छ भने पोलियो तेश्रो खोपमा ८.१% ले कमी, डी.पी.टी. तेश्रो खोपमा १३.७% ले कमी तथा दादुरा खोपमा ४.९% ले कमी भएको देखिन्छ।

प्रदेश अनुसार हेर्ने हो भने वी.सी.जी., डी.पी.टी., पोलियो र दादुराको खोपको वितरण सबैभन्दा बढी मधेश प्रदेशमा र क्रमशः बागमती प्रदेश, लुम्बिनी प्रदेश, प्रदेश नं. १, सुदूरपश्चिम प्रदेश, गण्डकी प्रदेश र कर्णाली प्रदेशमा रहेको देखिन्छ।

आ.व. २०७६/७७ को कुल वी.सी.जी. खोपको वितरण तथ्यांक हेर्दा सबैभन्दा बढी मधेश प्रदेशमा २२.८% र सबैभन्दा कम गण्डकी प्रदेशमा ६.९% रहेको देखिन्छ। त्यस्तै पोलियोको तेश्रो खोप वितरण सबैभन्दा बढी मधेश प्रदेशमा २२.९% र सबैभन्दा कम कर्णाली प्रदेशमा ६.७% रहेको देखिन्छ। डी.पी.टी. तेश्रो थोपा खोप वितरण सबैभन्दा बढी मधेश प्रदेशमा २४.४% र सबैभन्दा कम कर्णाली प्रदेशमा ७.१% रहेको देखिन्छ। यसै गरी दादुराको खोपको वितरण सबैभन्दा बढी मधेश प्रदेशमा २२.६% र सबैभन्दा कम कर्णाली प्रदेशमा ६.७% रहेको देखिन्छ।

### ४.२.२ टी.डी. खोप

विस्तारित खोप कार्यक्रम अर्न्तगत टी.डी. खोप नेपालभरका १५ देखि ४४ वर्ष उमेरका गर्भवती तथा सुत्केरी महिलाहरूलाई दिने व्यवस्था गरिएको छ। टी.डी. खोप सम्बन्धि विवरण तालिका ४.६ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.६: टी.डी. खोप सम्बन्धि तुलनात्मक विवरण**

| आ.व. | टि.डी.डोज /क्षेत्र | प्रदेश १ | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश | नेपाल |
|---|---|---|---|---|---|---|---|---|---|
| २०७६/७७ | डोज १ | ५२९६० | ६०२२९ | ६९३१८ | १९२७३ | ४९८२१ | २००११ | २४०५३ | २९५६६५ |
| | डोज २ | ४४३९३ | ४५२४१ | ५४६२० | १७१४० | ४११८३ | १४९९६ | २०२०७ | २३७७८० |
| | डोज २+ | २१३८० | ७५९८१ | १६१३४ | १४५९८ | ४२२१९ | १४१८४ | २५२९२ | २०९७८८ |
| २०७५/७६ | डोज १ | ५८८९६ | ६६३८३ | ७०२१३ | २२४०५ | ५७७८४ | २१५२३ | २५२०२ | ३२२४०६ |
| | डोज २ | ५२६६५ | ५१५३० | ५८९३७ | २०१०५ | ४९४८१ | १६३३० | २१४४२ | २७०४९० |
| | डोज २+ | २३०३९ | ७४८१५ | १६२२१ | १५१७१ | ४५७६५ | १४८०४ | २५९२४ | २१५७३९ |
| २०७४/७५ | डोज १ | ५८१३१ | ६२७१४ | ७४०६५ | २२०२१ | ५५८९९ | २१७९७ | २६४०५ | ३२१०३२ |
| | डोज २ | ५२३१३ | ४८६१४ | ६०८३१ | २१०२५ | ४८१८९ | १७२४६ | २१५८९ | २६९८०७ |
| | डोज २+ | २२४१५ | ६४५६५ | १२९२८ | १६३७० | ४४९३० | १४१९९ | २६८५५ | २०२२६२ |

स्रोत: स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, टेकु, काठमाडौं।

आ.व. २०७६/७७ मा नेपालका १५ देखि ४४ वर्षका गर्भवती र सुत्केरी महिलालाई दिइएको टी.डी. खोप डोज १ को वितरण २९५६६५ जनालाई, डोज २ को वितरण २३७७८० जनालाई र डोज २ भन्दा माथिको वितरण २०९७८८ जनालाई भएको देखिन्छ। गत आ.व. को तुलनामा यस आ.व. २०७६/७७ मा टी.डी. खोपको वितरणमा कमी आएको

छ । टी.डी. खोपको डोज १ मा ८.३% ले कमी भएको देखिन्छ भने डोज २ र डोज २ भन्दा माथिमा क्रमशः १२.१% र २.८% ले कमी भएको देखिन्छ ।

टी.डी. खोप डोज २ भन्दा माथिको प्रदेश अनुसारको वितरण हेर्दा सबैभन्दा बढी मधेश प्रदेशमा ३६.२%, र क्रमशः लुम्बिनी प्रदेशमा २०.१%, सुदूरपश्चिम प्रदेशमा १२.१%, प्रदेश नं. १ मा १०.२%, बागमती प्रदेश ७.७% , गण्डकी प्रदेश ७.० % र कर्णाली प्रदेशमा ६.८% रहेको देखिन्छ ।

## ४.३ परिवार नियोजनको साधन

परिवार नियोजन कार्यक्रम अन्तर्गत “सानो परिवार सुखी परिवार” को अवधारणा साकार बनाउने लक्ष्य राखिएको छ । सामाजिक जीवनस्तर माथि उठाउन प्रजनन स्वास्थ्य सम्वन्धी बिभिन्न कार्यक्रमहरू सरकारी तथा गैरसरकारी संस्थाहरूको माध्यमबाट जनस्तरमा प्रभावकारी रुपले संचालन हुँदै आएका छन् । परिवार नियोजनका साधनहरूको प्रयोगकर्ता बढ्दै गएको छ । परिवार नियोजन सम्बन्धी विवरण तालिका ४.७ र ४.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.७: परिवार नियोजनका स्थायी र अस्थायी साधनको प्रयोग, २०७६/७७**

| क्षेत्र/साधन | स्थायी साधन (पुरुष तथा महिला बन्ध्याकरन) | अस्थायी साधन | | | | | | | | जम्मा साधन प्रयोगकर्ता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | डिपो | | पिल्स | | आई. यू. सि. डी. | | इम्प्लान्ट | | |
| | | <२० वर्ष | ≥२० वर्ष | <२० वर्ष | ≥२० वर्ष | <२० वर्ष | ≥२० वर्ष | <२० वर्ष | ≥२० वर्ष | |
| प्रदेश १ | ४२१९ | ४०७६ | ३९१२२ | २०१६ | २१६३२ | १०६ | २७६७ | ६७१ | १५५४१ | ९०१५० |
| मधेश प्रदेश | ८२४८ | २३३९ | ३६९८८ | १९३५ | २२४५४ | १३४ | २००० | ३८१ | ९१७४ | ८३६५३ |
| बागमती प्रदेश | १५६६ | ४२७९ | ४५३७३ | १५३८ | १८८८६ | १७२ | २९१६ | ८५१ | १८४६० | ९४०४१ |
| गण्डकी प्रदेश | १५०६ | १५४४ | १६५८० | ८४२ | ११०१६ | ३९ | १५६० | ३५७ | ६४२२ | ३९८६६ |
| लुम्बिनी प्रदेश | ३०७१ | ३५४५ | ४६८३९ | २०४० | ३१८१५ | १३९ | २७०९ | ९६९ | १७१६६ | १०८२९३ |
| कर्णाली प्रदेश | ८४५ | ४४११ | ३०४०३ | २४७२ | १४००३ | ४३ | ५८२ | ४२८ | ६६४८ | ५९८३५ |
| सुदूरपश्चिम प्रदेश | १८९७ | ११२३ | ३४९८८ | ५५५ | १५०८८ | ३४ | १३०० | २१२ | १०४०५ | ६५६०२ |
| नेपाल | २१३५२ | २१३१७ | २५०२९३ | ११३९८ | १३४८९४ | ६६७ | १३८३४ | ३८६९ | ८३८१६ | ५४१४४० |

स्रोत: स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, टेकु, काठमाडौं ।

नेपालमा आ.व. २०७६/७७ मा कुल ५४१४४० जनाले परिवार नियोजनको साधन प्रयोग गरेको देखिन्छ । परिवार नियोजनको साधन प्रयोग गर्नेमा अधिकतम करिब ९६.१%ले अस्थायी साधन प्रयोग गरेको देखिन्छ भने स्थायी साधनको प्रयोग ३.९% ले मात्र गरेको देखिन्छ । प्रदेशगत विवरण हेर्ने हो भने स्थायी साधनको प्रयोग सबैभन्दा बढी मधेश प्रदेश (९.९%) मा भएको पाईन्छ भने सबैभन्दा कम प्रयोग कर्णाली प्रदेश (१.४%) मा भएको पाईन्छ ।

नेपालमा अस्थाथी साधन प्रयोग गर्ने करिब ५२००८८ जना देखिन्छ । अस्थायी साधनको प्रयोगमा पिल्स, डिपो, आई. यू. सि. डी. र इम्प्लान्ट प्रयोग भएको देखिन्छ । उपलब्ध तथ्यांकको आधारमा नेपालमा कुल अस्थायी साधन प्रयोगकर्ताको सबैभन्दा बढी हिस्सा डिपो (५२.२%) प्रयोग गरेको देखिन्छ भने त्यसपछि क्रमशः पिल्स (२८.१%), इम्प्लान्ट (१६.९%) र आई.यू. सि.डी. (२.८%) ले प्रयोग गरेको देखिन्छ ।

**तालिका ४.८: परिवार नियोजन साधन प्रयोगकर्ताको तुलनात्मक विवरण (%)**

| आ.व./साधन | स्थायी साधन | | अस्थायी साधन | | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला बन्ध्याकरन | पुरुष बन्धयाकरन | कण्डम | डिपो | पिल्स | आई. यू. सि. डी. | इम्प्लान्ट |
| २०७७/७८ | ३८ | ११ | ६ | १४ | ७ | ६ | १८ |
| २०७६/७७ | ४१ | १२ | ७ | १४ | ६ | ५ | १५ |
| २०७५/७६ | ४० | १३ | ८ | १५ | ६ | ५ | १३ |
| २०७४/७५ | ४१ | १३ | ८ | १४ | ६ | ६ | १२ |
| २०७३/७४ | ३८ | १३ | ८ | १७ | ७ | ६ | ११ |

स्रोतः DoHS, Annual Report 2077/78 (2020/21) स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौं ।

आ.व. २०७७/७८ मा contraceptive method mix प्रयोगकर्ताहरूमध्ये स्थायी साधनको रुपमा सबैभन्दा बढी प्रयोगकर्ताहरूले महिला बन्ध्याकरन (३८%) गरेका रहेछन् भने अस्थायी साधनको रुपमा सबैभन्दा बढी इम्प्लान्ट (१८%) र क्रमशः डिपो (१४%), पुरुष बन्ध्याकरण (११%), पिल्स (७%), कण्डम (६%), आई यु सि डि (६%) रहेका छन् ।

तालिका ४.९ मा नेपालमा गर्भनिरोधक व्यापकता दर (contraceptive prevalence rate) को अवस्थाको विवरण प्रस्तुत गरिएको छ ।

**तालिका ४.९: गर्भनिरोधक व्यापकता दर सम्बन्धि तुलनात्मक विवरण (%)**

| आ.व./क्षेत्र | प्रदेश १ | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| २०७७/७८ | ४१ | ४३ | ३४ | ३३ | ३९ | ३६ | ४० | ३९ |
| २०७६/७७ | ४० | ४४ | ३२ | ३३ | ३७ | ३६ | ३८ | ३७ |
| २०७५/७६ | ४० | ४६ | ३२ | ३४ | ४३ | ३५ | ३८ | ३९ |
| २०७४/७५ | ४२ | ४७ | ३६ | ३३ | ४१ | ३४ | ३९ | ४० |
| २०७३/७४ | ४८ | ४९ | ४१ | ३५ | ४४ | ३७ | ४० | ४४ |

स्रोतः DoHS, Annual Report 2077/78 (2020/21) स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौं ।

नेपालमा गत वर्षको तुलनामा हाल गर्भनिरोधक प्रयोगकर्ता सामान्य वृद्धि भएता पनि विगत ५ वर्षको contraceptive prevalence rate हेर्दा घट्दो प्रवृति देखिएको छ । यस आ.व. को प्रदेशगत विश्लेषण गर्दा contraceptive prevalence rate सबैभन्दा कम गण्डकी प्रदेश (३३%) र बागमती प्रदेशमा (३४%) रहेको छ भने सबैभन्दा बढी मधेश प्रदेशमा (४३%) पाईएको छ ।

## ४.४ सुरक्षित गर्भपतन सेवा

नेपालमा सन २००२ बाट गर्भपतनलाई (सिमित अवस्थामा) कानुनी मान्यता प्रदान गरेको छ भने सन २०१६ देखि मान्यता प्राप्त स्वास्थ्य सस्थावाट १८ हप्ता सम्मको गर्भलाई निशुल्क गर्भपतन सेवा उपलव्ध हुन थालेको छ । सरकारले गर्भपतन सेवालाई विस्तार तथा सुरक्षित वनाउन २६ सेप्टेम्वरका दिन सुरक्षित गर्भपतन दिवस मनाउने घोषण गरि प्रत्येक वर्ष मनाउदै आएको छ । सुरक्षित गर्भपतन सेवाका मुख्य उद्धेश्यहरूमा असुरक्षित गर्भपतनबाट हुने मृत्यु र महिलाको प्रजनन् स्वास्थ्यमा सुधार गराई गुणस्तर जीवनयापन गर्न सहयोग गर्ने हो । साथै यसका सहायक उद्धेश्यमा अनिच्छित गर्भलाई कम गर्न सहयोग गर्ने, यदि अनिच्छित गर्भको कारणले गर्भपतन गर्नु परेमा असुरक्षित हुन नदिने र सुरक्षित तरिकाले सेवा प्रदान गर्ने वातावरण तयार गर्ने, सुरक्षित गर्भपतन सेवा लिए पछि महिला तथा किशोरीहरूलाई पुन अनिच्छित गर्भ हुन नदिनलाई परिवार नियोजन सम्बन्धी सल्लाह र सेवाको सुनिश्चितता गर्ने आदि रहेका छन ।

**तालिका ४.१०: किशोरीहरू (१०-१९ वर्ष) मा प्राप्त गरेका सुरक्षित गर्भपतनका सेवाहरूको तुलनात्मक विवरण**

| आ.व./क्षेत्र | प्रदेश १ | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| २०७७/७८ | १२८२ | ७१२ | १४४४ | १०५६ | १३२७ | ४९६ | ६०७ | ६९२४ |
| २०७६/७७ | ११६५ | १०५२ | २४६२ | ९०५ | १७१८ | ६३० | ५४० | ८४७२ |
| २०७५/७६ | १७३३ | १२९९ | २४६९ | १५९२ | १४४५ | ९९६ | ६५९ | १०१९३ |
| २०७४/७५ | १३६१ | ५९४ | ४४३३ | १००१ | ११४२ | ६२२ | ९७४ | १०१२७ |
| २०७३/७४ | १७४० | १११७ | ४५११ | १०७४ | ३५९२ | ४४२ | ८५८ | १३३३४ |

स्रोतः DoHS, Annual Report 2077/78 (2020/21) स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौं ।

तालिका ४.१० मा किशोरीहरू (१०-१९ वर्ष) मा प्राप्त गरेका सुरक्षित गर्भपतनका सेवाहरूको विश्लेषण गरिएको छ । गत ५ वर्षको तथ्याङ्क हेर्ने हो भने सुरक्षित गर्भपतन गर्ने सेवाग्राहीहरू घट्दो छ । गत आ.व. को तुलनामा सबै प्रदेशमा सुरक्षित गर्भपतन सेवाग्राहीहरू घटेको देखिन्छ भने सोको % बागमती प्रदेशमा अधिक देखिन्छ ।

## ४.५ पोषण र बाल मृत्यु दर

पोषण मानव जीवनको आधारभूत तत्व हो र यो सबै उमेरका मानिसहरूका लागि अत्यावश्यक छ । गर्भवती महिला, स्तनपान गराउने आमा, किशोरी र बच्चाहरूलाई विशेष पोषणको आवश्यकता हुन्छ । असन्तुलित पोषणको कारणले शरीरमा परेको असरलाई कुपोषण भनिन्छ । कुपोषणका विभिन्न रुपहरू हुन्छन् - पुड्के (stunting), लिखुरे/ख्याउटे (underweight), च्यासे (wasting) र मोटे (obese) । विभिन्न तत्वहरूले पोषणमा प्रभाव पारेका हुन्छन् जस्तै स्वास्थ्य सेवा, खाद्य सुरक्षा, शिक्षा, शुद्ध खानेपानीको उपभोग, सरसफाई । पाँच वर्षमुनिका बालबालिकाको पोषण सम्बन्धी विवरण तालिका ४.११ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.११: पाँच वर्ष मुनिका बालबालिकाको पोषणसम्वन्धी विवरण (%), २०७५/७६**

| विवरण | नेपाल |
|---|---|
| उमेर अनुसार तौल कम (लिखुरे (Underweight children) | २४.३ |
| उमेर अनुसार उचाई कम (पुड्के (Stunting children) | ३१.५ |
| उचाई अनुसार तौल कम (च्यासे (Wasting children) | १२.० |
| उचाई अनुसार तौल बढी (मोटे (Obese children) | २.६ |

स्रोत: नेपाल वहुसुचक सर्वेक्षण २०७६, केन्द्रीय तथ्यांक विभाग ।

नेपालमा सन् २०७६ सम्ममा २४.३% बालबालिका उमेर अनुसार कम तौल रहेको देखिएको छ भने उमेर अनुसार कम उचाई हुने बालबलिका ३१.५% रहेको देखिन्छ । त्यस्तै बालबलिकाको विकासको लागि उचाई अनुसार तौल हुनु महत्तवपूर्ण हुन्छ । उचाई अनुसार कम वा बढी तौल हुनु राम्रो मानिंदैन । उचाई अनुसार तौल कम हुने बालबालि १२.०% रहेको देखिन्छ भने उचाई अनुसार तौल बढी हुने बालबालिका २.६% रहेको देखिन्छ । तालिका ४.१२ मा पाँच वर्ष मुनिका बालबालिकाको बाल मृत्यु दर सम्वन्धी विवरण प्रस्तुत गरिएको छ ।

**तालिका ४.१२: पाँच वर्ष मुनिका बालबालिकाको बाल मृत्यु दर सम्वन्धी विवरण (प्रति हजारमा), २०७५/७६**

| विवरण | नेपाल |
|---|---|
| नवजात शिशु मृत्यु दर (Neonatal mortality rate) | १६ |
| Post-Neonatal मृत्यु दर | ९ |
| शिशु मृत्यु दर (Infant mortality rate) | २५ |
| बाल मृत्यु दर (Child mortality rate) | ४ |
| पाँच वर्ष मुनिको बालमृत्यु दर (Under five mortality rate) | २८ |

स्रोत: नेपाल वहुसुचक सर्वेक्षण २०७६, केन्द्रीय तथ्यांक विभाग ।

नेपाल वहुसुचक सर्वेक्षण २०७६ अनुसार नेपालमा प्रति हजारमा १६ जना नवजात शिशुको मृत्यु हुने देखाएको छ । त्यस्तै post neonatal मृत्यु दर ९, शिशु मृत्युदर २५, बाल मृत्यु दर ४ र पाँच वर्ष मुनिको बाल मृत्यु दर २८ पाईएको छ ।

## ४.६ राष्ट्रिय स्वास्थ्य विमा

समस्त नेपाली नागरिकलाई सर्वसुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न र स्वास्थ्य सेवा उपभोगमा सुधार ल्याउनका लागि सामाजिक स्वास्थ्य बीमाको आधारमा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने उद्देश्यका साथ २०७२ सालमा सामाजिक स्वास्थ्य सुरक्षाका रुपमा शुरुवात भएको कार्यक्रम स्वास्थ्य विमा कार्यक्रम हो ।

**तालिका ४.१३: राष्ट्रिय स्वास्थ्य विमा अर्न्तगत बीमितहरूको प्रदेशगत विवरण, २०७७/७८**

| क्षेत्र | जम्मा बीमित | जम्मा जनसंख्या | बीमित (%) |
|---|---|---|---|
| प्रदेश १ | १५०९९३६ | ४९७२०२१ | ३०.४ |
| मधेश प्रदेश | २१२०३० | ६१२६२८८ | ३.५ |
| बागमती प्रदेश | ९१३०९२ | ६०८४०४२ | १५.० |
| गण्डकी प्रदेश | ५६६७३१ | २४७९७४५ | २२.९ |
| लुम्बिनी प्रदेश | ७१९०५७ | ५१२४२२५ | १४.० |
| कर्णाली प्रदेश | २६८८८२ | १६९४८८९ | १५.९ |
| सुदूरपश्चिम प्रदेश | ३८०८०५ | २७११२७० | १४.० |
| नेपाल | ४५७०५३३ | २९१९२४८० | १५.७ |

स्रोतः DoHS, Annual Report 2077/78 (2020/21) स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौं ।

नेपाल सरकारले लागु गरेको राष्ट्रिय स्वास्थ्य विमा अर्न्तगत आ.व. २०७७/७८ मा नेपालमा जम्मा ४५७०५३३ (१५.७%) जना विमितहरू रहेका छन् । प्रदेशगत विश्लेषण गर्दा राष्ट्रिय स्वास्थ्य विमा अर्न्तगत सबैभन्दा बढी विमितहरू प्रदेश १ मा ३०.४%, त्यसैगरी गण्डकी प्रदेशमा २२.९%, कर्णाली प्रदेश १५.९%, बागमती प्रदेशमा १५.०%, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशमा बराबर १४.०% छन् भने सबैभन्दा कम मधेश प्रदेशमा ३.५% मात्रै विमितहरू रहेका छन् ।

**तालिका ४.१४: राष्ट्रिय स्वास्थ्य विमा अर्न्तगत बीमितहरूको लिङ्गअनुसार तुलनात्मक विवरण**

| आ.व. | जम्मा | पुरुष | महिला | अन्य |
|---|---|---|---|---|
| २०७७/७८ | ४५७०५३३ | २२०२७३६ | २३६७३६२ | ४३५ |
| २०७६/७७ | ३१५८२१२ | १५०९७७१ | १६४८१०६ | ३३५ |
| २०७५/७६ | १६४०८७९ | ७८२१४३ | ८५८४४९ | २८७ |
| २०७४/७५ | ११३०५७५ | ५३३८२९ | ५९६६३३ | ११३ |
| २०७३/७४ | २२८११३ | १०७८०४ | १२०२७७ | ३२ |
| २०७२/७३ | १२६२३ | ५९७२ | ६६४७ | ४ |

स्रोतः DoHS, Annual Report 2077/78 (2020/21) स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौं ।

राष्ट्रिय स्वास्थ्य विमा अर्न्तगत विमित संख्याको प्रवृत्ति हेर्दा विगत ६ वर्षमा उल्लेखनिय वृद्धि भएको देखिन्छ । गत वर्षको तुलनामा यस वर्ष जम्मा विमितहरू ४४.७% ले थप भएको पाईन्छ । लैङ्गिक दृष्टिकोणबाट हेर्दा हरेक वर्षहरूमा पुरुषभन्दा महिला विमितहरूको संख्या बढी देखिन्छ । आ. व. २०७७/७८ मा पुरुष विमित ४८.२% र महिला विमित ५१.८% रहेको पाईन्छ ।

## ४.७ कोभिड १९ प्रकोप

सन् २०१९ को डिसेम्बर महिनामा चीनको वूहानमा कोभिड १९ को संक्रमण पहिलो पटक देखा परेको थियो जसको तीन हप्तापछि नेपालमा पनि कोभिड १९ संक्रमणको पहिलो केस सन् २०२० को जनवरी २३ मा फेला परेको थियो । दुई महिनाको विश्राम पश्चात पनि नेपालमा कोभिड १९ को संक्रमण फैलिदै गयो । WHO ले कोभिड १९ लाई सन्

२०२० मार्च ११ का दिन महामारीको रुपमा घोषण गरेपश्चात नेपाल लगाएत अन्य मुलुकहरूले विभिन्न किसिमका रोकथाम र नियन्त्रणका उपाएहरू अपनाउन थाले ।

**तालिका ४.१५: कोभिड-१९ प्रकोप स्थिति विवरण**

| विवरण | २०७६/७७ | २०७७/७८ | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | नेपाल | प्रदेश १ | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
| संक्रमित | १७१७७ | ६४५३९३ | ७७५२६ | ३९६६९ | ३३७४६३ | ५६०१० | ८४७१८ | १७८८२ | ३२१२५ |
| निको | ११०२५ | ६१५४४३ | ७१४६५ | ३९३३७ | ३२२५४९ | ५१५३६ | ८१२४० | १६५११ | ३२८०५ |
| मृत्यु | ३९ | ९४२४ | १२७६ | ७३२ | ४०३० | ९८६ | १५५८ | ४०६ | ४३५ |
| कोभिड मृत्युदर (CFR) | ०.२३ | १.५ | १.६ | १.८ | १.२ | १.८ | १.८ | २.३ | १.४ |

स्रोतः DoHS, Annual Report 2077/78 (2020/21) स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौं ।

आ.व. २०७७/७८ मा नेपालमा जम्मा ६४५३९३ कोभिड संक्रमित विरामीहरू थिए जुन गत वर्षको भन्दा ३६.६% ले बढी हो । प्रदेशगत रुपमा हेर्दा सबैभन्दा बढी संक्रमित बागमती प्रदेशमा ५२.३% र सबैभन्दा कम संक्रमित कर्णाली प्रदेशमा २.८% मात्र भएको पाईन्छ । आ. व. २०७६/७७ मा कोभिड मृत्यु दर ०.२३ रहेकोमा २०७७/७८ मा कोभिड मृत्यु दर बढेर १.५ पुगेको पाईन्छ । प्रदेशगत रुपमा हेर्दा सबैभन्दा बढी कोभिड मृत्यु दर २.३ कर्णाली प्रदेशमा रहेको देखिन्छ ।

## ४.८ रक्त संचार सेवा

नेपाल रेडक्रस सोसाइटीको २०२० सालमा स्थापना भएपछि २०२३ साल साउन १२ गते नेपाल रेडक्रस रक्त संचार सेवा केन्द्रको सञ्चालन प्रारम्भ भएको हो । यस सेवा केन्द्रले आफ्नो आन्तरिक श्रोत र साधनको परिचालन क्षमतामा क्रमशः वृद्धि भई हाल क्षेत्रगत तथा जिल्लागत रुपमा रक्त संचार सेवा केन्द्र तथा रक्त संचार इकाईहरूको स्थापना भएको छ । रक्त संचार सेवा सम्बन्धि विवरण तालिका ४.१६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१६: रक्त संचार सेवाबाट रगत संकलन र वितरण**

| आ.व. | रगत संकलन (युनिट) | रगत वितरण (युनिट) |
|---|---|---|
| २०७६/७७ | २३८८३६ | ३२१७७६ |
| २०७५/७६ | २७१९२२ | ३४५१५१ |
| २०७४/७५ | २६२४३९ | ३४४९३३ |
| २०७३/७४ | २३६७९९ | ३३७३२१ |
| ०७२/७३ | २३०९८६ | ३१०६२३ |
| ०७१/७२ | २१७१६० | ३११३३० |
| ०७०/७१ | २०११२२ | ३०५३१५ |
| ०६९/७० | १८९१२३ | २७४६२७ |
| ०६८/६९ | १७७१९५ | २४९७३३ |
| ०६७/६८ | १६९९१७ | २३०८१५ |

स्रोतः नेपाल रेडक्रस सोसाइटी, रेडक्रसमार्ग, कालिमाटी ,काठमाण्डौ ।

आ.व. २०७६/७७ मा ती सेवा केन्द्र तथा इकाईहरूवाट २३८८३६ युनिट रगत संकलन गरी ३२१७७६ युनिट (रक्त तत्व सहित) रगत बिरामीहरूलाई उपलव्ध गराएको देखिन्छ। रगत उपलव्ध गराउँदा आवश्यकता अनुसार एक युनिट रगतबाट २-३ प्रकारका रक्त तत्व समेत छुट्याई सेवा उपलव्ध गराउदै आएकोले रगत संकलन युनिट भन्दा रगत वितरण युनिट बढी देखिएको हो। रक्त संचार सेवा केन्द्रले संचालनको प्रारम्भिक दिनहरूमा रगत किनबेच गर्ने पेशेवर व्यक्तिहरूबाट समेत रगत संकलन गर्ने गरिएकोमा आ.व.२०३९/४० देखि पेशेबर व्यक्तिहरूबाट रगत नलिई, स्वयंसेवी रक्तदाताहरूको संख्यामा वृद्धि गरी रगत संकलन गर्न थालिएको छ । विभिन्न संघ संस्थाहरू तथा निकायहरूद्धारा आयोजित घुम्ती रक्तदान कार्यक्रमबाट पनि उल्लेखनीय रुपमा रगत संकलन हुंदै आएको छ। यसका अतिरिक्त संस्थागतरुपमा रक्तदान गर्नेहरूको अभिरुचीमा वृद्धि हुदै गएको छ। तैपनि आ.व.२०७५/७६ को तुलनामा आ.व. २०७६/७७ मा रक्त संकलनमा १२.२% ले कमी आएको देखिन्छ।

नेपाल सरकारले २०४८/१२/२४ बाट नेपालमा रक्त संचार सेवा केन्द्रको संचालन गर्ने अभिभारा नेपाल रेडक्रस सोसाईटीलाई सुम्पिएपछि क्रमिक रुपले नेपालका विभिन्न स्थानहरूमा रक्त संचार सेवा केन्द्रको विस्तार र विकास गर्ने उद्देश्य अनुरुप काठमाडौमा १ केन्द्रीय रक्त संचार सेवा, विराटनगर, पोखरा नेपालगंज र चितवनमा गरी ४ क्षेत्रीय रक्त संचार सेवा, २१ जिल्लामा जिल्ला स्तरिय रक्त संचार सेवा, ३१ जिल्लामा आकस्मिक रक्त संचार सेवा र २८ वटा अस्पतालमा रक्त संचार सेवा इकाईको स्थापना गरी रक्त संचार सेवा प्रदान गर्दै आएको देखिन्छ।

# परिच्छेद ५: सूचना तथा सञ्चार

राष्ट्रको सर्वाङ्गिण विकासमा सूचना तथा सञ्चार क्षेत्रले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । हाम्रो जस्तो विकासशील देशमा सर्वसाधारण जनतालाई विभिन्न किसिमवाट सूचनाका सेवा र सुविधाहरू उपलव्ध गराई सूचना तथा सञ्चार क्षेत्रले देशको सामाजिक तथा आर्थिक विकासमा सहयोग पुऱ्याएको छ । यसै कारणले सूचना तथा सञ्चार क्षेत्रलाई विकासको सशक्त माध्यमको रुपमा लिने गरिएको छ । नागरिकको संविधान प्रदत्त मौलिक हकको रुपमा सूचनाको हक पनि रहेको छ ।

## ५.१ दूरसञ्चार सेवा

नेपालमा उपलब्ध दूरसञ्चार सेवा निजी क्षेत्रलाईसमेत संलग्न गराई ब्यबस्थित र नियमित रुपमा सञ्चालन गर्ने उद्देश्यले नेपाल दूरसञ्चार ऐन, २०५३ अन्तर्गत नेपाल दूरसञ्चार प्राधिकरणको स्थापना भएको छ । गुणस्तरीय एवं भरपर्दो दूरसञ्चार सेवा सहज एवं सुलभ रुपमा उपलब्ध गराउने सिलसिलामा नेपालमा हाल रहेका मुख्य सेवा प्रदायकहरूबाट उपलब्ध सेवासम्बन्धी विवरण तालिका ५.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१: मुख्य सेवा प्रदायक कम्पनीहरूबाट प्रदान गरिएको दूर सञ्चार सेवा, फाल्गुन २०७८**

| सेवा प्रदायक कम्पनी | स्थिर (Fixed) | | | | मोबाईल | | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | PSTN | WLL | FTTH | VSAT | GSM | CDMA | GMPCS | |
| NDSL | ५१२८३३ | ११७४०५ | १९१९१६ | ८६ | २२३२९३०३ | ३१९९९५ | - | २३४७१५३८ |
| Ncell | - | - | - | - | १६८८६१६५ | - | - | १६८८६१६५ |
| UTL | - | - | - | - | २३७१२२२ | - | - | २३७१२२२ |
| NSTPL | - | - | - | - | - | - | - | - |
| STPL | - | - | - | - | - | - | - | - |
| Others | - | - | - | - | - | - | २९८६ | २९८६ |
| जम्मा | ५१२८३३ | ११७४०५ | १९१९१६ | ८६ | ४१५८६६९० | ३१९९९५ | २९८६ | ४२७३१९११ |
| | ८२२२४० | | | | ४१९०६६८५ | | २९८६ | |
| **सेवाको दायरा (%)** | | | | | | | | |
| स्थिर | | | | | | | | २.८२ |
| मोबाईल | | | | | | | | १४३.५५ |
| अन्य GMPCS | | | | | | | | ०.०१ |
| जम्मा | | | | | | | | १४६.३८ |

स्रोत: नेपाल दुरसञ्चार प्राधिकरण ।
नोट: राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार नेपालको जनसंख्या, २९१९२४८०

नेपालमा फाल्गुन २०७८ सम्ममा कुल ४२७३१९११ दूरसञ्चार सेवा प्रयोगकर्ताहरू छन् । हाल सबैभन्दा बढी एन.डि.सि.एल. २३४७१५३८ (५४.९%) प्रयोगकर्ता रहेको देखिन्छ र त्यसपछि क्रमशः एनसेल १६८८६१६५ (३९.५%), यू.टि.एल २३७१२२२ (५.५%), बाँकी अन्य प्रयोगकर्ताहरू रहेको देखिन्छ ।

नेपालमा दूरसंचार सेवाको दायरा १४६.३८% जनताको पहुँचमा पुगेको छ जसको अर्थ औषतमा प्रत्येक एक जना प्रयोगकताले कम्तिमा एकभन्दा बढी कम्पनीको दूरसंचार सेवा लिई रहेका छन् । फाल्गुन २०७८ सम्म स्थिर (fixed) प्रयोगकर्ता २.८% रहेको देखिन्छ भने मोबाईल प्रयोगकर्ता १४३.५५% रहेको देखिन्छ । मोबाईल प्रयोगकर्तामा अधिकतम जि.एस.एम प्रयोगकर्ता रहेका छन् जुन कुल प्रयोगकर्ताको ९९.२% रहेको पाईन्छ भने एकदमै न्युन ०.८% मात्रै CDMA प्रयोगकर्ता रहेको पाईन्छ । जि.एस.एम प्रयोगकर्तामध्ये सबैभन्दा बढी एन.डि.सि.एल. प्रयोगकर्ता ५३.७%, एन.सेल. ४०.६% र यू.टि.एल ५.७% प्रयोगकर्ता रहेको देखिन्छ ।

## ५.२ पत्र-पत्रिका

पत्रपत्रिकालाई सञ्चारको एक सशक्त, भरपर्दो र प्रमुख माध्यमको रुपमा लिन सकिन्छ । यसले स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रियस्तरका विभिन्न क्षेत्र तथा विषयसंग सम्वन्धित खवरहरू जनता समक्ष पुऱ्याइ जनचेतना अभिवृद्धि गराउने काम गरेको हुन्छ । साथै निर्भिक, स्वतन्त्र र निष्पक्ष पत्रकारिताले एक सक्रिय सचेतकको भूमिका पनि निर्वाह गरेको हुन्छ । आ.व. २०७६/७७ सम्मको प्रकाशनको लागि दर्ता भएका पत्रपत्रिका सम्बन्धि विवरण तालिका ५.२ मा र तुलनात्मक विवरण ५.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२: दर्ता भएका पत्रपत्रिकाहरूको स्थिति, २०७६/७७**

| क्षेत्र | दैनिक | अर्ध सप्ताहिक | सप्ताहिक | पाक्षिक | मासिक | द्वैमासिक | त्रैमासिक | चौमासिक | अर्ध वार्षिक | वार्षिक | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नेपाल | ७४२ | ३९ | २९५३ | ४७४ | २३४४ | ३८४ | ६४८ | ३९ | ८७ | ९३ | ४ | ७८०७ |
| प्रदेश १ | ९१ | ४ | ३१७ | ४८ | ८७ | ११ | ३० | ३ | ६ | १ | ० | ५९८ |
| मधेश प्रदेश | १६३ | ३ | ५१४ | ६० | ६३ | १४ | २३ | ० | ४ | १ | ० | ८४५ |
| बागमती प्रदेश | २६७ | ९ | १५७१ | ३११ | २०२६ | ३१८ | ५२३ | ३३ | ७३ | ७८ | २ | ५२११ |
| गण्डकी प्रदेश | ५५ | १ | १७५ | २६ | ७१ | १६ | ३० | २ | २ | ५ | ० | ३८३ |
| लुम्बिनी प्रदेश | ६९ | ११ | १८९ | २० | ५८ | १३ | ३० | ० | १ | ५ | ० | ३९६ |
| कर्णाली प्रदेश | ३५ | १ | ४८ | ३ | २२ | १ | ६ | ० | १ | ० | १ | ११८ |
| सुदूरपश्चिम प्रदेश | ६२ | १० | १३९ | ६ | १७ | ११ | ६ | १ | ० | ३ | १ | २५६ |

स्रोतः सूचना विभाग

नेपालमा आ.व. २०७६/७७ सम्ममा दर्ता भएका पत्रपत्रिकाहरू कुल ७८०७ रहेको छ । प्रादेशिक तहमा हेर्दा कुल पत्रपत्रिका दर्ताको सबैभन्दा बढी प्रतिशत बागमती प्रदेशमा ६६.७% र क्रमशः मधेश प्रदेशमा १०.८%, प्रदेश नं. १ मा

७.७७%, लुम्बिनी प्रदेशमा ५.१%, गण्डकी प्रदेशमा ४.९%, सुदूरपश्चिम प्रदेशमा ३.३% र कर्णाली प्रदेशमा १.५% रहेको छ ।

**तालिका ५.३: दर्ता भएका पत्रपत्रिका सम्बन्धी तुलनात्मक विवरण**

| आ.व. | दैनिक | अर्ध साप्ताहिक | साप्ताहिक | पाक्षिक | मासिक | द्वैमासिक | त्रैमासिक | चौमासिक | अर्ध वार्षिक | वार्षिक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७६/७७ | ७४२ | ३९ | २९५३ | ४७४ | २३४४ | ३८४ | ६४८ | ३९ | ८७ | ९३ | ७८०३ |
| २०७५/७६ | ७३३ | ३९ | २९४३ | ४७३ | २३३३ | ३८२ | ६४१ | ३८ | ८६ | ९३ | ७७६१ |
| २०७४/७५ | ७०३ | ३७ | २८७५ | ४७० | २२७१ | ३७५ | ६१५ | ३८ | ८७ | ८८ | ७५५९ |
| २०७३/७४ | ६८७ | ३४ | २,८४४ | ४७१ | २,२३९ | ३६७ | ६१३ | ३७ | ८५ | ८८ | ७४६५ |
| २०७२/७३ | ६७२ | ३३ | २७८९ | ४६१ | २२०९ | ३६३ | ६०५ | ३५ | ८२ | ९० | ७३३९ |
| २०७१/७२ | ६२२ | ३२ | २६५७ | ४५१ | २११५ | ३४९ | ५९० | ३१ | ८४ | ८८ | ७०१९ |
| २०७०/७१ | ६१७ | ३३ | २६३६ | ४४७ | २१०० | ३४५ | ५८६ | ३१ | ८२ | ८८ | ६९६५ |
| २०६९/७० | ५८२ | ३३ | २५३६ | ४३२ | २०१४ | ३३७ | ५६४ | ३१ | ७८ | ८३ | ६६९० |
| २०६८/६९ | ५२४ | ३५ | २४०४ | ४४१ | १८८९ | ३२७ | ५४० | ३५ | ७१ | ७९ | ६३४५ |
| २०६७/६८ | ५०४ | ३५ | २३६६ | ४३२ | १८४६ | ३२५ | ५२९ | ३५ | ७० | ७९ | ६२२१ |

स्रोत: सूचना विभाग

## ५.३ हुलाक सेवा

नेपालमा उच्च गुणस्तरको हुलाक सेवा पुऱ्याउने सोचका साथ हुलाकले राष्ट्रिय र अन्तर्राष्ट्रिय डाँक सेवाको साथै छिटो, छरितो, सरल, सुलभ र आधुनिक तरिकाले नेपालको कुनाकाप्चासम्म अतिरिक्त डाँक सेवा र बचत बैंक सेवा पुऱ्याउने जिम्मेवारी वहन गर्दै आएको छ । आ.व. २०७६/७७ को हुलाक सेवा सम्बन्धी विवरण तालिका ५.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.४: हुलाक कार्यालय, धनादेश सेवा तथा वचत वैंकहरूको स्थिति, २०७६/७७**

| क्षेत्र | गोश्वारा हुलाक | क्षेत्रीय हुलाक | जिल्ला हुलाक | ईलाका हुलाक | अतिरिक्त हुलाक | जम्मा हुलाक | धनादेश | वचत बैंक |
|---|---|---|---|---|---|---|---|---|
| नेपाल | १ | ४ | ७० | ८४९ | ३०७३ | ३९९७ | ७९ | ६५ |
| प्रदेश १ | – | १ | १३ | १७४ | ५२३ | ७११ | १६ | १५ |
| मधेश प्रदेश | – | – | ८ | १०८ | ५९८ | ७१४ | ८ | १० |
| बागमती प्रदेश | १ | – | १२ | १४२ | ५२४ | ६७९ | १३ | १३ |
| गण्डकी प्रदेश | – | १ | ९ | १०८ | ३६५ | ४८३ | ११ | १ |
| लुम्बिनी प्रदेश | – | – | ११ | १३५ | ४७९ | ६२५ | ११ | १२ |
| कर्णाली प्रदेश | – | १ | ९ | ८२ | २७६ | ३६८ | १० | ४ |
| सुदूरपश्चिम प्रदेश | – | १ | ८ | १०० | ३०८ | ४१७ | १० | १० |

स्रोत: हुलाक सेवा विभाग ।

आ.व. २०७६/७७ मा विभिन्न हुलाकको जम्मा संख्या ३९९७ रहेको पाईन्छ जसमध्ये एक गोश्वारा हुलाक, चार क्षेत्रिय हुलाक, ७० जिल्ला हुलाक, ८४९ इलाका हुलाक, र ३०७३ अतिरिक्त हुलाक कार्यालय रहेको पाइन्छ। प्रदेशगत रुपमा हेर्दा तीनवटा प्रदेशहरूमा हुलाक कार्यालयहरूको वितरण लगभग बराबर रहेको छ जहाँ मधेश प्रदेशमा (१७.९%), प्रदेश नं. १ मा (१७.८%), र बागमती प्रदेशमा (१७%) हुलाक कार्यालयहरू रहेका छन् । सबैभन्दा कम कर्णाली प्रदेशमा ३६८ वटा (९.२%) मात्रै हुलाक कार्यालय रहेको छ।

त्यस्तै अति सुरक्षित एवंम लोकप्रिय वित्तिय सेवा प्रदान गर्ने धनादेशको संख्या आ.व. २०७६/७७ मा ७९ रहेको देखिन्छ भने वचत बैंकको संख्या ६५ रहेको देखिन्छ। धनादेशको संख्या सबैभन्दा बढी प्रदेश १ मा १६ वटा रहेको छ भने मधेश प्रदेशमा सबैभन्दा कम जम्मा ८ वटा मात्रै रहेको छ र अन्य प्रदेशहरूमा धनादेशको संख्या लगभग बराबर रहेको छ। त्यसैगरी वचत बैंकको संख्या बागमती प्रदेशमा मात्रै १ वटा रहेको छ भने प्रदेश नं. १ मा सबैभन्दा बढी १५ वटा रहेको छ। हुलाक सेवा सम्बन्धी तुलनात्मक विवरण ५.५ मा प्रस्तुत गरिएको छ।

**तालिका ५.५: हुलाक सेवा सम्बन्धी तुलनात्मक विवरण**

| आ.व. | गोश्वारा हुलाक | क्षेत्रीय हुलाक | जिल्ला हुलाक | ईलाका हुलाक | अतिरिक्त हुलाक | जम्मा हुलाक | धनादेश | बचत बैंक |
|---|---|---|---|---|---|---|---|---|
| २०७६/७७ | १ | ४ | ७० | ८४९ | ३०७३ | ३९९७ | ७९ | ६५ |
| २०७५/७६ | १ | ४ | ७० | ८४९ | ३०७३ | ३९९७ | ७५ | ६८ |
| २०७४/७५ | १ | ४ | ७० | ८४२ | ३०७४ | ३९९१ | ७५ | ६८ |
| २०७३/७४ | १ | ५ | ७३ | ८३९ | ३०७५ | ३९१४ | - | ६८ |
| २०७२/७३ | १ | ५ | ७० | ८४२ | ३०७४ | ३९९२ | ५२० | ५२० |
| २०७०/७१ | ६ | ५ | ७० | ८४२ | ३०७४ | ३९९७ | ७८ | ११७ |
| २०६९/७० | १ | ५ | ७० | ८४२ | ३०७४ | ३९९२ | ७८ | ६८ |
| २०६८/६९ | १ | ५ | ७० | ८४२ | ३०७४ | ३९९२ | ७८ | ६८ |
| २०६७/६८ | १ | ५ | ७० | ८४२ | ३०७४ | ३९९२ | ५२० | ६९ |
| २०६६/६७ | १ | ५ | ७० | ८४२ | ३०७४ | ३९९२ | ५२० | ११७ |

स्रोतः हुलाक सेवा विभाग।

# परिच्छेद ६: खेलकुद तथा मनोरञ्जन

## ६.१ खेलकुद

स्वस्थ तथा अनुशासित नागरिक र समाजको सृजना गर्ने प्रमुख आधार खेलकुद हो । नेपालमा खेलकुदको संस्थागत विकासको थालनी भएको करिब पाँच दशक बिति सकेता पनि आवश्यक श्रोत र साधनको अभावले गर्दा पर्याप्त भौतिक पूर्वाधारको विकास नभएको, उचित प्रशिक्षणको अभाव र खेलाडीहरूको वृत्ति विकासको उचित व्यवस्था नभएको हुनाले अपेक्षित सफलता प्राप्त गर्न सकिएको छैन । खेलकुदको विकासको लागि आवश्यक पूर्वाधार तयार गर्न केही स्थानमा नव निर्माण तथा केही स्थानमा मर्मत सम्भार र विस्तारको कार्य भएको देखिन्छ । सबै प्रदेशमा कम्तीमा एउटा सुविधा सम्पन्न रङ्गशाला, कभर्डहल, खेलग्राम, क्रिकेट मैदान निर्माण गर्ने सरकारको प्रमुख कार्यक्रममध्ये एक रहेको छ । भौतिक पूर्वाधारको विकास, खेलाडीहरूलाई उचित प्रशिक्षण र खेलाडीहरूको उचित वृत्ति विकासको व्यवस्था भएमा राष्ट्रको प्रतिष्ठा र गरिमा वढाउन खेलकुद जगतले योगदान पु-याउन सक्ने देखिन्छ । आ.व. २०७६/७७ को खेलकुद सम्बन्धी विवरण तालिका ६.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.१: खेलकुद, २०७६/७७**

| क्षेत्र | कभर्डहल | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | टेबल टेनिस | भलिबल | ब्याड मिण्टन | बहूउद्देश्यीय कभर्डहल | सेमी कभर्डहल | भारोत्तोलन | स्टेडियम | सुटिङ्ग रेन्ज | स्वीमिङ्गपुल | फुटबल फिल्ड |
| नेपाल | ३२ | ११ | १२ | १० | १८ | ४ | १५ | २ | ३ | २२ |
| प्रदेश १ | १२ | २ | ४ | – | ३ | – | ४ | – | – | ५ |
| मधेश प्रदेश | १ | – | ३ | २ | – | – | ३ | – | – | २ |
| बागमती प्रदेश | ६ | – | – | ३ | ४ | १ | ३ | १ | २ | ४ |
| गण्डकी प्रदेश | ४ | २ | ३ | १ | ४ | – | १ | – | – | ४ |
| लुम्बिनी प्रदेश | ३ | ३ | २ | १ | ४ | २ | ३ | १ | १ | ४ |
| कर्णाली प्रदेश | ३ | २ | – | – | २ | १ | – | – | – | – |
| सुदूरपश्चिम प्रदेश | ३ | २ | – | ३ | १ | – | १ | – | – | ३ |

स्रोतः राष्ट्रिय खेलकुद परिषद् ।

नेपालमा आ.व. २०७६/७७ मा कुल टेवल टेनिस ३२, भलिवल ११, व्याण्ड मिण्टन १२, बहुउद्देश्यीय कभर्डहल १०, सेमीकभर्डहल १८, भारोत्तोलन ४, स्टेडियम १५, सुटिङ्ग रेन्ज २, स्वीमिङ्गपुल ३ र फूटबल फिल्ड २२ रहेको छ । गत आ.व.को तुलनामा यस आ.व. मा बहू उद्देश्यीय कभर्डहल र फूटबलमा उल्लेखनिय भौतिक विकास भएको देखिन्छ । प्रदेश अनुसारको विवरण हेर्दा टेवल टेनिस सबै प्रदेशमा, भलिवल मधेश प्रदेश र बागमती प्रदेशमा बाहेक बाँकी सबै प्रदेशमा रहेको पाईन्छ । व्याडमिण्टन प्रदेश नं. १, मधेश प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशमा, बहू उद्देश्यीय

कभर्डहल प्रदेश नं. १ बाहेक सबै प्रदेशमा, सेमीकभर्डहल मधेश प्रदेश बाहेक सबै प्रदेशमा, भारोत्तोलन बागमती प्रदेश, लुम्बिनी प्रदेश, र कर्णाली प्रदेशमा, स्टेडियम कर्णाली प्रदेश बाहेक सबै प्रदेशमा, सुटिङ्गरेन्ज बागमती प्रदेश, र लुम्बिनी प्रदेशमा मात्रै, स्वीमिङ्गपुल बागमती प्रदेश, र लुम्बिनी प्रदेशमा मात्रै र फूटवल फिल्ड कर्णाली प्रदेश बाहेक सबै प्रदेशमा रहेको छ ।

## ६.२ चलचित्र

मानवीय जीवनमा अत्यावश्यक रहेको मनोरञ्जनका निमित्त विविध प्रकारका मनोरञ्जनका साधनहरूले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । मनोरञ्जनका आधुनिक साधनहरू उपलब्ध नभएका स्थानहरूमा व्यक्ति तथा समुदायहरूले खेलकुदमा सरिक भएर, गीत गाएर, बाँसुरी वजाएर, रोधी नाचेर अर्थात नाच गान गरेर पनि मनोरञ्जन गर्ने गर्दछन् । नेपाल वहुसुचक सर्वेक्षण २०७६ बाट प्राप्त विवरण अनुसार नेपालमा २३.४% घरपरिवारमा रेडियो र ५५.८% घरपरिवारमा टेलिभिजन प्रयोग गर्ने गरेको पाईन्छ । मनोरञ्जनका आधुनिक साधनहरू रेडियो, टेलिभिजन, चलचित्र, खेलकुद आदि मध्ये नेपालमा सामान्यतया वहुसंख्यक मानिसहरूले चलचित्रलाई मनोरञ्जनको साधनको रुपमा बढी रुचाएको पाईन्छ । नेपाल सरकार संचार मन्त्रालयले निर्धारण गरेको नीति निर्देशनमा रही आवश्यक भौतिक सुविधा तथा शर्तहरू पुरा गर्नेलाई चलचित्र प्रदर्शन गर्ने स्वीकृति (लाइसेन्स) प्रदान गरिन्छ । तालिका ६.२ मा चत्रचित्र हल सम्बन्धी तुलनातमक विवरण प्रस्तुत गरिएको छ जसअनुसार चलचित्र हल र हाईभिजन हलको संख्या क्रमशः घट्दै गईरहेको देखिन्छ ।

**तालिका ६.२ः चलचित्र हल सम्बन्धी तुलनात्मक विवरण**

| आ.व. | चलचित्र हल | | हाईभिजन हल | |
|---|---|---|---|---|
| | संख्या | सिट क्षमता | संख्या | सिट क्षमता |
| २०७७/७८ | १८२ | ६२३९४ | २ | १८१ |
| २०७६/७७ | १९६ | ६६९०३ | ६ | ९५१ |
| २०७५/७६ | १७९ | ६६००३ | ८ | १२०१ |
| २०७४/७५ | २२९ | ६९६१९ | ९ | १४०१ |

स्रोतः चलचित्र विकास वोर्ड ।

# परिच्छेद ७: सवारी दुर्घटना

सामान्यतया सवारी चालकले सवारी साधनलाई नियन्त्रण गर्न नसकि सडकमा घट्न जाने घटना नै सवारी दुर्घटना हो । विशेष गरी चालक तथा उसको सहयोगीको दुरदर्शिताको अभाव, सतर्कताको अभाव तथा सच्चरित्रताको अभाव, सवारी नियमको पालनाको अभाव, सडक तथा सवारी साधनको अवस्थाबाट पनि सवारी दुर्घटना हुनसक्छ । नेपालमा पनि वर्षेनी त्यस्ता सवारी दुर्घटना भई जनधनको क्षति हुंदै आएको छ । बढ्दो सवारी दुर्घटनालाई नियन्त्रण गर्नु चुनौतीका रुपमा रहेको छ । आ.व. २०७७/७८ को सवारी दुर्घटना सम्बन्धी विवरण तालिका ७.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७.१: सवारी दुर्घटनाबाट मानवीय क्षतीको विवरण, २०७७/७८**

| क्षेत्र | गम्भिर घाईते | साधारण घाईते | जम्मा घाईते | मृतक संख्या |
|---|---|---|---|---|
| नेपाल | ६४४८ | १८६०० | २५०४८ | २५०० |
| प्रदेश १ | १०८४ | ३७९३ | ४८७७ | ४४३ |
| मधेश प्रदेश | १९३० | ४०७४ | ६००४ | ५२३ |
| बागमती प्रदेश (का.उ. बाहेक) | १०२४ | १८२४ | २८४८ | ३३५ |
| काठमांडौ उपत्यका | २२६ | ७०९५ | ७३२१ | १६७ |
| गण्डकी प्रदेश | ३४४ | २४६ | ५९० | २२१ |
| लुम्बिनी प्रदेश | १०८४ | ७४० | १८२४ | ५२६ |
| कर्णाली प्रदेश | १६९ | ३१९ | ४८८ | ९८ |
| सुदूरपश्चिम प्रदेश | ५८७ | ५०९ | १०९६ | १८७ |

स्रोतः प्रहरी प्रधान कार्यालय, कार्य विभाग, ट्राफिक निर्देशनालय, नक्साल ।

आ.व. २०७७/७८ सवारी दुर्घटनामा परि २५०४८ जना घाईते (२५.७% गम्भिर, ७४.३% साधारण घाईते) भएको र सो मा परी मृत्यु हुनेको संख्या २५०० जना देखिन्छ । सवारी दुर्घटनाको क्षेत्रगत विश्लेषण गर्ने हो भने सबैभन्दा बढी घाईते हुनेमा काठमांडौ उपत्यकामा २९.२%, त्यसपछि मधेश प्रदेशमा २४.०% , प्रदेश नं. १ मा १९.५% र बागमती प्रदेशमा (११.४%) हुने गरेको छ । सवारी दुर्घटनामा परि घाईते हुनेमा अन्य प्रदेशहरूमा १०.०% भन्दा कम रहेको पाईएको छ । त्यस्तै सवारी दुर्घटनामा परि मृत्यु हुनेमा सबैभन्दा बढी लुम्बिनी प्रदेशमा २१.०% र मधेशमा २०.९% र सबैभन्दा कम कर्णाली प्रदेशमा पाईएको छ । सवारी साधन दुर्घटना सम्बन्धी तुलनातमक विवरण तालिका ७.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७.२: सवारी दुर्घटना सम्बन्धी तुलनात्मक विवरण**

| आ.व. | गम्भिर घाईते | साधारण घाईते | जम्मा घाईते | मृतक संख्या | सवारी क्षति संख्या |
|---|---|---|---|---|---|
| २०७७/७८ | ६४४८ | १८६०० | २५०४८ | २५०० | ३३१३५ |
| २०७६/७७ | ४६१७ | ११२२५ | १५८४२ | २२५५ | १५४८४ |
| २०७५/७६ | ४३७६ | १०३६० | १४७३६ | २७८९ | १३७११ |
| २०७४/७५ | ४१४४ | ८२४७ | १२३९१ | २५४१ | ९७१८ |

स्रोतः प्रहरी प्रधान कार्यालय, कार्य विभाग, ट्राफिक निर्देशनालय, नक्साल ।

तालिका ७.३ मा नेपालको बिभिन्न ठाँउमा भएको सवारी साधन चोरीको विवरण प्रस्तुत गरिएको छ । २०७७/७८ आ.व. मा ६२२ वटा सवारी साधन चोरी भएको थियो जसमध्ये सबैभन्दा बढी सवारी साधनको चोरी काठमांडौ उपत्यकामा ४२५ (६८.३%) भएको देखिन्छ ।

**तालिका ७.३: बिभिन्न ठाँउमा भएको सवारी साधन चोरी विवरण, २०७७/७८**

| क्षेत्र | चोरी भएको सवारी साधन |
|---|---:|
| प्रदेश १ | १३ |
| मधेश प्रदेश | ९१ |
| बागमती प्रदेश (का.उ. बाहेक) | २१ |
| काठमांडौ उपत्यका | ४२५ |
| गण्डकी प्रदेश | १ |
| लुम्बिनी प्रदेश | ९ |
| कर्णाली प्रदेश | १ |
| सुदूरपश्चिम प्रदेश | ६१ |
| **जम्मा** | **६२२** |

स्रोतः प्रहरी प्रधान कार्यालय, कार्य विभाग, ट्राफिक निर्देशनालय, नक्साल ।

तालिका ७.४ मा नेपालको बिभिन्न ठाँउमा भएको सवारी साधन चोरीको तुलनातमक विवरण प्रस्तुत गरिएको छ । जहाँ विगतका वर्षहरूको तुलनामा हाल सवारी साधनको चोरी प्रवृति बढ्दै गएको देखिन्छ । गत वर्षको तुलनामा आ.व २०७७/७८ मा सवारी साधनको चोरी १५.६% ले बढेको देखिन्छ ।

**तालिका ७.४: सवारी साधन चोरी सम्बन्धी तुलनात्मक विवरण**

| आ.व. | पकाउ संख्या | धनीलाई जिम्मा दिईएको संख्या | कार्यालयमा रहेको संख्या | भन्सारमा बुझाईको संख्या |
|---|---:|---:|---:|---:|
| २०७७/७८ | ६२२ | ४१३ | ८० | १९९ |
| २०७६/७७ | ५३८ | ३८९ | ११५ | ७४ |
| २०७५/७६ | ५०४ | ३६५ | ६२ | ७७ |
| २०७४/७५ | ४६८ | ३१२ | १०६ | ५० |

स्रोतः प्रहरी प्रधान कार्यालय, कार्य विभाग, ट्राफिक निर्देशनालय, नक्साल ।

# परिच्छेद ८: अपराध

समाजमा घट्ने विभिन्न अपराधिक क्रियाकलापले समाजमा नकरात्मक प्रभाव पारेको हुन्छ । अपराधलाई सामाजिक विकृतिको रुपमा पनि लिन सकिन्छ । सामाजिक विकासको एउटा रोगको रुपमा रहेको अपराध तथा सो सम्बन्धी गतिविधिहरूको विश्लेषण गरी सो बाट सुरक्षित रहनको लागि आवश्यक पर्ने ऐन, नियम, नीति योजना तर्जुमा र कार्यान्वयन हुनुपर्ने आवश्यकता देखिन्छ । आ.व. २०७७/७८ सम्मको अपराध सम्बन्धी विवरण तालिका ८.१ मा दिइएको छ ।

**तालिका ८.१: अपराध तथ्याङ्क, २०७७/७८**

| सि. न. | मुद्दाको प्रकृति | के.अ. ब्युरो | काठमांडौ उपत्यका | प्रदेश १ | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश | जम्मा मुद्दा दर्ता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ज्यान सम्बन्धी | ० | ९७४ | १५४३ | १२९१ | १०५६ | ७४७ | १३८५ | ४२० | ६४३ | ८०५९ |
| २ | आत्महत्या | ० | ५५० | १५१६ | ९५५ | १०३२ | ६४३ | १३७८ | ३६२ | ६८१ | ७११७ |
| ३ | चोरी सम्बन्धी | ० | ५७३ | ४३८ | ५६५ | २२० | १२५ | २५६ | ५१ | १५४ | २३८२ |
| ४ | संगठित तथा आर्थिक अपराधसम्बन्धी | ५ | ७५३ | ९१७ | ९७७ | ४०७ | ५३३ | ५४७ | १३४ | ३७९ | ४६५२ |
| ५ | सामाजिक अपराध | ० | १६५५ | १३४७ | १९८७ | ७४४ | ५८७ | ९६२ | २५६ | ६३० | ८१६८ |
| ६ | महिला तथा बालबालिकासम्बन्धी | ० | ४०१ | १०६२ | ६९२ | ५४५ | ४०४ | ७९२ | ३२६ | ४८३ | ४७०५ |
| ७ | सवारीसम्बन्धी | ० | १७८ | ४२९ | ४९५ | २८१ | १६५ | ४३३ | ६७ | १३० | २१७८ |
| ८ | विविध | ३६ | २११० | १३० | २३१ | ५७ | १४० | ८० | १४ | ३८ | २८३६ |
| ९ | अन्य | ० | १ | ० | ८ | १ | ७ | २ | १ | ३ | २३ |
| | जम्मा | ४१ | ७१९५ | ७३८२ | ७२०१ | ४३४३ | ३३५१ | ५८३५ | १६३१ | ३१४१ | ४०१२० |

स्रोतः प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, अभिलेख तथा विश्लेषण शाखा ।

आ.व. २०७७/७८ मा कुल ४०१२० अपराधिक घटनाहरू रेकड भएको थियो जुन गत वर्षको तुलनामा २१% ले घटेको देखिन्छ । अपराधका विभिन्न शिर्षक अनुसार हेर्ने हो भने कुल अपराधको सबैभन्दा बढी सामाजिक अपराध ( २०.४%) र ज्यान सम्बन्धी (२०.१%) भएको देखिन्छ । सामाजिक अपराधहरूमा नागरिकता सम्बन्धी, कुटपिट अंगभंग, राज्य विरुद्धको अपराध, धर्म परिवर्तन, आवश्यक वस्तु संरक्षण ऐन उल्लंघन, आवश्यक सेवा संचालन ऐन उल्लंघन, जातीय भेदभाव तथा छुवाछूत र केही सार्वजनिक अपराध पर्दछन् । यसै गरी क्रमशः बढी अपराध- आत्महत्या १७.७%, महिला तथा बालबालिका सम्बन्धी ११.७%, संगठित तथा आर्थिक अपराध ११.६%, विविध ७.१%, चोरी सम्बन्धी ५.९%, सवारी सम्बन्धी ५.४% रहेको देखिन्छ ।

प्रदेशगत रुपमा तथ्यांक विश्लेषण गर्दा नेपालमा हुने कुल ४०१२० अपराधिक घटनामध्ये सबैभन्दा बढी घटनाहरू प्रदेश १ मा १८.४% (७३८२) भएको देखिन्छ जसमध्ये अधिकतम ज्यान सम्बन्धी (२०.९%) र आत्महत्या (२०.५%) जस्ता अपराध भएको पाईन्छ । त्यसैगरी कुल अपराधिक घटनामध्ये मधेश प्रदेशमा १८.०% (७२०१) अपराध भएको देखिन्छ जसमध्ये अधिकतम सामाजिक अपराध (२७.६%) र ज्यान सम्बन्धी (१७.९%) अपराधको घटना भएको थियो । कुल अपराधिक घटनामध्ये काठमांडौ उपत्यकामा १७.९% (७१९५) अपराध भएको देखिन्छ जसमा एक चौथाई जति अपराध सामाजिक अपराध (२३.०%) हुने गरेको छ ।

लुम्बिनी प्रदेशमा १४.५% (५८३५) अपराध भएको देखिन्छ जसमध्ये बढी ज्यान सम्बन्धी (२३.७%) अपराधको घटना र आत्महत्या (२३.६%) भएको थियो । बागमती प्रदेशमा भएको १४.५% (५८३५) अपराध मध्ये सबैभन्दा बढी ज्यान सम्बन्धी अपराध (२४.३%) र आत्महत्या (२३.८%) भएको पाईन्छ । गण्डकी प्रदेशमा ८.४% अपराधिक घटना मध्ये धेरैजसो ज्यान सम्बन्धी अपराध (२२.३%) र आत्महत्या (१९.२%) भएको पाईन्छ । सुदूरपश्चिम प्रदेशमा ७.८% अपराधिक घटनामध्ये धेरैजसो आत्महत्या (२१.७%) र ज्यान सम्बन्धी अपराधको (२०.५%) घटना भएको छ । कर्णाली प्रदेशमा ४.१% अपराधिक घटना मध्ये धेरैजसो ज्यान सम्बन्धी (२५.८%) र आत्महत्या (२२.२%) भएको थियो । विगतका वर्षको तुलनामा आ.व. २०७७/७८ मा विभिन्न मुद्दामा पकाउ पर्ने अभियुक्त संख्या १३.९% ले घटेको देखिन्छ । आत्महत्याबाट हुने मृत्युको संख्या पनि ४२.७% ले कमी आएको देखिन्छ ।

**तालिका ८.२: बिभिन्न मुद्दामा अभियुक्त पकाउ संख्या तथा आत्महत्या सम्बन्धी मृत्यु संख्या**

| **मुदा प्रकृति** | **अभियुक्त पकाउ संख्या** | | | |
|---|---|---|---|---|
| | २०७७/७८ | २०७६/७७ | २०७५/७६ | २०७४/७५ |
| ज्यान सम्बन्धी | २५०४ | २१६६ | २७९८ | १९३२ |
| चोरी सम्बन्धी | ३३०४ | ३६२४ | ४२६६ | २३५१ |
| संगठित तथा आर्थिक अपराधसम्बन्धी | ९३३२ | ९५३० | १०१५५ | ९१३३ |
| सामाजिक अपराध | १०८८९ | १६३५३ | १६८९४ | २१०१६ |
| महिला तथा बालबालिकासम्बन्धी | ४४९५ | ४००८ | ५१६२ | ३४५३ |
| सवारीसम्बन्धी | १७४५ | १६३३ | २२९० | २०२३ |
| विविध | ७८१ | १०३७ | २५९० | ८५८ |
| **जम्मा** | ३३०५० | ३८३५१ | ४४१५५ | ४०७६६ |
| **मुदा प्रकृति** | **आत्महत्या संख्या** | | | |
| | २०७७/७८ | २०७६/७७ | २०७५/७६ | २०७४/७५ |
| आत्महत्या | ७११७ | १२४११ | ५८५२ | ५३४६ |

स्रोतः प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, अभिलेख तथा विश्लेषण शाखा ।

# परिच्छेद ९: वातावरण तथा विपद

## ९.१ वातावरण

फोहोर मैला व्यवस्थापन (solid waste management) एउटा cross cutting मुद्दा हो जसले दिगो विकासका विभिन्न क्षेत्रहरूमा प्रभाव पार्छ। ठोस फोहोर व्यवस्थापनको रणनीतिले आर्थिक, सामाजिक र पर्यावरणीय प्रभाव पार्छ जसले सरसफाइ, जनस्वास्थ्य, स्वच्छ पानी, स्थलीय पारिस्थितिक प्रणाली, रोजगारीको पहुँच, प्राकृतिक स्रोतको दिगो उपयोग र जीविकोपार्जनलाई असर गर्न सक्छ। नेपाल सरकार ठोस फोहोरको व्यवस्थापनका लागि पूर्ण प्रतिबद्ध रहेको छ । अधिकांश पालिकाहरूमा फोहोर व्यवस्थापनको मुद्दा प्रमुख समस्या भएको छ । नगरपालिकाले फोहोर व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखेको भएता पनि धेरैले अपर्याप्त संसाधन र प्रविधिको कारणले सफलता हात पार्न सकेका छैनन्। तालिका ९.१ मा नगरपालिकाको वार्षिक औषत फोहोर संकलनको विवरण प्रस्तुत गरिएको छ।

**तालिका ९.१: फोहोरको प्रकार अनुसार नगरपालिकाको वार्षिक औषत फोहोर संकलन विवरण**

| फोहोरको प्रकार | आ.व. | महानगरपालिका (मे.ट./वर्ष) | उपमहानगरपालिका (मे.ट./वर्ष) | नगरपालिका (मे.ट./वर्ष) | वार्षिक औषत फोहोर (मे.ट./वर्ष/नगरपालिका) | दैनिक औषत फोहोर (मे.ट./दिन/नगरपालिका*) |
|---|---|---|---|---|---|---|
| जैविक | २०७५/७६ | १०६६९.५ | ४०८८.२ | ८२४.२ | १२०६.१ | ३.३ |
| | २०७४/७५ | १३४७८.० | ३०४४.२ | ९५०.० | १२१४.६ | ३.३ |
| | २०७३/७४ | १२७३४.० | २२६९.८ | ८२९.८ | ११५३.३ | ३.२ |
| अजैविक | २०७५/७६ | ७१००.० | १५२५.९ | ५५१.९ | ७४३.५ | २.० |
| | २०७४/७५ | ९७२५.० | १३३८.७ | ५०४.६ | ६६६.८ | १.८ |
| | २०७३/७४ | ८७८७.० | १००५.७ | ५१८.३ | ६९८.० | १.९ |
| अन्य | २०७५/७६ | ६२००.० | २२९.७ | १७७.५ | २८३.० | ०.८ |
| | २०७४/७५ | ५४४६.० | २१३.५ | १५५.६ | २८३.० | ०.८ |
| | २०७३/७४ | ५१४५.० | २२८.० | १९४.८ | ३७९.६ | १.० |
| जम्मा | २०७५/७६ | २३९६९.५ | ५८४३.७ | १५५३.६ | २२३२.७ | ६.१ |
| | २०७४/७५ | २८६४९.० | ४५९६.३ | १६१०.२ | २१६४.४ | ५.९ |
| | २०७३/७४ | २६६६६.० | ३५०३.५ | १५४३.० | २२३१.० | ६.१ |

स्रोत: Waste Management Baseline Survey, CBS, 2020

*महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका तीनवटाको औषत फोहोरलाई जनाँउछ।

आ.व. २०७५/७६ नेपालमा प्रति दिन एक नगरपालिकाले औषत ६.१ मेट्रिक टन फोहोर संकलन गर्दछ जुन अघिल्लो वर्षको भन्दा थोरै बढी हो। अघिल्लो आ.व. को तुलनामा २०७५/७६ मा महानगरपालिकामा फोहोर संकलन १६.३% ले घटेको छ भने उपमहानगरपालिकामा २७.१% ले बढेको छ तथा नगरपालिकामा ३.५% ले घटेको छ । सबै नगरपालिकामा अजैविक फोहोरको तुलनामा जैविक फोहोर बढी संकलन भएको पाईएको छ।

आ.व. २०७५/७६ मा वार्षिक फोहोर संकलन र उत्पादनको अनुपात महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकामा क्रमशः ०.६, ०.६८, ०.४८ पाईएको छ ।

## ९.२ विपद

अप्रत्यासित रुपले घट्ने प्राकृतिक घटनाहरू तथा दुर्घटनाहरू जसलाई मानिसको प्रयास, स्रोत र साधन आदिले नियन्त्रण गरी घटना हुनवाट रोक्न सकिंदैन, त्यसलाई विपद भनिन्छ । भुकम्प, बाढी पहिरो, आगलागी, महामारी, हुरिवतास, हिमपात र चट्याङ्ग आदि दैवी प्रकोपका विभिन्न रुपहरू हुन । दैवी प्रकोपका कारणले समाजले धेरै धन/जनको क्षति भोग्नु परिरहेको छ ।

### ९.२.१ बाढी पहिरो र डुवान

तालिका ९.२ अनुसार बाढी पहिरो र डुवानको कारणले २०७७ सालमा मुलुकभर ६२० जना मानिसको मृत्यु, १६७ जना हराएको, ४८९ जना घाईते तथा कुल ३५५९ परिवार प्रभावित भएको देखिन्छ ।

**तालिका ९.२: बाढी पहिरो र डुवानबाट भएको क्षति विवरण**

| वर्ष | मानिस | | | प्रभावित परिवार | पशु मृत्यु | अनुमानित क्षति मुल्य (रु.) |
|---|---|---|---|---|---|---|
| | मृत्यु | हराएको | घाइते | | | |
| २०७७ | ६२० | १६७ | ४८९ | ३५५९ | १८८४ | ४४८०१६७२० |
| २०७६ | १५६ | ३८ | १०० | ६१०२ | ० | १४६४९८१२४९ |
| २०७५ | १०५ | ५ | १६३ | १८४५ | ० | १६८३४९९०० |
| २०७४ | २४१ | ५७ | ८८ | १५४५२ | ० | ८७७५६५०० |
| २०७३ | २५७ | ४५ | १८५ | ९२८८ | १९७४ | ८६०१२३२०१ |
| २०७२ | १०४ | १८ | ७२५ | | ६२३ | ३४९१८८०५ |
| २०७१ | २४५ | २६२ | १३२ | ३७००५ | ४५०७ | १४९४१२७९९१७ |
| २०७० | २१० | १५५ | ५८ | १०६५ | २५७ | १५५७६८४२४८ |
| २०६९ | १२० | ४७ | ४५ | २३६ | १२४ | ५२९७३५०० |
| २०६८ | २३९ | ११७ | १०० | ४३२ | ७६ | ५५७८३१३०० |

स्रोतः गृह मन्त्रालय, राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्र ।

२०७६ सालको तुलनामा २०७७ सालमा मृत्यु हुने मानिसको संख्या झन्डै तेब्बर (२९७.४%) ले वृद्धि भएको देखिन्छ भने हराएको संख्यामा ३३९.५% ले वृद्धि भएको देखिन्छ । त्यसैगरी घाइतेको संख्यामा ३८९% ले वृद्धि भएको देखिन्छ तथापि बाढी पहिरो र डुवानबाट प्रभावित परिवारको संख्यामा ४१.७% ले कमी आएको देखिन्छ । २०७७ सालमा १८८४ पशुको मृत्यु भएको देखिन्छ । २०७६ सालको तुलनामा २०७७ सालमा बाढी पहिरो र डुवानबाट भएको अनुमानित आर्थिक क्षतिमा ६९.४% ले कमी आएको छ ।

## ९.२.२ आगलागी

तालिका ९.३ अनुसार आगलागीबाट २०७७ सालमा मुलुकभर १४६ जना मानिसको मृत्य, ६२३ जना घाईते तथा कुल ५२८१ परिवार प्रभावित भएको देखिन्छ।

**तालिका ९.३: आगलागीबाट भएको क्षतिको तुलनात्मक विवरण**

| वर्ष | मानिस | | प्रभावित परिवार | पशु मृत्यु | क्षति भएको घर गोठ | अनुमानित क्षति मुल्य (रु.) |
|---|---|---|---|---|---|---|
| | मृत्यु | घाइते | | | | |
| २०७७ | १४६ | ६२३ | ५२८१ | २०६२ | – | ३३०७९१५९६० |
| २०७६ | ५० | २९४ | २४९५ | – | २४९५ | २७९०१३७६२० |
| २०७५ | ८९ | ३४३ | २७७२ | – | २७७२ | ४०५६३८५८३४ |
| २०७४ | ८५ | २७१ | १७५९ | – | १७५९ | २६०६२७३८६० |
| २०७३ | ५३ | २५६ | ३३११ | ५८९४ | – | २०५२१८८६०५ |
| २०७२ | ८६ | २११ | १११० | ७३५ | – | १०४३८८९२५३ |
| २०७१ | ६९ | ६५ | १७१ | ६६२ | १४६६ | १६८२६४६२३० |
| २०७० | ५९ | १२४ | ४२३ | ४५२ | १९९१ | १६६२८१६९०० |
| २०६९ | ६४ | १३७ | ३६६२ | १००२ | ५०८४ | १४०७९२८९३९ |
| २०६८ | ७१ | ११४ | १५४ | ४४५ | १६२५ | ८२१२७१६४४ |

स्रोत: गृह मन्त्रालय, राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्र ।

२०७६ सालको तुलनामा २०७७ सालमा मृत्यु हुने मानिसको संख्या झन्डै दोब्बर (१९२%) ले वृद्धि भएको देखिन्छ भने घाइतेको संख्यामा १११.९% ले वृद्धि भएको देखिन्छ। त्यसैगरी आगलागीबाट प्रभावित परिवारको संख्यामा १११.७% ले वृद्धि भएको देखिन्छ। २०७७ सालमा आगलागीका कारणले २०६२ पशुको मृत्यु भएको देखिन्छ। २०७६ सालको तुलनामा २०७७ सालमा बाढी पहिरो र डुवानबाट भएको अनुमानित आर्थिक क्षतिमा १८.६% ले वृद्धि भएको छ।

# परिच्छेद १०: श्रम तथा वैदेशिक रोजगार

नेपालको आर्थिक र सामाजिक परिदृष्यको एक महत्वपूर्ण पाटोको रुपमा श्रम आप्रवासन देखा परेको छ । वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेशण, विदेशमा आर्जित सिप र विश्व परिवेश बुझ्ने अवसर प्राप्त हुनुका अतिरिक्त नेपाली अर्थव्यवस्थामा पुरयाएको साकारात्मक योगदानहरू महत्वपूर्ण छन् । यद्यपि नेपाली श्रमिकले वैदेशिक रोजगारमा जाँदा, प्रस्थानपूर्व, रोजगारीको सिलसिला र फिर्तीको चरणमा विभिन्न चुनौतीहरू सामना गर्नु परेको अवस्था पनि छ । यि पक्षलाई ध्यान दिँदै नेपाल सरकारले वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन विभिन्न प्रयत्नहरू गरिरहेको छ । यस परिच्छेदमा तथ्यमा आधारित नीति निर्माणको महत्वलाई आत्मसात गर्दै श्रम वजार तथा श्रम आप्रवासनको अवस्थाको विस्तृत विश्लेषण प्रस्तुत गरिएको छ ।

## १०.१ श्रमबजारका प्रमुख सुचक

नेपालको विकासको विभिन्न चुनौतीमध्ये एक प्रमुख चुनौती बेरोजगारीको समस्या हो । नेपालको श्रमबजारमा अनौपचारिक आर्थिक कृयाकलापहरू बढी हुन्छन् । औपचारिक क्षेत्रमा रोजगारी नपाएपछि अनौपचारिक क्षेत्रमा सहभागी हुने वा रोजगारीको खोजीमा विदेश पलायन हुने क्रम तीव्र भएको छ । अनौपचारिक क्षेत्रमा बढी जनसंख्या संलग्न हुनुको अर्थ समग्र आर्थिक उत्पादकत्व पनि अनौपचारिक प्रणालीमा आश्रित रहेको देखिन्छ । श्रमबजारका सुचकहरू लिङ्ग अनुसार तालिका १०.१ र प्रदेशअनुसार तालिका १०.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका १०.१: श्रमबजारका प्रमुख सुचकहरू (पुरुष महिला अनुसार)**

| सुचक | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| श्रमशक्ति सहभागिता दर | ५३.८ | २६.३ | ३८.५ |
| रोजगार - जनसंख्या अनुपात | ४८.३ | २२.९ | ३४.२ |
| बेरोजगार दर | १०.३ | १३.१ | ११.४ |

स्रोत: नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७/१८ , केन्द्रीय तथ्यांक विभाग ।

नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७/१८ अनुसार नेपालको श्रमशक्ति सहभागिता दर ३८.५% रहेको छ, अर्थात श्रम गर्न योग्य जनसंख्यामध्ये ३८.५% श्रम बजारमा आउँछन् । पुरुष र महिलाको श्रमशक्तिमा सहभागिता दर क्रमश: ५३.८% र २६.३% रहेको सर्वेक्षणले देखाएको छ ।

यो सर्वेक्षणको अध्ययनबाट के देखिन्छ भने रोजगारीको उपलब्धता समेत लैंगिक विभेद रहेको छ । हाल कुल जनसंख्याको ५१% महिला छन् भने उनीहरूको श्रमशक्ति सहभागितादर केबल २६.३%मात्र छ । जनसंख्याका अनुपातमा महिलाको रोजगारी दर २२.९% मात्र छ, जुन पुरुषका तुलनामा २५.४% कम छ ।

त्यसैगरी कुल बेरोजगारी दर ११.४% देखाएकोमा महिलाको बेरोजगारी दर १३.१% छ भने पुरुषको १०.३% मात्र देखाएको छ । यसले रोजगारीमा महिलाको संलग्नता अझै कमजोर रहेको देखाउँछ ।

**तालिका १०.२: श्रमबजारका प्रमुख सुचकहरू (प्रदेश अनुसार)**

| सुचक | नेपाल | प्रदेश १ | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|---|
| श्रमशक्ति सहभागिता दर | ३८.५ | ३७.८ | ३९.७ | ४७.१ | ३५.७ | ३७.३ | २७.५ | २७.३ |
| रोजगार - जनसंख्या अनुपात | ३४.२ | ३४ | ३१.८ | ४३.८ | ३२.५ | ३३.१ | २४.८ | २४.१ |
| बेरोजगार दर | ११.४ | १०.२ | २०.१ | ७.० | ९.० | ११.२ | ९.७ | ११.५ |

स्रोत: नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७/१८ , केन्द्रीय तथ्यांक विभाग ।

प्रदेशअनुसार श्रमबजारका सुचकहरू हेर्ने हो भने श्रमबजारमा सबैभन्दा बढी सहभागिता दर बागमती प्रदेश (४७.१%) को छ भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा (२७.३%) रहेको छ । त्यसैगरी जनसंख्याको अनुपातमा रोजगारी दर पनि सबैभन्दा बढी बागमती प्रदेशमा (४३.८%) छ भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा (२४.१%) रहेको छ । बेरोजगारी दर सबैभन्दा बढी मधेश प्रदेशमा (२०.१%) रहेको छ जुन राष्ट्रिय औषतभन्दा दोब्बर देखिन्छ भने सबैभन्दा कम बेरोजगारी दर बागमती प्रदेशमा (७.०%) रहेको छ ।

## १०.२ वैदेशिक रोजगारका मुख्या गन्तब्य मुलुक

नेपालमा वैदेशिक रोजगार मुख्य रुपमा खाडी समन्वय परिषद (GCC) राष्ट्रहरू र मलेशियामा केन्द्रित रहेको छ । सन् २०१७/१८ मा मलेशिया, कतार, युएइ, साउदी अरब र कुवेत गरी पाँच राष्ट्रले नेपालको कुल श्रम आप्रवासनको ९२% हिस्सा ओगटेकोमा सन् २०१८/१९ मा आउँदा मलेशिया, कतार, युएइ, साउदी अरब र कुवेत ८८% ओगटेको देखिन्छ । यसबाट नेपालको लागि ती श्रम वजारहरूको महत्व, श्रम वजारमा रहेको न्युन विविधता र नेपालको वैदेशिक रोजगार ती गन्तव्य मुलुकहरूको अर्थतन्त्रमा आउन सक्ने जोखिमबाट पूर्णतः प्रभावित छ भन्ने कुरा छर्लङ्ग हुन्छ ।

**तालिका १०.३: नेपालको श्रम आप्रवासनका प्रमुख गन्तब्य देशहरू (%)**

| सि.न. | देश | २०७४/७५ |
|---|---|---|
| १ | मलेसिया | २९.४ |
| २ | कतार | २९.१ |
| ३ | युएइ | १७.० |
| ४ | साउदी अरब | ११.६ |
| ५ | कुवेत | ५.० |
| ६ | बहराइन | १.४ |
| ७ | पोल्यान्ड | १.० |
| ८ | ओमान | ०.९ |
| ९ | टर्की | ०.५ |
| १० | जोर्डन | ०.५ |

| सि.न. | देश | २०७५/७६ |
|---|---|---|
| १ | कतार | ३१.८ |
| २ | युएइ | २६.५ |
| ३ | साउदी अरब | १९.५ |
| ४ | कुवेत | ६.८ |
| ५ | मलेसिया | ४.२ |
| ६ | बहराइन | २.० |
| ७ | ओमान | १.२ |
| ८ | माल्दीभ्स | ०.८ |
| ९ | आफगानिस्तान | ०.८ |
| १० | साइप्रस | ०.७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | अन्य | ३.६ | ११ | अन्य | ५.७ |

स्रोतः नेपाल श्रम आप्रवासन प्रतिवेदन २०२०, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय।

## १०.३ श्रम आप्रवासीहरूको पेशागत वर्गिकरण (महिला र पुरुषको आधारमा)

तालिका १०.४ ले उच्च %मा पुरुष तथा महिला श्रमिकहरू सामान्य पेशा (Elementary occupation) मा काम गर्न विदेश गएको देखाउँछ । महिला श्रमिकहरू विशेषगरी सरसफाई, आतिथ्य, हेरचाह तथा स्याहारसुसार जस्ता क्षेत्रहरूमा केन्द्रित भएको पाइयो । यसबाट महिलाको तुलनामा पुरुषको पेशामा बढी विविधता रहेको देखिन्छ । व्यवसायिक तथा व्यवस्थापकीय पेशामा वैदेशिक रोजगारमा जाने महिला र पुरुष दुवैको संख्या न्यून रहेको छ।

**तालिका १०.४: श्रम आप्रवासीहरूको पेशागत वर्गिकरण (%), २०७५/७६**

| सि.न. | पेशा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | कृषि, माछापालन, कुखुरापालन, पशु तथा माली | ०.३ | ०.० | ०.२ |
| २ | उडयन तथा कुज | ०.५ | ०.९ | ०.५ |
| ३ | निर्माण | १०.२ | ०.० | ९.३ |
| ४ | सवारी चालक तथा मेशिन अपरेटर | ७.६ | १.३ | ७.१ |
| ५ | इलेक्ट्रिकल र मेकानिकल टेक्निसियन | ५.३ | ०.० | ४.९ |
| ६ | सामान्य वा प्राथमिक पेशा | ५५.० | ५३.० | ५४.८ |
| ७ | उत्पादन | २.० | ३.५ | २.१ |
| ८ | कार्यालय प्रशासनिक र सहयोगी पेशेवर | १.२ | ३.१ | १.३ |
| ९ | अन्य | ०.४ | ०.४ | ०.४ |
| १० | व्यवसायिक र प्रवन्धकहरू | ०.५ | ०.८ | ०.५ |
| ११ | सेवा र विकी | १६.२ | ३६.३ | १८.० |
| १२ | सुपरभाइजर र फोरम्यान | ०.९ | ०.६ | ०.९ |
| जम्मा | | १००.० | १००.० | १००.० |

स्रोतः नेपाल श्रम आप्रवासन प्रतिवेदन २०२०, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय।

तालिका १०.५ मा प्रमुख गन्तब्य मुलुकहरूमा नेपाली श्रमिकहरूको पेशा विश्लेषण गर्दा उल्लेख्य संख्यामा सामान्य पेशामा नै संलग्न भएको पाइन्छ। युएइमा सामान्य पेशा मुख्यतः सरसफाई, कतारमा सामान्य पेशा, निर्माण र सवारी चालक र मलेशियामा उत्पादनमुलक क्षेत्र, सेवा र बिकि मुख्यतः सुरक्षा गार्ड, जस्ता क्षेत्रमा नेपाली श्रमिकहरू बढी संख्यामा संलग्न भएको पाईन्छ।

**तालिका १०.५: श्रम आप्रवासीहरूको पेशागत वर्गिकरण (गन्तब्य मुलुकको आधारमा) (%), २०७५/७६**

| सि.न. | पेशा | कुवेत | मलेशिया | कतार | साउदी अरब | युएइ | अन्य |
|---|---|---|---|---|---|---|---|
| १ | कृषि, माछापालन, कुखुरापालन, पशु तथा माली | ०.० | ०.० | ०.० | ०.३ | ०.३ | ०.८ |
| २ | उडयन तथा कुज | ०.४ | ०.१ | ०.४ | ०.० | ०.८ | १.२ |
| ३ | निर्माण | ११.९ | ०.२ | १४.८ | ४.९ | ८.९ | ४.० |
| ४ | सवारी चालक तथा मेशिन अपरेटर | ६.५ | ८.९ | ८.३ | १२.८ | २.४ | ४.३ |
| ५ | इलेक्ट्रिकल र मेकानिकल टेक्निसियन | ५.८ | ०.१ | ८.० | ४.३ | ३.२ | २.१ |
| ६ | सामान्य वा प्राथमिक पेशा | ५२.४ | २४.० | ५६.८ | ६६.७ | ५८.७ | ३१.९ |
| ७ | उत्पादन | ०.५ | ३४.९ | ०.० | ०.९ | ०.४ | ३.१ |
| ८ | कार्यालय प्रशासनिक र सहयोगी पेशेवर | ०.६ | ०.१ | १.६ | ०.२ | २.२ | १.५ |
| ९ | अन्य | ०.९ | ०.२ | ०.२ | ०.६ | ०.३ | १.१ |
| १० | व्यवसायिक र प्रवन्धकहरू | ०.१ | ०.१ | ०.३ | ०.१ | ०.२ | ३.० |
| ११ | सेवा र विक्री | २०.५ | ३१.२ | ७.९ | ९.० | २२.३ | ४५.६ |
| १२ | सुपरभाइजर र फोरम्यान | ०.३ | ०.१ | १.८ | ०.१ | ०.३ | १.३ |
| जम्मा | | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० |

स्रोत: नेपाल श्रम आप्रवासन प्रतिवेदन २०२०, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय।

## १०.४ श्रम आप्रवासीको मृत्युको संख्या तथा कारण

मृत्युको कारण विश्लेषण गर्दा सबभन्दा बढी श्रमिकको मृत्यु क्रमशः प्राकृतिक कारण, हृदयघात र सडक दुर्घटनाको कारणले भएको देखिन्छ (तालिका १०.६)। त्यसतै आत्महत्या पनि प्रमुख कारण मध्ये पर्दछ। धेरैजसोमा मृत्युको कारण खुलाइएको हुदैन जुन नेपाल सरकारको लागि गम्भिर सरोकारको विषय रहेको छ।

**तालिका १०.६: आर्थिक वर्षको आधारमा श्रम आप्रवासीको मृत्युको कारण र संख्या, २०७५/७६**

| आ.व. | मृत्युका कारणहरू | | | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | हृदयघात (Cardiac arrest) | हृदयघात मुटुरोग (Heart attack) | प्राकृतिक कारण | सडक दुर्घटना | आत्महत्या | कार्यस्थल दुर्घटणा | अन्य कारण | पुरुष | महिला |
| २०७५/७६ | ८६ | ३३ | १३६ | ११५ | १११ | ६२ | २१० | ७३० | २३ |
| २०७४/७५ | ७२ | ११४ | १२६ | १२७ | १३२ | ६७ | १८४ | ८०१ | २१ |
| २०७३/७४ | ६४ | ६४ | २५२ | १२२ | ८९ | ६१ | १०३ | ७३७ | १८ |
| २०७२/७३ | १४८ | ९४ | २४६ | १०३ | १०९ | ८१ | ३२ | ७८९ | २४ |
| २०७१/७२ | २६८ | ९० | २४७ | १२१ | ११३ | ११३ | ५४ | १००० | ६ |
| २०७०/७१ | १९० | ७९ | १३८ | ११२ | ९६ | ७९ | १९४ | ८६४ | २४ |
| २०६९/७० | ११६ | ३२ | १०६ | १०४ | ८१ | २७ | २६१ | ७१६ | ११ |
| २०६८/६९ | १३४ | ३७ | १०२ | १०१ | ६६ | ४१ | १६५ | ६३२ | १४ |
| २०६७/६८ | १०० | ४८ | ११८ | ६० | ६२ | ६१ | १०० | ५४१ | ८ |
| २०६६/६७ | १०६ | १० | ११८ | ६७ | २५ | ४४ | ४८ | ३९९ | १९ |
| २०६५/६६ | २६ | २ | २४ | ८ | ९ | ६ | १५ | ८७ | ३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | १३१० | ६०३ | १६१३ | १०४० | ८९३ | ६४२ | १३६६ | ७२९६ | १७१ |

स्रोतः नेपाल श्रम आप्रवासन प्रतिवेदन २०२०, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय।

मलेशिया र खाडी मुलुकहरूमा भएको आप्रवासी श्रमिकको मृत्युको देशगत विश्लेषण तालिका १०.७ मा प्रस्तुत गरिएको छ। जस अनुसार श्रमिकहरूको मृत्युका प्रमुख तीन कारण मध्ये प्राकृतिक र सडक दुर्घटना साउदी अरबमा र हृदयघात कतारमा भएको देखिन्छ।

**तालिका १०.७: देशगत आधारमा श्रम आप्रवासीका मृत्युको कारण, २०७५/७६**

| देश | मृत्युका कारणहरू | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | हृद्यघात (Cardiac arrest) | हृद्यघात मुटुरोग (Heart attack) | प्राकृतिक कारण | सडक दुर्घटना | आत्महत्या | कार्यस्थल दुर्घटना | अन्य कारण |
| मलेशिया | ३३० | १६९ | २३१ | ११८ | २४० | १८४ | १८४ |
| साउदी अरब | १०५ | ५९ | ५७९ | ४६५ | १०२ | १४० | १४० |
| कतार | ४८९ | ७९ | ११४ | ८८ | ८७ | ११९ | ११९ |
| युएइ | १३६ | ५३ | ९० | ६७ | ७४ | २९ | २९ |
| कुवेत | ७ | ६४ | १४ | ३० | २१ | ५ | ५ |
| ओमान | ४ | २ | १५ | ९ | ९ | ३ | ३ |
| बहराइन | १२ | ३ | ३३ | १३ | ६ | ७ | ७ |

स्रोतः नेपाल श्रम आप्रवासन प्रतिवेदन २०२०, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय।

# परिच्छेद ११: निजामती कर्मचारी

निजामती सेवामा रही कर्मचारी वर्गले जनताको हित र कल्याणको निमित्त महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । यस क्रममा नेपाल सरकारको कार्य संचालनको लागि अर्थात देशको दैनिक प्रशासन सूचारु रुपले संचालन गर्न विभिन्न मन्त्रालय एवं निकायहरू अर्न्तगत साधारण तर्फ प्राविधिक तथा अप्राविधिक निजामती कर्मचारीको पद व्यवस्था गरिएको छ । निजामती कर्मचारीको सेवा अनुसार कार्यरत विवरण तालिका ११.१, ११.२ र ११.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ११.१: सेवा अनुसार कार्यरत निजामती कर्मचारीको संख्या, २०७७**

| सि.न. | सेवा | पुरुष | महिला | जम्मा | पुरुष % | महिला % | सेवागत कर्मचारी (%) |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल आर्थिक योजना तथा तथ्यांक सेवा | ३३८ | ४९ | ३८७ | ८७.३ | १२.७ | ०.४३ |
| २ | नेपाल कृषि सेवा | ३४६९ | ६९४ | ४१६३ | ८३.३ | १६.७ | ४.६३ |
| ३ | नेपाल प्रशासन सेवा | २७२८६ | ५१७१ | ३२४५७ | ८४.१ | १५.९ | ३६.०९ |
| ४ | नेपाल वन सेवा | ४६४१ | ६१३ | ५२५४ | ८८.३ | ११.७ | ५.८४ |
| ५ | नेपाल शिक्षा सेवा | १५५९ | ४१८ | १९७७ | ७८.९ | २१.१ | २.२० |
| ६ | नेपाल स्वास्थ्य सेवा | १३७०९ | १२७५८ | २६४६७ | ५१.८ | ४८.२ | २९.४३ |
| ७ | नेपाल विविध सेवा | २०९३ | १५६९ | ३६६२ | ५७.२ | ४२.८ | ४.०७ |
| ८ | नेपाल ईन्जिनियरिङ्ग सेवा | ८९५१ | १५०६ | १०४५७ | ८५.६ | १४.४ | ११.६३ |
| ९ | नेपाल न्याय सेवा | ३०९८ | ७२३ | ३८२१ | ८१.१ | १८.९ | ४.२५ |
| १० | नेपाल परराष्ट्र सेवा | २२५ | ६३ | २८८ | ७८.१ | २१.९ | ०.३२ |
| ११ | नेपाल लेखा परीक्षण सेवा | ३३३ | ६१ | ३९४ | ८४.५ | १५.५ | ०.४४ |
| १२ | नेपाल संसद सेवा | ४१ | ५ | ४६ | ८९.१ | १०.९ | ०.०५ |
| १३ | व्यवस्थापिका-संसद सेवा | १५४ | ३६ | १९० | ८१.१ | १८.९ | ०.२१ |
| १४ | संवैधानिक पदाधिकारी | ३३५ | २४ | ३५९ | ९३.३ | ६.७ | ०.४० |
| | कुल संख्या | ६६२३२ | २३६९० | ८९९२२ | ७३.७ | २६.३ | १००.०० |

स्रोत: राष्ट्रिय निजामती किताबखाना हरिहरभवन, पुल्चोक ।

नेपालमा २०७७ सालको निजामति कर्मचारीको संख्याको तथ्यांकलाई हेर्दा कुल ८९९२२ जना निजामति कर्मचारी रहेका छन् जसमध्ये करिब तीन चौथाई पुरुष र एक चौथाई महिला निजामती कर्मचारी रहेका छन् । पुरुष निजामति कर्मचारीको वितरण सबै सेवामा (स्वास्थ्य र विविध सेवा बाहेक) ७०% भन्दा बढी रहेको छ भने महिला निजामति कर्मचारी सबैभन्दा धेरै स्वास्थ्य सेवामा र विविध सेवामा संलग्न रहेका छन् । त्यसैगरी कुल निजामति कर्मचारीको सबैभन्दा बढी कर्मचारी प्रशासन सेवामा आबद्य छन् त्यसपछि क्रमश: स्वास्थ्य सेवा र ईन्जिनियरिङ्ग सेवामा संलग्न रहेका छन् ।

**तालिका ११.२ : सेवा अनुसार कार्यरत अप्राविधिक निजामती कर्मचारीको संख्या, २०७७**

| सि.नं. | सेवाको नाम/श्रेणी | अप्राविधिक | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विशिष्ट श्रेणी | रा.प. प्रथम श्रेणी | रा.प. द्वितीय श्रेणी | रा.प. तृतीय श्रेणी | रा.प.अनं. प्रथम श्रेणी | रा.प.अनं. द्वितीय श्रेणी | रा.प.अनं. तृतीय श्रेणी | रा.प.अनं. चतुर्थ श्रेणी | रा.प.अनं. पाँचौ श्रेणी | श्रेणी विहिन |
| १ | नेपाल प्रशासन सेवा | ४४ | २८२ | १२७९ | ३७१७ | ५९५८ | ३६०७ | ६७ | १२ | | १५३५८ |
| २ | नेपाल शिक्षा सेवा | | १ | ३ | | | | | | | |
| ३ | नेपाल विविध सेवा | | | १ | ३६ | ३१० | ९ | ३ | | | २१ |
| ४ | नेपाल न्याय सेवा | ९ | ६४ | ३८७ | ७५७ | ६९२ | १४८ | | | | |
| ५ | नेपाल परराष्ट्र सेवा | १ | १७ | ५१ | १०४ | १२३ | १ | | | | |
| ६ | व्यवस्थापिका-संसद सेवा | २ | १४ | ४८ | ६९ | ९८ | २४ | | | | ४६ |
| | जम्मा | ५६ | ३७८ | १७६९ | ४६८३ | ७१८१ | ३७८९ | ७० | १२ | | १५४२५ |

स्रोतः राष्ट्रिय निजामती किताबखाना हरिहरभवन, पुल्चोक ।

**तालिका ११.३: सेवा अनुसार कार्यरत प्राविधिक निजामती कर्मचारीको संख्या, २०७७**

| सि.न. | सेवाको नाम/श्रेणी | प्राविधिक | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विशिष्ट श्रेणी | रा.प. प्रथम श्रेणी | रा.प. द्वितीय श्रेणी | रा.प. तृतीय श्रेणी | रा.प.अनं. प्रथम श्रेणी | रा.प.अनं. द्वितीय श्रेणी | रा.प.अनं. तृतीय श्रेणी | रा.प.अनं. चतुर्थ श्रेणी | रा.प.अनं. पाँचौ श्रेणी | श्रेणी विहिन |
| १ | नेपाल आर्थिक योजना तथा तथ्यांक सेवा | | ४ | ५७ | १०८ | १०१ | ६२ | | | | |
| २ | नेपाल कृषि सेवा | २ | ४९ | २३५ | ६०८ | ५७४ | १५४ | | १ | | |
| ३ | नेपाल वन सेवा | | २९ | ९३ | १७१ | २०२ | २७९ | ३ | ५० | | ३८०४ |
| ४ | नेपाल शिक्षा सेवा | | २१ | १६५ | ३९८ | ४२० | ५३ | | | | |
| ५ | नेपाल स्वास्थ्य सेवा | २ | १ | | २ | १ | | | | | |
| ६ | नेपाल विविध सेवा | | ४ | ४५ | ३५५ | १६७१ | २१९ | | ५ | | ५७८ |
| ७ | नेपाल ईन्जिनियरिङ्ग सेवा | ५ | १४९ | ५९९ | १८६३ | २७२९ | १३१९ | ९ | | | ३३०१ |
| ८ | नेपाल न्याय सेवा | ३ | २५ | ८५ | ५२४ | १०९४ | १५९९ | | | | २ |
| ९ | नेपाल लेखा परीक्षण सेवा | ४ | १४ | ८६ | २५५ | १३० | १६ | | | | |
| १० | नेपाल संसद सेवा | | | | | | | | | | ३८ |
| ११ | व्यवस्थापिका-संसद सेवा | | | ३ | १५ | ४४ | १ | | | | २० |
| | जम्मा | १६ | २९६ | १३६८ | ४२९९ | ६९६६ | ३७०२ | १२ | ५६ | | ७७४३ |

स्रोतः राष्ट्रिय निजामती किताबखाना हरिहरभवन, पुल्चोक ।